# गोकर्णेश्वर

## इतिहास बदल्ने सुन्ताखानको अभिलेख



गोकर्णेश्वर नगरपालिका, वाग्मती

"आवरण पृष्ठमा भएको झरना, सुन्दरीजलमा रहेको सुन्दरीजल झरना हो भने आवरण पृष्ठमै रहेको अभिलेख, गोकर्णेश्वर नगरपालिका-३ मा प्राप्त अंशुवर्माकालीन अभिलेखको कम्प्यूटरबाट परिमार्जित स्वरूप हो"

# प्रकाशकीय

गोकर्णेश्वर नगरपालिकाले प्रकाशन गर्न लागेको अनुसन्धानात्मक पुस्तिकाका कतिपय सामग्री अन्तिम सत्य वा प्रमाणित तथ्य नहुन सक्छन् । यस नगरपालिकामा बसोबास गरी विभिन्न क्षेत्रमा ख्याति कमाउनु भएका विशिष्ट विज्ञ, अनुसन्धानदाताहरूबाट आउने सकारात्मक सुझाव र सल्लाहलाई नगरपालिका स्वागत गर्न चाहन्छ ।

गोकर्णेश्वर नगरपालिकाभित्रका नौवटा वडाको भूगोल, जनजीवन, साझा मुद्दाहरू, हावापानी, प्राकृतिक स्रोत-साधन र धार्मिक, सांस्कृतिक, ऐतिहासिक पक्षका बारेमा अझै गम्भीर अध्ययन अनुसन्धान होस् भन्ने उद्देश्यले यो पुस्तक प्रकाशन गरिएको हो ।

अहिलेको यथार्थ, हिजोको परम्परा, कला-संस्कृति, धार्मिक तथा पर्यटकीय स्थानहरूको पहिचान जस्ता विषय हामी सबैको चासोको विषय हो । कामको प्राथमिकीकरणका आधारमा अनुसन्धान गरी आगामी योजना तर्जुमा गर्न सकियो र विकासमा त्यस्ता धरोहरलाई जोड्न सकियो भने गोकर्णेश्वर नगरपालिकाको आर्थिक समृद्धि कमजोर हुने छैन भन्ने हाम्रो विश्वास छ ।

प्रख्यात वागद्वार, गोकर्णेश्वर महादेव मन्दिर, प्राकृतिक सुन्दरताको अनुपम उपहार सुन्दरीजल, तारेभीर, सुन्ताखानमा भेटिएको अंशुवर्माकालीन शिलालेख, जोरपाटी चोकमै रहेका पाटी, धापमा निर्माण सम्पन्न हुन लागेको ताल, दुई किलोमिटर लामो नागमतीको बाँध, देशेगाउँ, गोकर्णेश्वर नगरपालिकाको पहिचान र सम्भावनासमेत हुन् ।

त्यस्तै, शिवपुरी राष्ट्रिय निकुञ्जको वनजंगल पूर्णरूपमा संरक्षण गरिएकाले नगरपालिकाको वडा नम्बर १ स्थित सुन्दरीजलमा करिव सय मिटर उचाइको झरना, ३१८ किसिमका चरा र १०२ किसिमका पुतली छन् । यो निकुञ्ज दुर्लभ ध्वाँसे चितुवा, भालु, चितुवा, रतुवा, बँदेल, जंगली बिरालो, लंगुर लगायत विभिन्न जंगली जनावरहरूको आश्रयस्थल भएकाले पनि प्रकृतिप्रेमी पर्यटकहरूका लागि यो ठाउँ प्रिय हुन सक्छ ।

वाग्मती प्रश्रवण क्षेत्रका तीर्थस्थलमध्ये गोकर्णेश्वर महादेवको मन्दिर सबैभन्दा प्राचीन रहेको जनविश्वास छ । सबैभन्दा प्राचीन ग्रन्थ वेदमा समेत गोकर्णेश्वर महादेवको उल्लेख रहेकाले यसको पौराणिकता अनुमान गर्न आवश्यक नै पर्दैन ।

गोकर्णेश्वर नगरपालिका प्राकृतिक र धार्मिक हिसाबले पनि पर्यटनको राम्रो सम्भावना बोकेको ठाउँ हो । यसर्थ, हाम्रो प्रयास भौतिक विकासमा मात्र केन्द्रित रहने छैन, जनचेतनाको विकास र जनताको समृद्धिप्रति पनि हाम्रो त्यत्तिकै रूचि छ । वृतान्त मिडिया, खोज अनुसन्धानमा संलग्न परशु घिमिरे र संजिव अधिकारी लगायत टिमलाई विशेष धन्यवाद दिन चाहन्छु । यस कार्यक्रमलाई सहयोग गर्ने नगपालिकाका जनप्रतिनिधि, नगरपालिकाका सल्लाहकार दिपक रिसाल, प्रमुख प्रशासकिय अधिकृत रामप्रसाद आचार्य, योजना अधिकृत टंकप्रसाद घिमिरे लगायतलाई हार्दिक धन्यवाद दिन्छु ।

**सन्तोष चालिसे**
नगर प्रमुख
गोकर्णेश्वर नगरपालिका

२०७७/१०/०१

# विषय सूची

**नेपालको इतिहास बदल्ने सुन्ताखानको अभिलेख** ..... १
- के लेखिएको छ त अभिलेखमा ? ..... ३
- कैलाशकूट भवन गोकर्णमा नै थियो भन्ने आधारहरू ..... ५

**गोकर्णेश्वर : वाग्मती सभ्यताको शुरूआत** ..... ११
- पृष्ठभूमि ..... ११
- बृहत् वाग्मती सभ्यताको आधार ..... १२
- स्वयम्भू महापुराणमा के छ ? ..... १२
- काठमाडौं खाल्डोको प्रारम्भ विन्दु ..... १४
- वाग्मती धाप परियोजना ..... १६
- नागमती बाँध परियोजना ..... १७
- नौका विहार, बुद्ध र शिवमूर्ति योजना ..... १८

**वाग्मतीको मुहान अर्थात् वागद्वार** ..... १८
**शिवपुरी राष्ट्रिय निकुञ्जः प्रकृतिको अनुपम नमुना** ..... १९
**निकुञ्जबाट प्रतिदिन १० लाख घनलिटर पानी** ..... १९
**बीपी संग्रहालय** ..... २०
**चामुण्डादेवीको मन्दिर** ..... २१
**जगडोल अर्थात् शहीद उद्यान (पार्क)** ..... २१
**गोकर्णेश्र देशे** ..... २३
**गोकर्णको नामाकरण** ..... २४
- गोकर्णेश्वरको पूजा परम्परा ..... २५


**नेपाली साहित्यमा गोकर्णेश्वर नगरपालिकाको योगदान** ..... २७
- भैरव अर्याल ..... २७
- रमेश विकल (रामेश्वर शर्मा चालिसे) ..... २८
- प्रा.डा. ऋषिराम पोखरेल ..... २९
- विजय चालिसे (विजयकुमार चालिसे) ..... २९
- कञ्चन पुडासैनी ..... २९
- साहित्यमा संलग्न अन्य केही व्यक्तित्वहरू ..... २९

**एउटै देशको फरक–फरक ठाउँमा फरक प्रकृतिका कानूनहरू लागू हुन सक्दैनन्** ..... ३१
**गोकर्णेश्वर नगरपालिकाको पर्यटन : सम्भावना खोजी** ..... ३५

गोकर्ण क्षेत्र : सत्ययूगदेखिकै पावन क्षेत्र ........ ४०
हाम्रो उद्देश्य अलग ढंगले गोकर्णेश्वरको पहिचान स्थापित गर्ने हो ........ ४३
न्यायिक समितिको अधिकार र जनचेतना महाअभियान ........ ४७
सबैभन्दा संवेदनशील र महत्वपूर्ण क्षेत्र ........ ४९
अहिले वडा हुँदा राजस्व आम्दानी धेरै गुणा बढेको छ ........ ५१
अंशुवर्माका पालामा लेखिएको शिलालेख नै हाम्रो पूँजी हो ........ ५३
गोकर्णेश्वर नगरपालिकाको धार्मिक एवं ऐतिहासिक क्षेत्र ........ ५५
जोरपाटीको पहिचान स्थापित गर्न लागि परेका छौं ........ ५८
हामीले खानेपानीलाई प्राथमिकता दिएका छौं ........ ६१
स्थानीय स्रोतबाट उल्लेख्य राजस्व संकलन हुन्छ ........ ६३
जनताबाट आएका मागलाई रित्तो हात फर्काउनु परेको छैन ........ ६५
माग र आवश्यकताका आधारमा प्राथमिकीकरण नै समाधान ........ ६७
गोकर्णेश्वर नगरपालिका : नामाकरण ........ ६९
   योजना तर्जुमामा गोकर्णेश्वर नगरपालिका ........ ७०
   दुई महिना बराबरको तलब कर्मचारी सञ्चयकोषमा ........ ७१

कोरोना नियन्त्रणमा स्थानीय तहको खर्च ........ ७२
संक्षिप्तमा गोकर्णेश्वर नगरपालिका ........ ७३
स्थानीय पाठ्यक्रम "मेरो गोकर्णेश्वर" ........ ७४

# नेपालको इतिहास बदल्ने सुन्ताखानको अभिलेख



*काठमाडौं उपत्यकाको प्रसिद्ध पर्यटकीय डाँडा तारेभीरको काखमा अवस्थित सुन्ताखान क्षेत्र*


नेपालमा आधुनिक लिखित इतिहासको स्पष्ट प्रारम्भ लिच्छविकालदेखि भएकोमा कुनै द्विविधा छैन । तर केही वर्षअघिसम्म पनि लिच्छविकालका अभिलेखमा उल्लेखित तिथिमितिका कारण यो स्वर्णयुगको इतिहासमा संवत्को विवाद देखियो । धेरै इतिहासकारले लिच्छविकालीन अभिलेखलाई आ-आफ्नै ढंगबाट व्याख्या गरे । तर गोकर्णेश्वर नगरपालिकाको ३ नम्बर वडामा पर्ने सुन्ताखानमा प्राप्त एक अभिलेखले लिच्छविकालीन इतिहासलाई घामजस्तै छर्लंग बनाइदिएको छ । बलौटे माटोमुनि दबिएका कारण आफ्नो मूल स्वरूप र अंकित अक्षरहरूसमेत भर्खरै कुँदिएका जस्तो देखिने सुन्ताखानको यो अभिलेखले शक संवत्, लिच्छविकालकै पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई प्रकारका संवत्, मानदेव संवत् जस्ता विवादलाई एकैपटक शान्त बनायो र नेपालको इतिहासमा पहिलोपटक लिच्छविकालीन संवत् एउटै थियो भन्ने कुरा प्रमाणित गरिदिएको छ । यो अभिलेख निजी जग्गामा २०४६ फागुन महिनातिर फेला परेको हो । १ सय ४ सेन्टिमिटर लामो र ५६ सेन्टिमिटर चौडाइ रहेको यो अभिलेख लिच्छवि लिपि र प्रौढ संस्कृत भाषामा कुँदिएको छ । मृगको चित्र तथा धर्मचक्र अंकित यो शिलालेख तत्कालीन महासामन्त अंशुवर्माले कैलाशकूट भवनबाट जारी गर्न लगाएको स्पष्ट भएको छ । साथै, यो शिलालेखमा लिच्छवि संवत् ५३६ स्पष्टसँग कुँदिएको छ ।



*सुन्ताखानमा प्राप्त अंशुवर्माकालीन अभिलेख*

यो शिलालेख प्राप्त भएपछि लिच्छविकालीन अभिलेखमा भेटिने संक्षिप्त संवत् र पूर्ण संवत्को विवाद पनि सदाका लागि टुंगिएको छ । यो अभिलेखले हालको सुन्ताखान, तत्कालीन अहिन्दुकोट्ट ग्राम रहेको स्पष्ट गरेको छ, साथै यो अभिलेखमा कुल १६ पंक्ति रहेका छन् ।

## सुन्ताखान अभिलेखको महत्व





*राजविहार रहेको सम्भावित स्थान, हाल यो स्थान निजी सम्पत्तिको रूपमा छुट्टाछुट्टै व्यक्तिको स्वामित्वमा रहेको छ*

## के लेखिएको छ त अभिलेखमा ?

लिच्छवि लिपि र प्रौढ संस्कृत भाषामा लेखिएको यो अभिलेखमा कैलाशकूट भवनबाट जारी भन्ने शब्द परेकाले कैलाशकूट भवन नजिकै पर्ने गरी राजविहार बनाएको संकेत गरेको छ । साथै, सीमा निर्धारणसहित राजविहार बनाएको र राजविहार अनुकूल वातावरण खडा गर्न पशुपंक्षी हत्या नगर्ने र पालनमा भने छुट दिने गरी मल्ल कर छुटको व्यवस्था उल्लेख छ । मल्ल कर छुटबापत स्थानीय परिवारहरूले चार पण मुद्राको एकाइ मिनाह पाएको लेखिएको छ । विहारमा चारै दिशाबाट भिक्षु संघहरू आएर बस्ने गरेकोसमेत उल्लेख छ । तत्कालीन समयमै यो राजविहारका लागि अंशुवर्माले लिच्छवि संवत् ५३२ मा ६ पुराण र दुई पण मुद्रा निगाह भएको र रकमसम्बन्धी स्थिति बन्देज व्यवस्था गरेको उल्लेख हाँडीगाउँमा प्राप्त अभिलेखमा समेत छ । (चार पणको एक पुराण र चार पुराणको एक काषार्पण)

# कैलाशकूट भवन

कैलाशकूट भवन लिच्छविकालको अति प्रसिद्ध राजदरबार हो । यो राजदरबारको सुन्दरता र भव्यता ज-जसले देखेका थिए उनीहरूले मुक्तकण्ठले तारिफ गरेर गएको पाइन्छ । सो दरबारको ख्याति स्वदेशमा मात्र हैन, विदेशमा समेत चर्चित रहेको भन्ने कुरा उहिलेका अभिलेखहरू तथा यात्रा वर्णनहरूबाट पाउँछौं । नेपालमा समय समयमा पाएका चिनियाँ यात्रीहरूमध्ये चीनमा ताङ वंशको पाला अर्थात् नेपालमा नरेन्द्र देवको पालामा आएका चिनियाँ दूत वाङयुङचेले यो कैलाशकूट भवनलाई आफ्नै आँखाले देखेर तारिफ गरेका कुरा उनको वर्णनमा पाइन्छ । उनको भनाइअनुसार कैलाशकूट भवन अति भव्य सुन्दर तथा अन्य ठाउँमा नभएको अतुलनीय दरबार थियो भनी वर्णन गरेको कुरा चीनको ताङवृत्तान्तमा दिएको छ । जुन यसप्रकारले वर्णन गरिएको छः

'दरबार सुन्दर विशाल उँचो थियो, यसको माथि तलामा १० हजार मानिस अटाउने ठाउँ थियो । तीनतिर सात-सात तले महल थिए । छानो तामाको थियो । छानाका चारै सुरमा राखिएका यसका झ्यालढोका सुनौला गोहीका मुखबाट पानीका झर्ना झर्दथे । थामहरूमा मूल्यवान मुंगा मोती आदि रत्न जडिएका थिए । बैठकमा राम्रा राम्रा तस्बिरहरू सजाइएका थिए । यस किसिमको सुन्दरकलापूर्ण महल अन्यत्र कहीं थिएन ।'

*(धनबज्र बज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ २९४)*

यस किसिमको वर्णन लिच्छविकालको दरबारमध्ये कैलाशकूट भवनबाहेक अरू दरबारको हुन सक्दैन । किनकि यस दरबारबाट सयौं वर्षसम्म पनि लिच्छवि राजाहरूले राजाज्ञा जारी गरेको थियो भन्ने अभिलेखहरूबाट बुझिन्छ । चिनियाँ यात्री वाङ्युनचे नेपाल आउँदा नेपालमा नरेन्द्रदेवले राज्य गरिरहेको बखत थियो र कैलाशकूट भवनमै राजा नरेन्द्रदेव विराजमान थिए । नरेन्द्रदेवले आफ्नो शासनकालमा एक दरबार बनाएका थिए, जुन दरबारको नाम भद्राधिवास थियो । नरेन्द्रदेवपछिका कुनै पनि राजाले भद्राधिवासबाट राजाज्ञा जारी गरेनन् । नरेन्द्रदेवपछिका राजाहरू पनि कैलाशकूट भवनमै बसेर राजाज्ञा गरेको बुझिन्छ । त्यसकारणले कैलाशकूट भवनले जति अन्य दरबारले ख्याति पाएको देखिँदैन । सयौं वर्षसम्म पनि कैलाशकूट भवनको अस्तित्व भएको हुनाले वाङ्युनचेको वर्णन कैलाशकूट भवनलाई नै लक्ष्य गरी लेखिएको भन्ने थाहा हुन्छ । तसर्थ, वाङ्युनचे नेपाल आउँदा भद्राधिवास बनेको थिएन भन्ने स्पष्ट छ किनकि यदि भद्राधिवास बनाइसकेको भए त्यस दरबारको पनि कुनै चर्चा गरिन्थ्यो होला । कैलाशकूट चिनियाँ यात्री वाङ हएनत्सेको वर्णनअनुसार सात तले बुर्जाआकारको घर थियो । यो भवनलाई पनि विद्वान्हरूले कैलाशकूट दरबार नै भएको अनुमान गरेका छन् ।

कैलाशकूट भवनको उल्लेख लिच्छविकालीन अभिलेखमा पहिलोपटक लि.सं. ५२९ (ई.सं.६०६) को ललितपुर, बुङमतीको अंशुवर्माको अभिलेखमा पाइन्छ । यो अभिलेख अंशुवर्माले सोझै शासन गर्न थालिसकेपछि कैलाशकूट भवनबाट राजाज्ञा जारी गरेको हालसम्म प्राप्त अभिलेखमध्ये पहिलो मानिन्छ । किनकि अंशुवर्माले सोझै शासन गर्न थालेको लि.सं. ५२७ (ई.सं. ६०३) देखि थियो ताकि लि.सं. ५२६ (ई.सं. ६०२) सम्म त शिवदेव र अंशुवर्माको संयुक्त शासन थियो भन्ने कुरा लेलेको अभिलेखबाटै बुझिन्छ । यस्तो अत्यन्त कलात्मक तथा विशाल कैलाशकूट भवन अंशुवर्माले सोझै शासन गर्नेवित्तिकै बनाएको अवश्य थिएनन् होला किनकि त्यति चित्ताकर्षक हुने कला वास्तुकला एक दुई वर्षमै तयार हुनु असम्भव हुनाले अवश्य पाँच सात वर्ष लागेको हुनुपर्ने बुझिन्छ ।

अंशुवर्माले सोझै शासन गर्न थालेको लि.सं. ५२७ देखि थियो भने कैलाशकूट भवनको निर्माण लि.सं. ५२० देखि भएको हुनुपर्ने देखिन्छ । लि.सं. ५२० (ई.सं. ५९७) को शिवदेव अंशुवर्माको खोपासीको अभिलेखमा द्वारोद्घाटन र कैलाश जात्रामा त्यहाँका मानिसहरूलाई एक-एक मुठी सेतो कमेरो बुझाउनू भन्ने राजाज्ञा जारी भएको उल्लेख छ । यही द्वारोद्वाटन र कैलाश जात्रा नै कैलाशकूट भवन बनाउन शिलान्यास वा उद्घाटन गरेको हुनसक्ने संकेत बुझिन्छ ।

त्यसकारण कैलाशकूट भवनको निर्माण लि.सं. ५२० (ई.सं. ५९७) देखि हुन थालेको थाहा हुन्छ । कैलाशकूट भवनको उल्लेख धेरै अभिलेखहरूमा भएको पाइन्छ । लि.सं. ५३२ (ई.सं. ६०९) को अंशुवर्माको साँगाको अभिलेखमा कैलाशकूट भवनको वर्णन अंशुवर्माले यस प्रकार गरेको छ । साँगास्थित वि.सं.६६५ को अंशुवर्माको शिलापत्रमा कैलाशकूट नामक भव्य महल हेर्न अपार दर्शकहरूको भीड लागिरहेको कुरा उल्लेख भएको छ ।



*अवैज्ञानिक प्लटिङ र प्राकृतिक कारणबाट पहिरोले पुरिएको ऐतिहासिक इनार क्षेत्र*

# कैलाशकूट भवन गोकर्णमा नै थियो भन्ने आधारहरू

*ॐ त्रैधातुक क्लेश तरूं स्परन्तञ्चतुर्विधानास्रतधी भुजेन। समूल मुन्मूल्यादिदेश मार्गम्मोक्षस्य यस्तनमतादरेण॥ स्वस्ति कैलाश कूटभवनाच्छी महासामन्ताङ्शवम कुशली अहिदु कोट्टग्राम नि वासिनः कुटुम्बिनो यथाप्रधानङ्कुशलमाभास्य ति विदित मस्तु वोस्माभिरिमङ्ग्रामङ्कृत सीम निर्णय स्व कारितक श्री लाज विहारे चतुर्दिशान्य भिक्षु सङ्घाय प्रतिपाद्य तदाज्ञा सम्पादेन परितुष्ट येत्र मल्लकर प्रति बद्ध कुटुम्विनो निवसन्ति तेषाम्मल्लकरापह्रासेन व प्र सादः कृतस्त दतः परमितङ्ग्राम निवासिभिर्मल्लकर म नुष्यैश्चत्वारः पणा मल्लकर वत्ति भुजे देया श्चिरस्थित ये चास्य प्रसादस्य शिलापट्टक शासन मिदन्दत्त त्तन्देवं वेदिभिरस्मत्पाद प्रसादोपजीविभिनकैश्चि देष प्रसादोन्यथा करणीयो यस्तन्यथाकुर्यात्कारयेद्वा त महमुत्पथ प्रवत्तिनन्न मर्ष यिष्यामि भाविभिरपि भूपतिभि गुरूकृत प्रसादानुवर्तिभिरेव भाव्यन्दूतकश्चात्र महासामन्त श्रीभोगवर्मा सम्वत ५३६ द्वितीय पौष शुक्ल पञ्चम्याम*

ॐ वैधातु क्लेशरूपी ठूलो रूखलाई चतुर्विधान बुद्धिरूपी भुजाले जरासहित उखेलेर जो फाल्न खोज्छ उही मोक्षको बाटोमा लाग्न सक्छ। कल्याण होस्। कैलाशकूट भवनबाट श्री महासामन्त अंशुवर्माले अहिदुकोट्ट ग्राम निवासी परिवारलाई प्रधानहरूदेखि अरू परिवारलाई कुशल सोधेर आज्ञा गर्नुभएको छ। तिनीहरूलाई थाहा होस्, हामीले सीमा निर्धारण गरेको गाउँमा आफैले श्रीराजविहार बनाई त्यसको चार दिशाका भिक्षु संघसँग सहमति लिएर मल्लकर घटाइदिने व्यवस्था गरिदिएका छौं। मल्लकर लागेका परिवारहरू यो निगाहबाट अति सन्तुष्ट छन्। सीमांकित गाउँका निवासी परिवारहरूले मल्लकरस्वरूप ४ पण वृत्ति पाउने मानिसलाई बुझाउनुपर्ने गरियो। यसैगरी, पछिसम्म यही नियमअनुसार कायम गर्नका लागि निगाह भएको कुरा अभिलेखमा लेखेर स्थापना गरियो। त्यसैले यो कुरा बुझ्नेहरूले केही गरी अन्यथा गरे वा गराएमा यसअनुसार पालना नगरी त्यसको खिलाफमा उत्प्रेरित भयो भने उनीहरूलाई कुनै हालतमा सहने छैनौं। यहीबमोजिम पछिका राजाहरूसमेतले पनि यसैलाई गौरवपूर्ण मानेर यस निगाहलाई कायम गरेर जानेछ। महासामन्त श्री भोगवर्मा दूतक साक्षीको रूपमा रहेको छ। संवत् ५३६ द्वितीय पौष शुक्ल पञ्चमी।

यहाँ अहिदुं ग्राम मात्र नभनी कोट्टको समेत उल्लेख देखिएको हुनाले हरेक कोट्टको आसपास नजिक राजदरबार हुनुपर्छ भन्ने कुरा महसुस गर्न सकिन्छ। त्यसकारण इतिहासकारहरू अंशुवर्माको कैलासकुट भवन कहाँ थियो भन्ने कुरामा कसैले हाँडीगाउँ, कसैले विशालनगर, कसैले देउपाटन आदि आदि भनेर अड्कल गरेको पाइन्छ। तर यी ठाउँहरूमा होइन, अंशुवर्माको कैलाशकूट भवन यही गोकर्णको आासपास हुनुपर्छ भन्ने कुरा अहिदकोट्टबाट पनि स्पष्ट संकेत प्राप्त भएको देखिन्छ।

गोपाल वंशावलीमा राजविहार दुईजनाले बनाएको उल्लेख छ। एउटा राजविहार लिच्छविकुलका राजा धर्मदेवले (मानदेवका पिता)ले बनाएको भन्ने छ र अर्को राजविहार अंशुवर्माले बनाएको भन्ने छ। सो वंशावलीको कुरा अभिलेखले पुष्टि हुन पाएको छ। लि.सं. ५३६ को गोकर्ण बालुवा गाउँमा प्राप्त अंशुवर्माको अभिलेखमा 'स्वकारितक श्री राजविहार' भन्ने उल्लेख भएबाट अंशबर्माले बनाएको श्रीराजविहार भनेको नै जहाँ अभिलेख प्राप्त भएको स्थल हो, गोकर्ण महाँकाल थान उहीं भन्ने थाहा भएको छ। अंशुवर्माले बनाएको विहार श्रीराजविहार गोकर्णमा हुनाले अंशुवर्माको राजदरबार कैलाशकूट भवन पनि यसैको निकट हुनुपर्छ भन्ने बलियो प्रमाण र पुष्टि मिलेको छ।



*सुन्ताखान क्षेत्रमा जतातत‍ै फेला पर्ने माटोको भाँडोका अवशेष*

**'क्षितितलतिलक भूतात्कुतूहलि जनता निमेष नयनावलोक्य मानात्कैलाशकूट भवनात्'**

यो दरबार हेरी जनताले आँखै झिम्म नगरी टोलाइरहन्छन् ।

यस वर्णनबाट कैलाशकूट भवनको सुन्दरतालाई बयान गरेर साध्य छैन भन्ने किसिमले गरिएको बुझिन्छ । लि.सं. ५६७ (ई.सं. ६४४) को नरेन्द्रदेवको पाटन भन्सार चोकको अभिलेखमा कैलाशकूट भवनको वर्णन यसरी गरेको छ ।

**'कैलाशकूट भवनाद् भुवन प्रकाशाज्ज्योत्स्नाव मृष्ट हिमच्छि (खगाग्रदोपो:)"**

कैलाशकूट भवनलाई हिउँले ढपक्क ढाकेको हिमालयको टाकुराझैं झलमल गर्ने भनी व्यक्त गरिएको छ । यसबाट कैलाशकूट भवन सेतो हिमालय जस्तो र टाकुरामा अवस्थित छ भन्ने बुझिन्छ ।

लि.सं. ५६७ (ई.सं. ६४४) को नरेन्द्रदेवको यंगाल हिटीको अभिलेखमा कैलाशकूट भवनको वर्णन यसरी गरेको छ ।

**'कैलाशकूट भवनाच्छरदाप्यान शशाङ्कामल मयूख निकरावभास्य मान हिमवदुत्तङ्ग शिजरावदातयशो मालावत सिताशेषदिङगण्डलो'**

शरद ऋतुको पूर्ण चन्द्रमाका किरणहरूले सुहाएको हिमालयको अग्लो टाकुरा जस्तो सफा कीर्तिद्वारा सारा दिशाहरू झलमल परेको भनिएको छ । यसबाट पनि हिमालय जस्तै सेतो र टाकुरामा अवस्थित बुझिन्छ ।



*राजविहार रहेको सम्भावित स्थान वरपर सहजै फेला पर्ने ईँटा १*

यस वर्णनबाट कैलाशकूट भवन कुनै अग्लो टाकुरामा हिमालयझैं सुहाएको ठाउँमा अवस्थित थियो र शरद ऋतुको पूर्णिमाको रातमा चन्द्रमाको किरण हिमालयमा पर्दा जसरी चारैतिर चहकिलो भई झलमल्ल हुन्छ, त्यस्तै प्रकारले कैलाशकूट भवनमा चन्द्रमाको किरण पर्दा सारा दिशाहरू झलमल्ल भएको भनी तुलना गरिएबाट यो दरबार कुनै खाल्डो, बेसीमा अवस्थित कदापि थिएन साथै हिमालयझैं उचो सेतो चहकिलो भव्य दरबार अग्लो ठाउँमा जहाँ अन्य प्रजाहरूको बस्तीभन्दा माथिल्लो भूमि सतहमा अवस्थित थियो भनेर स्पष्ट बुझ्न सकिन्छ । त्यसकारण यो अभिलेखहरूमा वर्णित कुराहरूलाई ख्याल गर्ने हो भने कैलाशकूट भवनको रंग सेतो र हिमालयको टाकुराझैं अग्लो विशाल भवन थियो भन्ने कुरा स्पष्ट रूपले थाहा पाउन सकिन्छ ।

त्यस्तै, गरी लि.सं. ५८० (ई.सं. ६५७) तिरको नरेन्द्रदेवको अनन्त लिंगेश्वरको अभिलेखमा कैलाशकूट भवनको वर्णन यसरी गरेकोछ ।

**'स्वस्ति कैलाश श्रृङ्गा भान्नयनोत्सव कारिण: । कैलाशकूट भवनात् रम्या जगति विश्रुतात् ॥'**

कैलाशको टाकुरा जस्तो भएको, आँखालाई आनन्द दिने, राम्रो, संसारमा प्रसिद्ध भएको कैलाशकूट भवन भनेर व्यक्त गरिएको छ । यस वर्णनको आधारमा पनि कैलाशकूट भवन कुनै समथर बेसीमा होइन, उँचो टाकुरा जस्तो ठाउँ जुन काठमाडौं खाल्डोबाट जहाँबाट हेरे पनि देखिने अग्लो ढिस्कोमाथि भन्ने बुझिन्छ । संसार प्रसिद्ध भएको भनेर समय समयमा यात्रा गर्न आएका विदेशी यात्रीहरूले वर्णन तारिफ गरी गएको र त्यसको वर्णन लेखेर राखेको हुनाले संसारमा प्रसिद्ध भनिएको हो र यसबाट वाङ्युनचे आइसकेका बुझिन्छ, तसर्थ यो अभिलेखमा नरेन्द्रदेवले राजाज्ञा जारी गर्दासम्म कैलाशकूट भवनमै विराजमान थिए भन्ने बुझिन्छ । त्यस बखतसम्म नरेन्द्रदेवको नयाँ भवन भद्राधिवास बनाएर त्यहाँ बस्न गएका थिएनन् भन्ने बुझिन्छ ।

त्यसकारण वाङ्यन चेले कैलाशकूट भवन जस्तो प्रसिद्ध दरबारलाई वर्णन गर्न छोडेर भद्राधिवास भवनको वर्णन गरेको पनि हुन सक्छ भनी ठान्नु

बिल्कुल गलत सिद्ध हुन्छ । यस प्रकारको वर्णनले प्रसिद्ध भएको कैलाशकूट भवन उँचो ठाउँमा सुहाएको तथा चारैतिरका दिशावाट टड्कारो रूपमा देख्न सकिने ठाउँमा थियो भनिएपछि काठमाडौंको समथर बेसी भूमिमा नभई अग्लो भूमि सतहमा अवस्थित थियो भन्ने कुरा स्पष्ट छ । यसप्रकारको भूमिमा, हाँडीगाउँ, देउपाटन, ललितपुर आदि कुनै पनि पर्न आउँदैन ।

धेरैजसो इतिहासकारहरूले अंशुवर्माको प्रसिद्ध दरबार कैलाशकूट भवन हाँडीगाउँ र त्यसको आसपास हुनुपर्छ भन्ने अनुमान गरेको पाइन्छ । यसरी कैलाशकूट भवन हाँडीगाउँ क्षेत्रमा थियो भनी अनुमान गर्नुको आधारमा हाँडीगाउँमा 'श्री अंशु' अक्षर अंकित इँटा फेला परेको थियो र सो इँटा सिंहदरबारको आगलागीमा परेर हराइसकेको छ । यसको साथै हाँडीगाउँमा रहेको अंशुवर्माको दुईवटा लिच्छवि अभिलेखमा दूतकको उल्लेख गरिएको पाइँदैन । दूतकको उल्लेख नपाउनुको अर्थ कैलाशकूट भवन नै त्यहाँ रहेको हुनाले दूतक राख्नुको आवश्यक नभएको हो । किनकि दूतक राख्नु भनेको नै राजाले त्यस ठाउँको रेखदेख गर्न विश्वासिलो व्यक्तिलाई दूतक बनाई त्यसमार्फत प्रशासन रेखदेख गर्नका लागि थियो भने दूतक उल्लेख नहुनुबाट कैलाशकूट भवन हाँडीगाउँमा हुनुपर्छ भन्ने अनुमान गरेको पाइन्छ । तर वास्तवमा भन्ने हो भने जहाँजहाँ अंशुवर्माको इँटा फेला पर्छ, त्यहाँ त्यहाँ कैलाशकूट भवन रहेको हुनुपर्छ भनी अनुमान गर्नु बलियो प्रमाण मान्न सकिन्न । एक समयमा हाँडीगाउँमा एउटा इँटा पाएको थियो भने भोलि अर्को ठाउँमा पनि त्यसप्रकारको इँटा पाउन सक्छ, त्यसैले जहाँजहाँ इँटा फेला पर्छ त्यहाँत्यहाँ कैलाशकूट भवन थियो भनी मान्नु उचित ठहर्दैन । हाँडीगाउँमा कुनै दरबार रहेको हुन सक्ला । हुनसक्छ लिच्छविकालको मानगृह हाँडीगाउँमा थियो कि या अर्को कुनै दरबार । तर कैलाशकूट भवन चाहिँ हाँडीगाउँमा अवस्थित थिएन भन्ने कुरा अभिलेखमा वर्णित चर्चा र चिनियाँ युङयुनचेको वर्णनबाट स्पष्ट थाहा हुन्छ कि हाँडीगाउँ भन्ने संगत कहीँकते अभिलेखबाट झल्किन पाउँदैन ।

कैलाशकूट भवन हाँडीगाउँ क्षेत्रमा थिएन भन्ने कुरालाई पुष्टि गर्ने आधारहरू अभिलेखहरूलाई कोट्याई अध्ययन



*हाल प्लटिङ भएको राजविहारको क्षेत्र, यहाँ पुराना संरचनाको अवशेष सहजै देखिन्छन्*



*यो स्थानमा फेला पर्ने ईँटाहरू स्थानीय व्यक्तिहरूले पर्खाल बनाउन वा अन्य काममा प्रयोग गरिरहेका छन्*

गर्दा फेला पर्दछ। कैलाशकूट भवन रहेको ठाउँ अवश्य पनि त्यसबेला गाउँ थिएन होला भन्ने अनुमान गर्न सक्छौ। अंशुवर्मापश्चात पचासौं सयौं वर्षसम्म पनि कैलाशकूट भवनबाटै सनदहरू प्रसारित हुन्थ्यो भन्ने प्रमाणहरू थुप्रै अभिलेखमा पाइन्छन्। कैलाशकूट भवन निर्माण भएको समयभन्दा ५० सौं वर्षपछि त्यो ठाउँ अवश्य विकसित भएर शहर एवं पुरको रूपमा पाइसक्ने भनी थाहा हुन्छ। भनाइको मतलव यदि कैलाशकूट भवन हाँडीगाउँमा रहेको भए त्यो क्षेत्र कालान्तरमा गाउँ नभनी पुरको नामाकरण भइसक्नुपर्ने थियो। तर लिच्छवि अभिलेख संवत् १७४ (ई.सं. ७५१) को हाँडीगाउँ उत्खननमा पाइएको प्रियवर्माको अभिलेखमा हाँडीगाउँलाई अन्दिग्राम भनी लेखिएको छ। अन्दिग्रामको अपभ्रश हुँदै पछि हाँडीगाउँ हुन पुगेको हो। यदि हाँडीगाउँ क्षेत्र कैलाशकूट भवन रहेको ठाउँ भएको भए अवश्य त्यसबेला शहरको रूप लिइसकेको हुनुपर्ने थियो र अन्दिग्रामको सट्टा अन्दिपुर लेखिएको भए मात्र छुट्टै कुरा हुन्थ्यो। त्यसकारणले पनि इतिहासकारहरूले हाँडीगाउँ भेग कैलाशकूट भवन रहेको क्षेत्र भनी अनुमान गरेको कुरामा पटक्कै सामञ्जस्य देखिँदैन।

कैलाशकूट भवन हाँडीगाउँ भेगमा पर्दैन भन्ने कुराको पुष्टि प्राप्त हुने आधारमा नक्साल नारायणचौरको अभिलेखमा पाउन सक्छौं। सो अभिलेखमा राजांगण जाने बाटो निर्देशन गरिएको छ। लिच्छविकालमा अंशुवर्मापछि सयौं वर्षभन्दा बढीसम्म राजाको बसोबास कैलाशकूट भवनमै थियो भन्ने कुरा सयौं वर्षपछिसम्मका अभिलेखहरूमा कैलाशकूट भवनबाट सनदहरू जारी भएको उल्लेख पाइएबाटै बुझिन्छ। त्यसकारण उक्त राजांगण कैलाशकूट भवन हाँडीगाउँ भेगमा भएको भए नक्साल नारायणचौरको अभिलेखमा नक्सालबाट हाँडीगाउँसम्म पुग्न थुप्रै ठाउँको चर्चा कदापि उल्लेखमा आउन नपर्ने हो, ताकि हाँडीगाउँ र नक्साल भनेको सँगसँगै जोडिएको ठाउँ हो। अभिलेखबाट के बुझिन्छ भने नक्सालबाट उत्तरपूर्वको बाटो लाग्दै १२-१५ ठाउँ पार गरेपछि मात्र कैलाशकूट भवनको राजांगण पुगिन्छ। **सो कुरा अभिलेखमा यसरी उल्लेख गरेको छ :-**

नक्सालबाट उत्तरपूर्व लागेर जाँदा अजिका विहार आउँछ, त्यसपछि द्वारोद् कण्ठ त्यसपछि मणिका गाष्टि त्यसपछि वलसोक्षि देवकूल त्यसपछि वोहविषय अरघट्ट त्यसपछि लखुल उट्टण त्यसपछि नटपटा वाटिका त्यसपछि महाप्रतिहारको निवास स्थल, मूलसडकमा एक शिलास्तम्भ छ त्यहाँ द्वार आउँछ- त्यसपछि यावीगाउँ त्यसपछि तवेचेखा छमकुटी जाने बाटो आउँछ- त्यहाँबाट पोण्डिमण्डप त्यसपछि उङणेहुस,

त्यसको पश्चिममा ताम्रकुट्ट शाला जाने बाटो आउँछ- त्यसपछि जप्तिख नामक खोला आउँछ त्यसपछि लखमक, त्यसपछि मानेश्वर गाउँ, त्यसपछि प्रेक्षण मण्डपी त्यसको पूर्वउत्तरमा राजाङ्गण, राजाङ्गणको पश्चिममा प्रवर्द्ध मानेश्वर त्यसको पश्चिममा बोत्तरिनाले बनाएको धारा र मस्ता छ त्यसको दक्षिणपट्टि साम्बपुर छ । सोही साम्बपुर भन्ने ठाउँमा राजाङ्गण छ, जुन राजाङ्गण भनेको राजदरबार हो र जुन राजदरबार त्यसबेलाको राजा बस्ने प्रसिद्ध दरबार कैलाशकूट भवन थियो । कैलाशकूट भवन साम्बपुर भन्ने ठाउँमा छ, साम्बपुर पुग्न नक्सालबाट न्हप्रिड, पुठपिंङ जस्तो ठूलो ठूलो गाउँ शहर नाघेर जानुपर्दथ्यो भन्ने नक्साल नारायणचौरको अभिलेखबाट देखिन्छ ।

यदि कैलाशकूट भवन हाँडीगाउँमा भएको भए नक्सालबाट यति धेरै ठाउँहरू र शहरहरू नाघेर जानुपर्ने प्रसंग आउने आवश्यकता नै थिएन । किनकि नक्साल र हाँडीगाउँ भनेको सँगै जोडिएको ठाउँ हो र नक्साल पार गर्नेबित्तिकै हाँडीगाउँ क्षेत्र आउने हुनाले अभिलेखमा वर्णित राजांगण हाँडीगाउँमा हुनु कुनै पनि हालतमा सम्भव छैन, थिएन ।

त्यसकारण नक्साल नारायणचौरबाट उत्तरपूर्व दिशाको बाटो भएर यतिका धेरै ठाउँ पार गर्नुपर्ने ठाउँ जहाँ प्रसिद्ध राजदरबार छ, त्यो ठाउँ गाउँको नामले नकहलिई पुरको नामले प्रसिद्ध भएको साम्बपुर नै कैलाशकूट भवन भएको ठाउँ हो भन्ने अनुमान गर्न सकिन्छ । मेरो अनुमानमा प्रबद्ध मानेश्वर भनेको नै हाल हामी गोकर्णेश्वर महादेव भन्छौं, त्यसैलाई भनिएको हुनुपर्छ । गोकर्णेश्वर महादेवलाई साम्ब सदाशिव पनि भन्ने हुनाले साम्ब सदाशिव विराजमान भएको शहर, पुरलाई साम्बपुर भनेको हो भन्ने बुझिन्छ । त्यसैले राजांगण साम्बपुरको उत्तरीपूर्वी भागमा अवस्थित भनी अभिलेखमा उल्लेख भएकोले गोकर्णेश्वरभन्दा उत्तरपूर्व भागमा कैलाशकूट भवन अवस्थित थियो भन्ने थाहा पाउन सक्छौं ।

माथि चर्चा गरिसकेको अभिलेखहरूको वर्णन र विदेशी यात्रीको वर्णनअनुसार कैलाशकूट भवनको साततले भव्य दरबार, तीनतिर भन्ने अर्थमा पूर्वपश्चिम दक्षिणबाट जहाँबाट हेरे पनि टड्कारो देखिने, सेतो हिमालय जस्तो उँचो भव्य दरबार रहेको भन्ने कुराको सामञ्जस्य गोकर्णको डाँडोसँग रहेकोसँग तादात्म्य



*सुन्ताखानको राजविहार क्षेत्रमा फेला पर्ने पुरानो पर्खालको सम्भावित भग्नावशेष १, सुन्ताखानको राजविहार क्षेत्रमा फेला पर्ने पुरानो पर्खालको सम्भावित भग्नावशेष पृष्ठभूमिमा प्रसिद्ध तारेभीर*

हुन आउँछ । यसको अलावा लिच्छविकालको प्रसिद्ध दरबार कैलाशकूट भवन गोकर्ण भेगमै थियो भन्ने कुरालाई पुष्टि गर्ने अर्को आधार पनि प्राप्त भएको छ । जुन आधार अंशुवर्माको संवत् ५३६ (ई.सं. ६१२) को गोकर्ण बालुवा गाउँको अभिलेख हो ।

गोपाल राजवंशावलीमा लिच्छविकालीन राजविहार राजा धर्मदेव र अंशुवर्माले बनाएको दुई राजविहार थियो भन्ने उल्लेख छ । राजाधर्मदेव (मानदेवका पिता) ले स्थापना गरेको राजविहार चाबहिल धन्दो चैत्य रहेको विहारलाई भनिन्छ भन्ने कुरा इतिहासकारहरूको भनाइ छ, तर अंशुवर्माले बनाएको राजविहार कहाँ छ भन्ने कुरा कसैले यकिन साथ भन्न सकेको थिएन । हाल प्राप्त भएको अंशुवर्माको संवत् ५३६ (ई.सं. ६१२) को अभिलेखमा अंशुवर्माले बनाएको श्री राजविहार अहिदुकोट्टमा अर्थात् अभिलेख प्राप्त भएको गोकर्णको बालुवा गाउँमा थियो भन्ने थाहा हुन आएको छ । चाबहिलको धन्दो चैत्य रहेको ठाउँलाई राजा धर्मदेवले बनाएको राजविहार थियो भन्ने भनाइबाट देवपाटनमा पनि एक लिच्छविकालीन राजदरबार थियो भन्ने बुझिन्छ । राजविहारको अर्थ गोकर्ण बालुवा गाउँमा अंशुवर्माको श्रीराजविहार अभिलेखमा श्रीलाज (राजदरबार) सँग सम्बन्धित लायकु विहार नै राजविहार हो । तसर्थ, विहार भनिएको छ सो लाजविहार लायकु विहार हो भन्ने कुरामा निसन्देह छ । जब अंशुवर्माको राजविहार गोकर्ण बालुवा गाउँमा थियो त अंशुवर्माको राजदरबार कैलाशकूट भवन पनि गोकर्ण भेगमै थियो भन्ने कुरा निःसन्देह हुन आउँछ । अंशुवर्माले बनाएको लायकु विहार राजविहार गोकर्ण भेगमा र कैलाशकूट भवन मात्र हाँडीगाउँमा हुनु भनेको कुरा असम्भव हो ।

अभिलेखमा 'स्वकारितक श्री लाजविहार' उल्लेख भएबाट अंशुवर्माले बनाएको राजविहार भन्ने स्पष्ट छ र सो विहार अहिदुकोट्ट भन्ने ठाउँमा थियो । हरेक राजदरबारको निकट एउटा कोट्ट पनि हुनेगर्दछ । त्यसकारण राजविहार र अहिदुकोट्टको राजदरबार भन्नु अर्थात् त्यहाँ राजदरबार हुनुपर्ने थाहा हुने हुनाले अंशुवर्माको कैलाशकूट भवन हाँडीगाउँ भेगमा नभएर गोकर्ण भेगमा थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ । हुनसक्छ हाँडीगाउँ विशालनगरमा पनि लिच्छवि राजाहरूका एक राजदरबार रहेको थियो, तर अंशुवर्माको कैलाशकूट भवन चाहिँ कदापि थिएन । लिच्छविकालको प्रसिद्ध राजप्रासादहरूमा मानगृह (राजा मानदेवको), कैलाशकूट भवन (अंशुवर्माको) र भद्राधिवास (राजा नरेन्द्रदेवको) हो र यीबाहेक अप्रसिद्ध राजप्रासादहरू पनि थुप्रै थिए । त्यसमा देवपाटन, ललितपुर, हाँडीगाउँ आदि पाउँछन् । तर जे होस्, मानगृह र भद्राधिवास दरबार कहाँनिर अवस्थित थियो त भनेर अध्ययन अनुसन्धान गरी यकिनसाथ भन्न अध्ययन गर्न बाँकी नै छ । तर यहाँ अंशुवर्माको राजप्रासाद कैलाशकूट भवन चाहिँ कहाँ थियो भन्ने प्रश्नको जवाफ चाहिँ मेरो अध्ययनबाट गोकर्ण भेगलाई नै केन्द्रविन्दु बनाई त्यसको आसपास हुनुपर्ने कुरालाई परिलक्षित गर्दछ ।

संवत् ५३६ को अंशुवर्माको राजविहारको अभिलेखको आधारमा विचार गर्दा अंशुवर्माको कैलाशकूट भवन पनि सोही राजविहारको निकट आसपास हुनुपर्ने निसन्देह देखिने हुनाले प्रायः इतिहासकारहरूले अनुमान गरेको हाँडीगाउँ क्षेत्र भन्ने कुराको सम्भाव्य आधार तर्कहरू फितलो सावित हुन्छ । फेरि कैलाशकूट भवन हाँडीगाउँमा र लायकु विहार चाहिँ गोकर्ण हुन जानु बिल्कुल अस्वाभाविक ठहर्न जाने हुनाले ती उत्पत्तिहरू उचित मान्न सकिन्न ।

त्यसकारण अंशुवर्माले निर्माण गरेको प्रसिद्ध राजप्रासाद कैलाशकूट भवन जुन भवन सयौं वर्ष जीवित रहेको थियो र गोकर्ण भेगमा बाहेक अन्त हुन सम्भव पनि देखिएन ।

*(यो सामग्री लिपि विशेषज्ञ तथा इतिहास अन्वेषक श्यामसुन्दर राजवंशीसँगको कुराकानी तथा उहाँको पुस्तक लिच्छविकालीन संवत्को निश्चयबाट साभार गरिएको हो)*


# गोकर्णेश्वर : वाग्मती सभ्यताको शुरूआत

- *वाग्मती सभ्यताको शुरूआत*
- *बृहत् वाग्मती सभ्यताको आधार*
- *काठमाडौंखाल्डोको प्रारम्भ विन्दु*

## पृष्ठभूमि

संघीय राजधानी काठमाडौँ र यससँग जोडिएका बृहत् क्षेत्रहरू अहिले महानगर उपमहानगर र विभिन्न नगरमा विभाजित भएका छन् । देशको सबैभन्दा बढी जनघनत्व भएको यो समग्र क्षेत्रमा ५० लाखभन्दा बढी व्यक्ति अटाएको आंकलन गरिएको छ । मुलुककै सबैभन्दा घना र समृद्ध मानिने काठमाडौँ महानगर र वरपरका क्षेत्रहरू इतिहास लेखनको आधुनिक युगभन्दा पुराना हुन् भन्नेमा कुनै द्विविधा छैन । तर कति पुराना हुन् र मानव बसोबासअघि कस्तो थियो यसको स्वरूप ?

यी प्रश्नको जवाफ आधुनिक विज्ञान र प्राचीन ज्ञान वेद, पुराण आदि दुवैमार्फत केही हदसम्म पाउन सकिन्छ । आधुनिक विज्ञानलाई आधार मान्ने हो भने काठमाडौं उपत्यका पहिले ठूलो पोखरी वा दह थियो । कालान्तरमा पानी निकास हुने बाटो खुल्यो र बसोबासयोग्य भूमि बन्यो । प्राचीन ज्ञानले आधुनिक विज्ञानभन्दा अझ स्पष्ट ढंगबाट बृहत् काठमाडौंको प्राचीन अवस्थितिलाई उजागर गर्दछ । आधुनिक विज्ञान र प्राचीन ज्ञानले भन्छ हालको नेपालदेखि तिब्बती पठारसम्मका क्षेत्र नै पहिले जलमग्न थिए । पृथ्वीको भित्री भागमा भएको घर्षणका कारण हिमालय क्षेत्रको उत्पत्ति भएको हो र आधुनिक विज्ञानले समेत यसलाई प्रमाणित गरेको छ । हिमालय क्षेत्रको उत्पत्ति सँगैसँगै काठमाडौं खाल्डो पनि उत्पत्ति भयो । प्राचीन ज्ञानको खानी मानिने स्वयम्भू पुराणलाई आधार मान्ने हो भने पानीले टन्न भरिएको काठमाडौँ खाल्डो ७ कोश चौडाइ र ७ कोश लम्बाइ अर्थात् २१ किलोमिटरभन्दा




*हालको काठमाडौँ उपत्यका*

बढी लम्बाइ र चौडाइ क्षेत्रफलको थियो । एक कोश बराबर करिव तीन किलोमिटर वा दुई माइल मानिन्छ ।

यो दहभित्र हालको स्वयम्भू रहेको स्थान, पशुपतिक्षेत्र र दक्षिणमा फर्पिङसम्मका क्षेत्र पर्दथे । गुह्यश्वरीक्षेत्र भने पानीको सतहभन्दा माथि नै थियो । यो क्षेत्रलाई श्लेष्मान्तक वनक्षेत्र पनि भनिन्छ । यसैगरी हालको गोकर्णेश्वर नगरपालिकामा पर्ने देशेगाउँ क्षेत्र पनि पानीको तहभन्दा माथि नै रहेको थियो ।

यो ठूलो दहको पानी एकै पटकमा हटाउन नसक्ने देखिएको थियो । हाल चीनमा पर्ने पञ्चशीर्ष पर्वतमा रहेका तत्कालीन ध्यानी तपस्वी मञ्जु देवाचार्यले नेपाल आएर योजनाबद्ध ढंगबाट काठमाडौं उपत्यकाको पानी बाहिर पठाउने निर्णय गरे । उनी केशनी र उपकेशनी नामक आफ्ना दुई पत्नीसहित पहिलोपटक हालको गोकर्णेश्वर नगरपालिकामा पर्ने तारेभीरको आसपास स्वयम्भूबाट पूर्व र उत्तरको बीचमा पर्ने पर्वत भनिएको

छ । उनले यही क्षेत्रमा आएर बृहत् उपत्यकाको परिकल्पना गरे । साथै, उनले चन्द्रहास नामक औजार (खड्ग भनिएको छ) लिएर जमिनको भिरालोपनको समेत जाँच गर्दै हालको फर्पिङ नजिक रहेको कापोतल पर्वतसम्म पुगेको र पानी निकासको पहिलो विन्दुका रूपमा त्यहीँबाट काम शुरू गरिएको स्वयम्भू महापुराणमा उल्लेख गरिएको छ ।

पहिलो कटाइपछि हालको चोभारदेखि फर्पिङसम्म क्षेत्र जलमुक्त भयो । दोस्रो चरणमा चोभारको डाँडो काटियो कछुद्र पर्वत, टाढाबाट कछुवाको आकृति जस्तो देखिने चोभारको डाँडो काटेपछि हालको पशुपतिदेखि दक्षिणको क्षेत्र पनि खाली भयो, तेस्रो चरणमा सूर्यघाट हालको पशुपति क्षेत्रलाई काटियो र तीन चरणको काम सम्पन्न हुँदासम्म हालको गोकर्णेश्वर मन्दिरबाट दक्षिणसम्मको क्षेत्र बसोबासयोग्य बन्यो, तर बृहत् काठमाडौं सभ्यताको परिकल्पनाका लागि यी तीन चरणको निकासले मात्र सम्भव थिएन । चौथो चरणमा हालको गोकर्णेश्वर मन्दिर क्षेत्रमा रहेको डाँडोलाई काटियो र बृहत् वाग्मती सभ्यताको प्रारम्भ भयो ।



*हालको गोकर्णेश्वर मन्दिरको दक्षिणमा रहेको चौथो चरणमा काटिएको गल्छी, जसबाट बृहत् वाग्मती सभ्यताको प्रारम्भ भएको हो*

## बृहत् वाग्मती सभ्यताको आधार

वाग्मती सभ्यतालाई सहज र सरल अर्थमा बुझ्दा वाग्मती नदी वरपर विकास भएको मानव सभ्यताका रूपमा बुझिन्छ । एकैछिनलाई वाग्मती छैन भनेर मान्ने हो भने वाग्मती सभ्यता पनि हालको स्वरूपमा हुँदैन थियो भन्न सकिन्छ । वाग्मती सभ्यताको प्रारम्भ हालको गोकर्णेश्वर १ नम्बर वडामा पर्ने

## स्वयम्भू महापुराणमा के छ ?

हे मैत्री बोधिसत्व ! त्यसबेला नेपाल मण्डल ठूलो दहको रूपमा थियो । त्यस दहको पानी आठ गुणले संयुक्त थियो । ती गुणहरू हन्- (१) शुद्ध, (२) सुगन्धले युक्त, (३) शीतल, (४) स्वादले युक्त, (५) हलुका, (६) पाचन गर्ने, (७) दोषरहित, (८) गुणले पूर्ण । त्यस दहको लम्बाइ ७ कोश थियो र चौडाइ पनि ७ कोश नै थियो । त्यस दहमा धेरै नागहरूले बास गरिरहेका थिए । त्यस्तै, पानीमा रहने कीराहरू, माछाहरू, भ्यागुताहरू, कछुवाहरू र अन्य जलचरहरू रहेका थिए । नागहरूले बास गरिएको हुँदा यस दह नागवासदह भनी प्रख्यात थियो । कर्कोटक नागराजले बास गराएको हुँदा यसलाई नागवासदह भनिएको हो । यस दहमा सेता, राता, पहँला र नीला विविध प्रकारका कमलहरू फुलिरहेका थिए । यस दहमा राजहंश, सारस, बकुला, हाँस, पानीहाँस आदि पानीमा रहने विविध जातका पंक्षीहरू थिए । यो दहमा रत्न, शंख, मोती आदि अनेक मणिरत्न आदिले पूर्ण भएका थिए । यस दहका चारैतिर हिमालय पर्वतले घेरिएको थियो । यसको समीपमा अरू डाँडा पर्वतहरू पनि थिए । जसमा नाना प्रकारका फूल, बिरूवाहरू, फलहरू र अन्य जातका रूखहरू, लहराहरूले शोभायमान थिए । ठाउँठाउँमा गुफाहरू र पूर्णशालाहरू थिए । जसमा अनेक ऋषिमुनि सिद्ध तपस्वीहरूले तपस्या गरिरहेका थिए । अनि यस नागवास दहमा ब्रह्मा आदि देव देवता र अप्सराहरू आई स्नान गरी धर्म कर्म गर्न आउँथे । यो दह स्वर्ग र मर्त्य लोकमा प्रसिद्ध ठूलो तीर्थ थियो । यस तीर्थस्थलमा आई स्नान गरी त्रिरत्नको शरणमा गई उपोषध आदि व्रतमा रही ध्यान योग गरी, व्रत तपमा रही शरीर शुद्ध गरेर धेरैले जीवन मुक्ति पाएका थिए ।


श्री शाक्यमुनि भगवान्ले आज्ञा गर्नुभयो- 'हे मैत्री बोधिसत्व, यही समयमा महाचीन देशको पञ्चशीर्ष पर्वत नाम भएको पाँच थुम्को चुलिएको पर्वतमा

रहनुभएका महामञ्जुश्रीको निर्माणकाय मञ्जु देवाचार्यले नागवास दहमा श्री ज्योतिरूप स्वयम्भूको उत्पत्ति भयो भन्ने कुरा ज्ञानचक्षुद्वारा थाहा पाउनुभयो । श्री मञ्जुदेवाचार्यले आफ्ना केशनी तथा उपकेशनी नामका दुई स्त्रीहरूलाई साथमा लिई त्यस्तै चीन महादेशका राजकुमार धर्माकर, चीनका लोकजनहरू, महाकाल र गणेश आदि समेत सम्मिलित गरी नागवास दहमा उत्पत्ति भएको श्री स्वयम्भू ज्योतिरूपको दर्शनार्थ त्यहाँबाट प्रस्थान गर्नुभयो । महाचीनबाट लोकजनहरूलाई साथमा लिई श्री मञ्जु देवाचार्य नागवासदहको ईशान कोणको पर्वतमा पुग्नुभयो । त्यस पर्वतमा रहेर नागवास दहमा उत्पत्ति भएको श्री स्वयम्भू ज्योति रूपको दर्शन त्यहाँ पुगेका सारा भक्तजनहरूले गरेर भक्तिभावपूर्वक पूजा गरे । यसप्रकार मञ्जुदेव आचार्य प्रभृति सकल भक्तजनहरू त्यस पर्वतमा रहेर श्री स्वयम्भू ज्योतिरूपको दर्शन गरे तथा भक्तिपूर्वक पूजा गरे । स्तोत्र आदि पाठ र जप, ध्यान गरी रातमा जागर्तनमा रहे । भोलिपल्ट बिहान सबेरै उहाँ मञ्जुदेव आचार्यले दाहिने हातमा चन्द्रहास खड्ग लिई बायाँ हातले पुस्तक समाती पञ्च बुद्धको मूर्ति भएको मुकुट पहिरेर आज्ञा गर्नुभयो : सकल लोकजनलाई बास बनाइदिने हेतुले नागवास दहको पानी बाहिर पठाउनको लागि निकास बनाउनको निमित्त म जाँदैछु । तिमीहरू यही पर्वतमा बसी हेरिरहनू । यसप्रकार आज्ञा भएको कुरा सुनी उहाँका स्त्रीहरू केशनी र उपकेशनी देवीहरू दुवैले श्री मञ्जुदेव आचार्यलाई बिन्ती गरे- 'हे नाथ, हामी दुवैलाई पनि हजुरले साथै लैजानुहोस् ।' मञ्जुदेव आचार्यले 'हुन्छ तिमीहरू दुबै साथै आऊ' भनी साथमा लैजानुभयो । मञ्जुदेव आचार्यले जमिन कतातिर ओह्रालो देखिन्छ भनी परीक्षा गरी हेर्नुभयो । साथै, ल्याइएका केशनी र उपकेशनीलाई साथै लिई पर्वत छेउ यताउता घुमिरहँदा स्फुल्लोच्च पर्वतमा पुगेपछि जेठी पत्नी केशनीदेवी थाकेर त्यहीं बसिन् । केशनी देवीलाई त्यहीं छोडी उपकेशनीलाई साथै लिई पुनः पर्वतको छेउछेउ घुम्दा ध्यानोच्च पर्वतमा पुगेपछि कान्छी पत्नी उपकेशनी पनि थाकी त्यहीं बसिन् । उपकेशनी देवीलाई त्यहीं छोडी मञ्जुदेव आचार्य पुनः नागवास दहको पानीको निकासका लागि बाटो खोज्दै जानुभयो । कापोतल पर्वतमा पुगेपछि चन्द्रहास खड्गले त्यहाँको ढुंगा काटी पानी जाने बाटो बनाउनुभयो । त्यही गल्छेडोबाट दहको पानीको साथै माछा, भ्यागुता, सर्प, जलजन्तुहरू पनि बगेर गए । नागहरूलाई पानीको साथै पठाउनु हुन्न भनी सोची मञ्जु देवाचार्यले आफ्नो चन्द्रहास खड्गले खाल्टो खनी त्यहाँ पानी जमाई नागहरूलाई बस्ने बास दिनुभयो । यसरी नागहरूलाई बास दिएको दह नागदह नामले प्रसिद्ध भयो । यसरी नागवास दहको पानी बाहिर पठाउने क्रममा कछुवा जस्तो आकारको कच्छोद्र पर्वतमा पानी जमिरहेको देख्नुभयो र मञ्जुदेवाचार्यले त्यहाँको पर्वत फोडी पानीलाई निकास दिनुभयो । सूर्यघाट भन्ने ठाउँमा पानी थुनिएको देखी त्यहाँ पनि ढुंगा काटी पानी जाने बाटो बनाउनुभयो । त्यहाँबाट पनि माथि जाँदा गोकर्णमा पानी जमिरहेको देख्नुभयो त्यहाँ पनि ढुंगा काटी पानी बाहिर पठाउनुभयो । यसरी चार ठाउँमा ढुंगा काटी गल्छेडो बनाई पानी बाहिर जाने बाटो बनाइसकेपछि ध्यानोच्च पर्वतमा रहेकी उपकेशनी र स्फुल्लोच्च पर्वतमा रहेकी केशनी स्त्रीहरूलाई साथै लिई नागवास दहको इशान दिशातिर रहेको पर्वतमा रही मञ्जुदेव आचार्यले चीनबाट ल्याएका लोकजनहरूलाई पनि त्यही राखी नागवास दहको पानी सुक्दै गरेको हेरिरहनुभयो । नागवासदहको पानी सबै सुकेर गएपछि श्री स्वयम्भू ज्योतिरूप उत्पत्ति भएको कमल ढलेर गोश्रृंग पर्वतमा अडिन पुग्यो । यसबेला मञ्जुदेवाचार्यले सबै लोकजनलाई लिई गोश्रृंग पर्वत चढी माथि गई श्री स्वयम्भू ज्योतिरूपको दर्शन र पूजा गर्नुभयो । यसबेला त्यहाँ भेला भएका भक्तजनहरूले अत्यन्त खुसी भएर श्री स्वयम्भू ज्योतिरूपको भक्तिपूर्वक पूजा, पाठ र ध्यान गरे ।

*स्वयम्भू महापुराण, फणिन्द्ररत्न बज्राचार्यद्वारा अनुवादित, प्रकाशक आशानन्द स्वधर्म विहार, प्रथम अध्याय र तृतीय अध्यायबाट*

वागद्वारबाट भएको स्पष्ट छ । वाग्मतीको यो मूल मुहान सुन्दरीजल, गोकर्णेश्वर, पशुपति, चोभार हुँदै तराईतिर लाग्छ र अन्तमा दुइ भाग भएर प्रसिद्ध गंगा तथा कोसी नदीमा मिसिन्छ । समुद्री सतहबाट २,६५० मिटरको उचाइमा उत्पत्ति भएको वाग्मती नदीको लम्बाइ समुद्री सतहबाट १,१४० मिटरको उचाइमा अवस्थित कटुवाल दहसम्म मात्र हिसाब गर्दा ४४ किलोमिटर (नापी विभाग, १९९८) लामो छ ।

स्वयम्भूबाट इशान कोणमा रहेको हालको शिवपुरी राष्ट्रिय निकुञ्ज र गोकर्णेश्वर नगरपालिकाको १ नम्बर वडामा पर्ने वागद्वारको पानीले काठमाडौ उपत्यकाभित्रै विष्णुमती, हनुमन्ते, मनोहरा, धोबीखोला, गोदावरी, टुकुचा, नख्खु खोला, बल्खु खोला लगायतलाई समेट्दै गंगामा मिसिनुअघि ५९७ किलोमिटरको दूरी तय गर्दछ । यो बृहत् नदीको छेउछाउमा विकसित सभ्यता, स्थापित सांस्कृतिक धरोहरहरू र निर्माण गरिएका मठ मन्दिर, पाटीपौवा घाटसत्तल लगायत बृहत्तर नेपाली काष्ठ, प्रस्तर र धातुकलाका सम्पूर्ण प्राचीन नमुनाहरूको एकीकृत रूप नै वाग्मती सभ्यता हो ।



*गोकर्णेश्वरदेखि फर्पिङसम्मको क्षेत्रमा वाग्मती नदीको तीन सय मिटर वरपरसम्मको बसोबास*

तराईको कर्मैयादेखि गंग्रेटिक मैदानसम्म पुग्नुभन्दा अघि महाभारत र शिवालिक पर्वतबाट उत्पत्ति भएका असंख्या सहायक नदीहरू यसमा मिसिन पुग्दछन् । वाग्मती नदीको कुल जलाधार क्षेत्र लगभग १५७ वर्गकिलोमिटर छ । वाग्मती नदीको उत्तरवर्ती क्षेत्रमा अवस्थित शिवपुरी राष्ट्रिय निकुञ्ज र यसका आसपासका क्षेत्रमा धाप, पानीमुहान, बस्तीगाउँ र पोखरी लगायतका साना ठूला गरेर धेरै सीमसार क्षेत्रहरू विद्यमान छन् । यस्ता सीमसार क्षेत्रहरूले नदीलाई भरिलो पार्न योगदान गर्दछन् । स्यालमती र नागमती खोला आफू उत्पत्ति भएको शिवपुरी पर्वतमै वाग्मती नदीसित मिसिन्छन् । ओखेनी चिलाउने र मूलखर्क जस्ता गाउँहरू वाग्मती नदीको मुहान नजिकै पर्दछन् । वाग्मती सभ्यताको वर्तमान स्वरूपका लागि आवश्यक पानीको मूल स्रोत र बृहत् उपत्यका निर्माणका लागि काटिएको अन्तिम स्थान गोकर्णेश्वर डाँडोका कारण वाग्मती सभ्यतामा गोकर्णेश्वरको स्थान उच्च छ ।

## काठमाडौं खाल्डोको प्रारम्भ विन्दु

धार्मिक इतिहास, किंवदन्ती अनि अनेक कथाहरू छन् । केही प्रामाणिक, केही प्रमाणको खोजीमा । एउटा अनौठो शहर । विभिन्न हिन्दु पुराणदेखि बौद्धग्रन्थसम्म अनि अति प्राचीन भाषा वंशावलीदेखि पृथ्वीको प्रारम्भ ब्रह्माको मिथकसम्म । यी लगायतका अनेक विशेषताहरू । बोधिसत्व, रावण र प्राग ऐतिहासिक कालखण्डका मौखिक र लिखित ग्रन्थहरू जत्तिकै पुरानो समृद्ध शहरका अनेक व्याख्या, यो गोकर्णेश्वर नगरको यथार्थ हो ।

वर्तमान नेपालमा यसले नयाँ नाम पाएको छ, गोकर्णेश्वर नगरपालिका । इतिहासमा गोकर्णको घेरो निकै ठूलो थियो, अहिले यो घेरो खुम्चिएको छ । वर्तमानमा यसको खुम्चिएकै घेरोभित्र गाँसिएका छन्, किरात, बौद्ध र हिन्दुका अनेक इतिहास तथा वर्तमान । वर्तमान गोकर्णेश्वर संसारका अतिकम स्थानमध्ये हो जसमा हिन्दु, बौद्धमार्गी र किरातीहरूले सहजै गर्विलो इतिहासको दाबी गर्न सक्छन् । तर प्रचारप्रसार र पूर्वाधारको अभावमा गोकर्णेश्वरका अथाह सम्भावनालाई अझै जीविकोपार्जन र आर्थिक समृद्धिमा बदल्न सकिएको छैन । सुन्दरीजल, तारेभीर र गोकर्णेश्वरको सेरोफेरोमा अहिले गोकर्णेश्वरको पर्यटन रूमलिएको छ ।

### काठमाडौंमा मानव बसोबास र गोकर्णको इतिहास

यो विशाल उपत्यकाको सभ्यतालाई पानीको निकास बन्द गराएर राक्षसहरूले नष्ट पार्ने प्रयास गरेका थिए । चट्टान ल्याएर उनीहरूले विभिन्न ठाउँमा थुनिदिएपछि लामो कालखण्डसम्म उपत्यका जलमग्न भयो । सामान्य रूपमा काठमाडौं उपत्यकाको पानी बाहिर निकास

हुने अन्तिम बिन्दु चोभार मानिन्छ । तर फर्पिङदेखि सुन्दरीजल तथा थानकोट चन्द्रागिरीदेखि भक्तपुरसम्मको बृहत् क्षेत्रलाई हेर्दा चोभारको मात्र निकासले उपत्यकाको पानी बाहिरिने सम्भावना देखिँदैन । धर्म, जनश्रुति र वंशावलीका आधारमा बौद्ध धर्मले मञ्जुश्री र हिन्दु धर्मले श्री कृष्णद्वारा पानीको निकास खोलेर काठमाडौं उपत्यकाकाको सभ्यता पुनःआरम्भ गरेको उल्लेख छ । बौद्धग्रन्थ र स्वयम्भू महापुराणमा काठमाडौं उपत्यकाको विशाल जल योजनाबद्ध रूपमै निकास गरिएको लेखिएको छ । पानीको सबैभन्दा बढी स्रोत भएको हालको गोकर्णेश्वर मन्दिर परिसरसँगैको डाँडो काटेर पानीको निकास सम्भव बनाएपछि विशाल उपत्यकाको रचना सम्भव भएको हो ।

## गोकर्णेश्वरको किरात सम्बन्ध

नेपालमा प्राप्त लिच्छिविकालीन शिलालेख, मुद्रा आदिमा किरात भाषाको प्रयोगले किरातीहरूको प्रभाव स्पष्ट थाहा हुन्छ । किरातीहरूलाई युद्धमा हराएर लिच्छवि शासन शुरू हुनुअघिसम्म नै हालको गोकर्णेश्वरमा किरातीहरूको शासन केन्द्र रहेको अनुमान गरिएको छ । सुन्दरीमाई, वाग्मतीको मुहान वागद्वार, गोकर्णेश्वर अनि उत्तरगयाको प्रसंग जोडिएको गोकर्णेश्वरमा किरातको सन्दर्भ नजोड्दा यसको इतिहास नै अपूरो हुन्छ । सामान्यतः राज्यहरूमाथि आक्रमण हुँदा विजयीपक्षले पुरानो राजधानी आसपासकै क्षेत्रमा वा पहिलेकै स्थानमा राजदरबार बनाउने प्रचलन देखिन्छ । लिच्छविकालीन र अंशुवर्माका पालामा समेत किराती भाषाको व्यापक प्रयोग जस्ता कारणले शुरूआती किरात राजधानी गोकर्ण आसपासमै रहेको अनुमान गरिएको हो ।

## गोकर्णको बौद्ध सम्बन्ध

काठमाडौं उपत्यका आफैंमा जटिल सांस्कृतिक परम्परा, रीतिरिवाज र धर्मको संगम हो । काठमाडौं उपत्यकाका बौद्धहरू अन्यत्रका भन्दा विशिष्ट भनिन्छन् । हजारौं वर्षको इतिहास बोकेको यो बौद्ध परम्परा बुद्धको जन्मभन्दाअघिदेखिको हो । मञ्जुश्रीले शहर बस्ने वातावरण तयार गरेपछि यो पवित्र भूमि गोकर्णसहित विभिन्न आठ स्थानमा बोधिसत्व प्रकट भएर सिद्ध प्राप्त गरेको विश्वास छ । यी आठ स्थानलाई अष्ट वैतराग भनिन्छ । गोकर्णेश्वर अष्ट बैतरागमध्ये एक हो । यसैगरी, बौद्ध धर्ममा काठमाडौ उपत्यका र वरपर गरी १२ स्थानलाई मुख्य तीर्थस्थलका रूपमा लिइएको छ । यो १२ तीर्थमध्ये गोकर्णेश्वर पहिलो पुण्य तीर्थ हो । अझै पनि केही बौद्ध धर्मावलम्बीहरू अष्टमीमा व्रत बसेर गोकर्णेश्वर जाने गर्छन् । किरातहरू सँगसँगै बौद्ध अनि हिन्दुहरूका लागि गोकर्णेश्वर अझ महत्वपूर्ण स्थान मानिन्छ ।

## बृहत् वाग्मती सभ्यतायात्रा

कटुवाल दहदेखि वागद्वार, ओख्रेनी, चिलाउने, मूलखर्क क्षेत्र समेटिने गरी वाग्मती सभ्यता यात्राको विकास नगरपालिकाले पहल तथा प्रारम्भिक अध्ययन शुरू गरेको छ । बृहत् वाग्मती सभ्यता यात्रामा वाग्मती जलाधार क्षेत्रभित्र विद्यमान ऐतिहासिक, सांस्कृतिक, धार्मिक अध्यात्मिक महत्वका सबै स्थान संलग्न गराउन सकिनेछ । यो साइकल यात्रा, मोटरसाइकल यात्रा, पैदलयात्रा लगायत यात्रा शृंखलाहरू पनि यो भित्र नै पर्दछन् । कटुवाल दहदेखि शिवपुरी डाँडा वाग्मती धापसम्मको यो बृहत् योजनामा इतिहास अमूर्त संस्कृति लगायत तल उल्लेखित विभिन्न प्रकारका यात्रामार्गहरू समेत विकास गरेर ठोस कार्ययोजनामार्फत प्रक्रिया अघि बढाउन सकिनेछ । काठमाडौं उपत्यका धार्मिक र सांस्कृतिक सम्पदाका दृष्टिले अति सम्पन्न छ । वाग्मती नदी काठमाडौं उपत्यकाभित्रको सांस्कृतिक महत्व बोकेको नदीका रूपमा रहँदै आएको छ । काठमाडौँ उपत्यकाको सभ्यताको विकास यसै नदीबाट भएको हो भन्ने पूर्ण विश्वास गरिन्छ । काठमाडौँ उपत्यकाका महत्वपूर्ण मन्दिर, घाटहरू वाग्मती नदीको किनारमा पर्दछन् । यहाँ राजा, महाराजा र सर्वसाधारणहरूले आफ्ना परिवारका दिवंगत सदस्यहरूको सम्झनामा एवं धार्मिक उद्देश्यका लागि विभिन्न पाटी, पौवा, ढुंङ्गेधारा, मन्दिर आदि निर्माण गरेका थिए । धार्मिक आस्थाले भरिएका धेरैजसो महत्वपूर्ण मन्दिरहरू नदी वरिपरि नै निर्मित भएका छन् । विश्वसम्पदा सूचीमा सूचीकृत पशुपतिनाथको मन्दिर वाग्मती नदीको किनारमा अवस्थित छ । सांस्कृतिक संस्कार वा कर्मकाण्ड पूरा गर्नका लागि नदी र यिनीहरूको दोभानको बराबर महत्व रहेको पाइन्छ । नदी किनारमा अवस्थित यस्ता सांस्कृतिक सम्पदाहरूको समुचित व्यवस्थापन गर्न गुठी लगायतका धेरै परम्परागत सामुदायिक संगठनहरू कार्यरत रहने गरेको पाइन्छ । वाग्मती कार्ययोजना (२००९-२०१४)

### पौराणिक पदमार्ग

गोकर्णेश्वर आफैंमा पौराणिक हिसाबले सम्पन्न छ । ब्रह्मा, ब्रह्माका छोरा, शिव, पार्वती, रावणजस्ता पौराणिक पात्रहरूले विभिन्न समयमा विचरण, ध्यान र उत्पत्ति गरेका स्रोतहरूलाई समग्रमा जोडेर पौराणिक पदमार्ग (पदयात्रा मार्ग) लाई मूर्तरूप दिन आवश्यक छ । पौराणिक पदमार्गमा गोकर्णदेखि सुन्दरीजल हुँदै सूर्यकुण्ड, गोसाइँकुण्डसम्मलाई सहजै समेट्न सकिन्छ ।

### किरात पदमार्ग

किराती वंशको दरबार रहेका सम्भावित क्षेत्र, किरातेश्वर महादेव (पशुपति क्षेत्र) लगायत नाममा किराती भाषाको प्रभाव देखिएका वर्तमान क्षेत्रहरूसमेतको पहिचान गरेर किरात पदमार्गको विकास गनुपर्ने देखिन्छ । किरात पदमार्गमा गोकर्णदेखि साँखु र पाटनको च्यासलसम्मका क्षेत्रलाई समेट्न आवश्यक छ ।

### लिच्छवि पदमार्ग

देशे मरू झ्या अर्थात् देशे भन्ने गाउँमा समेत नभएको झ्याल भन्ने पुरानो समृद्धिको इतिहास पुष्टि हुने देशेगाउँ, पछिल्लो समयमा तत्कालीन दरबार रहेको संकेतसहितको बालुवा भन्ने स्थानमा भेटिएको अंशुवर्माको अभिलेख रहेको स्थान लगायत चाँगुनारायणसम्मलाई गाभेर लिच्छवि पदमार्ग विकास गर्नु सान्दर्भिक देखिन्छ । यसका साथै लिच्छविकालीन प्रमाण रहेका अन्य स्थानहरूको समेत पहिचान गरियो भने यसले नयाँ पर्यटकिय आयाम थप्नेछ ।

### बौद्ध पदमार्ग

नजिकै जोडिएको बौद्धनाथदेखि परम्परादेखि नै समृद्ध हेलम्बु, पद्मसम्भव र बोधिसत्वलाई समेत जोडेर बौद्ध पदमार्ग विकास गर्न जरूरी छ । काठमाडौं उपत्यका रहेका अष्ट वैतरकमध्ये एक र १२ अति पवित्र तीर्थस्थलमध्ये पहिलो तथा मुख्य तीर्थस्थलका रूपमा परिचित पुण्य तीर्थसमेत यो अवधारणामा जोडिनुपर्छ । बौद्धमार्गीहरूले विशेष श्रद्धाकासाथ लिने गोकर्णको पुण्य तीर्थलाई आधार बनाएर फर्पिङ, भक्तपुर, गोसाइँकुण्ड र हेलम्बुसम्मको पदयात्रा मार्ग वा भ्रमण यात्रा मार्गको विकासमा ध्यान दिन आवश्यक छ ।

### पर्यावरणीय पदमार्ग

नेपालकै चर्चित पर्यटकीयस्थलका रूपमा परिचित पोखरा वास्तवमा धेरै पर्यटकीय स्थलहरूको भ्रमण गर्न सकिने प्रवेशद्वार हो । मुक्तिनाथ, अन्नपूर्ण, सर्किट, धौलागिरी, पुनहिल लगायत अनेकौं गन्तव्यका लागि पोखरा प्रवेशद्वार हो । वर्तमानमा गोकर्णेश्वरले पोखराजत्तिकै वा त्यो भन्दा ठूलो प्रवेशद्वार बन्न सक्ने सम्भावना बोकेको छ । गोकर्णबाट सुन्दरीजल, तारेभीर, शिवपुरी निकुञ्ज, चिसापानी हुँदै लाङटाङ निकुञ्जको यात्रा, गोसाइँकुण्ड, जुगल हिमालसहित ग्रेट हिमालयन पदमार्गसमेत जोड्ने गरी पर्यावरणीय पदयात्राको सम्भावना गोकर्णेश्वरसँग छ ।

## वाग्मती धाप परियोजना

गोकर्णेश्वर नगरपालिका वडा नम्बर १ मा पर्ने वाग्मती धाप परियोजना काठमाडौं उपत्यकाकै (ललितपुर र भक्तपुर) आकर्षक परियोजना हो । किनभने दुई हजार ८० देखि ९० मिटरको उचाइमा मानव निर्मित यति ठूलो पोखरी नेपालमै पहिलो हो । र, सीएफआरडी प्रविधिमा आधारित बाँध नेपालमा पहिलो त हुँदै हो ।

उपत्यकाको उत्तरपश्चिम चुचुरो मूलखर्क गाउँको सिरानमा बनिरहेको कृत्रिम ताल निर्माणको लागत ४५ करोड रूपैयाँ हो । यो ताल आठ हेक्टर अर्थात् १५८ रोपनीमा फैलिएको छ । सन् २०१५ मा काम शुरू गरिएको र २०२१ फ्रेबुअरीमा सम्झौताबमोजिम सिंचाइ विभागलाई हस्तान्तरण गरिने साइट इन्जिनियर रूपेशकुमार साहले जानकारी दिए । ८० प्रतिशत भौतिक काम सकिएको कृत्रिम यो तालमा २४ मिटर अग्लो बाँध हुनेछ । यो बाँधमा वर्षामा परेको पानी र विभिन्न जलाधार क्षेत्रबाट आएको पानी संकलन गरिनेछ । यो क्षेत्र आफैंमा धाप क्षेत्र हो । परापूर्वकालदेखि पोखरी रहेकोमा यतिखेर विस्तार गरी निर्माणको काम भइरहेको छ । किंवदन्तीअनुसार, एक रात महादेव धापमा बास बसेका थिए, बास बसेको स्थानमा बिहानीपख कुखुराको भाले बासेको सुनेपछि महादेव गोसाइँकुण्डमा गएर बसेको भनाइ छ । महादेव बसेकाले स्थानीय केही व्यक्तिले महादेवको मन्दिर पनि बनाएका थिए । तर धापमा ताल निर्माण गर्दा मन्दिर भत्काउनु परेको साइट इन्जिनियरले जानकारी दिएका छन् ।



*गोकर्णेश्वर नगरपालिका वडा नम्बर १ मा पर्ने निर्माणाधीन वाग्मतीधाप परियोजना, यो धापमा वर्षामा परेको पानी र विभिन्न जलाधार क्षेत्रबाट आएको पानी संकलन गरिनेछ । संकलित पानी वाग्मतीमा छोडिनेछ*

निर्माण हुँदै गरेको धाप बाँधले सुख्खायाममा प्रतिसेकेन्ड ४० लिटरका दरले वाग्मतीमा आठ महिनासम्म पानी छोड्न मिल्नेछ । ढलको व्यवस्थापन प्रभावकारी हुन सक्यो र सँगसँगै फोहोर व्यवस्थापन भयो भने त्यसले वाग्मतीको शिरदेखि चोभारसम्म नै सफा पानी बग्नेछ ।

मूलखर्कको सिरान आफैंमा काठमाडौँ, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाको साँध हो । सिन्धुपाल्चोकको चिसापानीमा अहिले पनि आन्तरिक र बाह्य पर्यटक पुग्ने गर्छन् । पदयात्राको नजिकको गन्तव्य मात्र होइन, गोसाइँकुण्ड, लाङटाङ राष्ट्रिय निकुञ्जका चराचुरुंगी, जंगली जनावर र अनेकथरीका पुतली हेर्नुका साथै यसै धाप ताल नजिकैबाट सिन्धुपाल्चोक हेलम्बु पनि जान सकिन्छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जका क्षेत्रमा बन्न थालेको यो बाँध पूरा हुँदा वाग्मतीमा थप पूर्वाधार पनि सम्पन्न हुनेछन् । यो तालले गोकर्णेश्वरको पर्यटकीय सम्भावनालाई नयाँ रूप दिने त निश्चित नै छ । पूर्वाधार निर्माणका निकुञ्जसँग नगरपालिकाले समन्वय गरिरहेको छ ।

## नागमती बाँध परियोजना

धाप बाँधभन्दा करिव दुई किलोमिटर तल शिवपुरी निकुञ्ज क्षेत्रमा अर्को बाँधको अध्ययन र विस्तृत डिजाइन वातावरणीय अध्ययन भइरहेको छ । धाप बाँधमा जम्मा भएको पानी नागमतीको बाँधमा जम्म भएपछि क्रमशः पानी छोड्दै जाँदा वाग्मतीमा मिसिन्छ । यो पानीबाट विद्युत निकाल्ने उद्देश्य छ भने वाग्मती नदीको सफाइ गर्ने अभियान पनि यसैसँग जोडिएको छ ।

प्रस्तावित नागमती बाँध ९० मिटर अग्लो हुनेछ र यसले ८० लाख घनमिटर पानी जम्मा गर्ने क्षमता राख्नेछ । यो बाँधबाट चार मेगावाट विद्युत् उत्पादन गर्न सकिनेछ भने त्यसले जलाधार क्षेत्र र उपत्यकामा जमिनमुनिको पानी पुनःभरण (रिचार्ज) गर्न ठूलो सहयोग गर्नेछ ।



*धाप बाँधभन्दा करिव दुई किलोमिटर तल शिवपुरी निकुञ्ज क्षेत्रमा प्रस्तावित नागमती बाँधका लागि अध्ययन कार्यको एक झलक, तस्बिर सौजन्य : इन्जिनियर नवीन शाक्य*

विस्तृत सर्वेका काम इस्ट म्यानेजमेन्ट एन्ड इन्जिनियरिङ सर्भिसेजले गरेको हो । सुन्दरीजलबाट नागमती बाँध पुग्न पाँच किलोमिटर मात्र छ । यी दुई बाँधको आकर्षणले गोकर्णेश्वर नगपालिकाको पर्यटन व्यवसाय थेगिनसक्नु हुने सजिलै अनुमान गर्न सकिन्छ ।

पर्यटन पूर्वाधारका विकासका लागि सरकारसँग मिलेर योजना बनाउनुपर्छ, नगरपालिकाले त्यो गरिरहेकै छ । यो बाँधको पर्यावरणीय अध्ययन प्रतिवेदन हाल वन मन्त्रालयमा अलमलिरहेको छ ।

## नौका विहार, बुद्ध र शिवमूर्ति योजना

नगरपालिकाले वाग्मतीका विभिन्न स्थानमा स-साना बाँध बनाएर नौका बिहारका लागि गृहकार्य गरिरहेको छ । नौका बिहार योजनाअन्तर्गत विभिन्न स्थानमा स-साना बाँध बनाएर पर्यटकीय सम्भावना बढाउन नगरपालिकाले अघिल्लो वर्ष नै यो कामका लागि तीन करोड रूपैयाँ विनियोजन गरेको छ । यसैगरी, सुन्दरीजलको शिरमा भव्य बुद्धमूर्ति र शिवमूर्ति बनाउन यो वर्ष पाँच करोड रूपैयाँ विनियोजन गरिएको छ ।

विकास निर्माणका लागि ९७ करोड ६० लाख रूपैयाँ विनियोजन गरिए पनि नगरपालिकाले केही महत्वाकांक्षी योजना अघिसारेको छ । यी आयोजनाहरू बहुवर्षीय छन् । नगरपालिकाको वडा नम्बर ३ स्थित प्रसिद्ध पर्यटकीयस्थल तारेभीरमा महादेव र बुद्धको ठूलो मूर्ति स्थापना गरी पर्यटक आकर्षित गरिने भएको छ । नगरपालिकाका सबै वडामा खानेपानीको समस्या रहेकाले समाधानका लागि बृहत् खानेपानी योजना निर्माणका लागि पनि बजेट छुट्याइएको छ । वागद्वारबाट झर्ने वाग्मतीको पानी सुन्दरीजलबाट उपत्यकामा वितरणका लागि ल्याइने भाग नगरपालिकामै पर्ने भए पनि अधिकांश क्षेत्रमा खानेपानीको समस्या छ ।

नगरपालिका-५ स्थित नारायणटार पुलबाट वडा नम्बर ४ स्थित भगवती स्थानको वाग्मती नदीमा बाँध निर्माण गरी पर्यटक आकर्षित गर्न सानो पानीजहाज चलाउन दुई करोड रूपैयाँ बजेट विनियोजन भएको छ । गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रलाई व्यवस्थित धार्मिकस्थलका रूपमा विकास गर्न खाली जग्गामा बगैँचा निर्माण गर्ने योजना पनि नगरपालिकाले अघिसारेको छ । मन्दिरमा सुनको जलपसहितको धातुको छाना छाउने कामलाई पनि निरन्तरता दिने बजेटमा उल्लेख गरिएकोमा काम सम्पन्न भइसकेको छ । साथै, ९० वर्षमाथिका वृद्धवृद्धालाई नगरपालिकाले विशेष भत्ता दिने गरेको छ ।

नगरपालिकाका मेयर सन्तोष चालिसेले प्रस्तुत गरेको बजेट नगरसभामा छलफलपछि पारित भएको थियो ।

## वाग्मतीको मुहान अर्थात् वागद्वार

शिवपुरी निकुञ्जअन्तर्गत हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूका महत्वपूर्ण धार्मिक स्थलहरू रहेका छन् । वागद्वार, जामाचो, विष्णुद्वार, तारेभीर, नागी गुम्बा आदि प्रमुख तीर्थस्थल हुन् । नव वर्षको प्रारम्भमा उपत्यका तथा वरपरका श्रद्धालुहरू वाग्मती तथा विष्णुमतीको उद्गमस्थल वागद्वार र विष्णुपादुकामा आई स्नान तथा पूजाआजा गर्दछन् । शिवपुरीको उत्तरी भेगबाट उच्च हिमालको भव्य दृश्य तथा दक्षिण ढलानबाट काठमाडौं उपत्यका देख्न सकिन्छ । धेरै पर्यटकको रोजाइमा परेको हेलम्बु जाने प्रमुख गोरेटो बाटो यस निकुञ्ज क्षेत्रभित्र पर्दथ्यो । तर अहिले मोटरबाटो बनिसकेको छ । यो सडकबाट काठमाडौंको जोरपाटी, गोकर्णेश्वर, सुन्दरीजल र धाप बाँध हुँदै सिन्धुपाल्चोकको चिसापानी पुग्न सकिन्छ ।

वागद्वार वाग्मती नदीको उद्‌गमस्थल हो । वागद्वारबाट अर्थात् शिवका वाणी प्रकट हुने मुखरूपी द्वारबाट प्रकट भएकाले नै वाग्मती नदीको नाम रहन गएको हो । सृष्टिको समयमा यहाँ पानीको समस्या थियो । पानीको समस्या सुल्झाउन ब्रह्माले भगवान् शिवको आराधना गरे । मृगेन्द्र शिखर (शिवपुरीको डाँडामा प्रकट भएर) शिवले ब्रह्मालाई वरदान दिने बेलामा शिवको थुकबाट ब्रहम विन्दु (छिटा) निस्कियो । त्यसबाट वाग्मती नदीको उद्‌भव भएको भन्ने कुरा हिमवत्खण्ड अध्याय ८६ लगायतमा पाइन्छ । यसैगरी




*शिवपुरी निकुञ्जमा रहेको वागद्वार, वाग्मती नदीको उद्‌गमस्थल*

स्वयम्भू पुराणका अनुसार ऋकुच्छन्द तथागत बुद्धले आफ्ना भिक्षुहरूलाई स्नान गराउन पानीको अभाव देखेपछि वाक्य उच्चारण (मन्त्र) मार्फत पर्वतबाट पानी उत्पन्न गराएको उल्लेख छ । वाक्यद्वारा पानी उत्पत्ति भएकाले यसको नाम वाक्यमती भनी प्रख्यात भयो । यही वाक्यमतीलाई पछि वाग्मती भन्न थालिएको हो । यो वागद्वार सुन्दरीमाई मन्दिरबाट करिव साढे दुई कोशमाथि शिवपुरीको शिर भागमा छ । समुद्री सतहबाट २,६५० मिटर उचाइमा (२०३१ सालमा सूचना विभागद्वारा प्रकाशित मेची-महाकाली) उत्पत्ति भएको वाग्मती नदीको लम्बाइ समुद्री सतहबाट १,१४० मिटर उचाइमा रहेको कटुवाल दहसम्म मात्र हिसाब गर्दा ४४ किलोमिटर लामो छ । यो बीचको वाग्मती नदीको कुल जलाधार क्षेत्र लगभग १५७ वर्गकिलोमिटर छ । (नापी विभाग सन् १९९८) ।

## शिवपुरी राष्ट्रिय निकुञ्जः प्रकृतिको अनुपम नमुना

काठमाडौं शहरबाट नजिक रहेको यो निकुञ्ज पूर्वमा चिसापानीदेखि पश्चिममा ककनीसम्म फैलिएको छ । शिवपुरी जलाधार क्षेत्रको रूपमा सन् १९८९ मा स्थापित यसको क्षेत्रफल १४४ वर्गकिमि थियो । सन् २००२ मा यसलाई शिवपुरी राष्ट्रिय निकुञ्ज नाम दिइयो भने वि.सं. २०६५ सालमा नागार्जुन क्षेत्रको १५ वर्गकिलोमिटर क्षेत्रफल समेटेर १५९ वर्ग किलोमिटर क्षेत्रफलको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज बनाइएको छ । निकुञ्जका अनुसार उत्तर दक्षिण चौडाइ सरदर ९ किलोमिटर र पूर्व-पश्चिम लम्बाइ सरदर २० किलोमिटर रहेको छ । शिवपुरी शिखरको उचाइ २,७३२ मिटर छ ।



*शिवपुरी निकुञ्जअन्तर्गत रहेको सुन्दरीमाई मन्दिर क्षेत्र*

## निकुञ्जबाट प्रतिदिन १० लाख घनलिटर पानी


शिवपुरी जंगल क्षेत्रबाट प्रतिदिन करिव १० लाख घनलिटर पानी उपलब्ध हुन्छ । सुन्दरीजलमा संकलित पानीबाट जलविद्युत् पनि उत्पादन गरिएको छ । यो नेपालको दोस्रो विद्युतगृह हो । शिवपुरीको उत्तरी ढलानमा ठूला नदीनाला नभए पनि स-साना खाले खोल्साखोल्सी थुप्रै छन् । शिवपुरी क्षेत्रबाट बग्ने नदीनालाको पानी वरपरका गाउँलेहरूले सुक्खा मौसममा खेतीपाती गर्न पनि प्रयोग गर्दछन् ।

### शिवपुरी राष्ट्रिय निकुञ्जमा चराको किसिम र पुतली

निकुञ्जको वनजंगल पूर्णरूपमा संरक्षण गरिएकाले यहाँ ३१८ किसिमका चरा, १०२ किसिमका पुतली र १२९ किसिमका च्याउ पाइन्छन् । साथै, यो निकुञ्ज दुर्लभ ध्वाँसे चितुवा, भालु, चितुवा, रतुवा, बँदेल, जंगली बिरालो, लंगुर लगायत विभिन्न जंगली जनावरहरूको आश्रयस्थल हो भने १,८०० मिटरभन्दा तलका दक्षिण मोहडा भएका डाँडाहरूमा खोटे सल्ला तथा चिलाउने कटुसको वन पाइन्छ । तल खोलाका किनार र खोंचमा मुख्य रूपमा उत्तिस प्रजाति पाइन्छ । माथिल्लो भेगमा खस्रु, बाँझ र गुराँसका मिश्रित वन रहेका छन् ।

### शिवपुरी जंगलमा पाइने रूख बिरूवा

गोकर्णेश्वर नगरपालिकाको शिवपुरी जंगलमा पाइने रूख तथा झार एवं घाँसहरूको आधारमा यहाँको वनस्पतिलाई दुई भागमा वर्गीकरण गरिएको छ । कोणधारी सदावहार र मिश्रित तथा पतझड मनसुनी वन । २,१३४ मिटरभन्दामाथिको जंगलमा शीतप्रधान हावापानीको प्रभावमा परी वर्षा र कहिलेकाहीँ हिउँदमा अलि-अलि हिउँ पर्ने हुँदा सधैं हरियो हुने बाक्लो कोणधारी वनहरू छन् । विशेषगरी, घाम कम लाग्ने पहाडी ढालहरूमा बाक्लो जंगल देखिन्छ भने घाम लाग्ने पारिलो ढालहरूमा अलि पातलो जंगल देखिन्छ । कोणधारी सदावहार वनमा गोब्रेसल्लो, उत्तिस, खस्रु, बाँझ, गुराँस, अंगेरी, चुत्रो, निगालो, चिलाउने, काफल, कटुस, कागतपाते लोक्ता, कालीकाठ पाइन्छ । शिवपुरी डाँडाको जंगलमा गाढा रातो, फिका गुलाफी र सेतो तीनथरीको गुराँस पाइन्छ । विभिन्न प्रजातिको



*निकुञ्ज क्षेत्रमा रहेको एक सूचना पाटी*



*दूरदर्शी नेता बीपी कोइरालालाई करिव १० वर्ष बन्दी बनाएर राखिएको सुन्दरीजल जेललाई हाल बीपी संग्रहालयमा रूपान्तरण गरिएको छ*

रूखका हाँगा-बिंगामा जीवन्ती (अर्किड), सुनगाभा, चाँदीगाभा लगायत उन्युहरू पनि पाइन्छ। यस क्षेत्रको झारबुटाहरूमा यसबाहेक सुन्दरीजल क्षेत्रको जंगलमा खान हुने च्याउ, निगुरो, बाँसको मुना अर्थात् तामा पाइन्छ। गोकर्णेश्वर नगरपालिकाको अधिकांश भाग २,१३४ मिटरभन्दा होचो भएकाले समशितोष्ण तथा अर्धउष्ण जलवायुको प्रभाव छ। यसप्रकारको हावापानीमा सधैं हरियो हुने र सुख्खायाममा पात झर्ने वनहरू पनि छन्। विदेशी मूलका तार्पित, काँगियो, मसला, लालपाते, कपुर आदि शहरी क्षेत्रमा देखिने यी बिरूवा मेक्सिको, अस्ट्रेलिया आदि स्थानबाट सौखिनहरूले मगाएर लगाएका हुन् भनिन्छ।

### शिवपुरी जंगलमा पशु-पंक्षी

वन्य पशुपंक्षीमध्ये मृग, जरायो, घोरल, चित्तल, चितुवा, वन बिरालो, लोखर्के, दुम्सी, स्याल, बाँदर, खरायो, भालु आदि हुन् भने पंक्षीहरूमा कालिज, तित्रा, हलेसो ढुकुर छन्।

## बीपी संग्रहालय

दूरदर्शी राजनेता बीपी कोइरालालाई करिव १० वर्ष बन्दी बनाएर राखिएको सुन्दरीजल जेललाई सरकारले बीपी संग्रहालय बनाएको छ। २०६१ भदौ २४ गते संग्रहालयको उद्घाटन नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले गरेका थिए। नेपाली सेनाले प्रयोग गर्दै आएको स्थानलाई बन्दीगृह बनाउन स्थानीय समाजसेवी परशुराम पोखरेलले अथक मिहेनत गरेका थिए। सेनाको अधीनस्थ भवन तथा जग्गाको स्वामित्व संग्रहालयको नाममा ल्याउन त्यस समयमा कठिन काम थियो। सेनाबाट जीर्ण अवस्थामा प्राप्त गरेको भौतिक संरचनालाई बीपी संग्रहालय समितिले मर्मतपछि सञ्चालनमा ल्याएको हो। नेपालका लागि राजनीतिक व्यक्तित्वका नाममा बीपी संग्रहालय पहिलो र एक मात्रै हो। बीपी संग्रहालयलाई राजनीतिक पुस्तकालयका रूपमा पनि विस्तार गरिएको छ। संग्रहालयका लागि मोरङ, सुनसरी र बनारसदेखि सामग्रीहरू जुटाइएको थियो। बीपीले प्रयोग गरेका धेरै सामग्री संग्रहालयमा छन्। २४ रोपनीमा फैलिएको बीपी संग्रहालयको भौतिक संरचना २०७२ सालको भूकम्पले पूर्ण क्षति भएको थियो। पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

पुरातत्व विभागको तर्फबाट तीनतले नयाँ भवन निर्माणाधीन छ जहाँ कार्यक्रमस्थल र प्रशासन रहने बताइएको छ। नेपाली कांग्रेसले २०३० जेठ २९ मा विराटनगरबाट अपहरण गरी भारत पुऱ्याएको विमान संग्रहालय परिसरमा राखिएको छ। जहाजको पार्टपुर्जा जोडेर अवलोकन गर्नका लागि चार करोड ७९ लाख रूपैयाँ लागेको बताइएको छ। संग्रहालयमा २००७ मा नेपाली कांग्रेसले गरेको क्रान्तिमा प्रयोग भएका तोप र ट्यांक पनि राखिएको छ।



*संग्रहालयमा संकलित विक्रम संवत् २००७ मा नेपाली कांग्रेसले क्रान्तिमा प्रयोग गरेको तोप*

राजा महेन्द्रले २०१७ साल पुस १ को कदमपछि कांग्रेस नेताहरूलाई बन्दी बनाएका थिए । सुन्दरीजल बन्दीगृहमा बीपीसँगै नेपाली कांग्रेसका तत्कालीन नेताहरू गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय, रामनारायण मिश्र, दिवानसिंह राई, योगेन्द्रमान शेरचन, जमानसिंह गुरूङ र प्रेमराज आङ्दम्बेले जेल जीवन बिताएका थिए । राजाको 'कू' पछि बीपीले करिव दस वर्ष सुन्दरीजलको बन्दीगृहमा बिताएका थिए । बीपीले बन्दीजीवनमा साहित्यिक यात्रालाई निरन्तरता दिएका थिए । बन्दी अवस्थामै बीपीले साहित्यिक कृतिहरू, 'सुम्निमा' 'तीन घुम्ती', 'नरेन्द्र दाइ', 'मोदी आइन', 'बाबु, आमा र छोरा' एवं 'हिटलर र यहुदी' लेखेका थिए । कथाको संग्रहहरू 'जेल जर्नल' 'श्वेतभैरवी', 'फेरि सुन्दरीजल' र 'आफ्नो कथा' लगायतका कृतिहरू पनि बीपीले जेल बस्दा नै लेखेका थिए ।

## चामुण्डादेवीको मन्दिर

श्रीस्वस्थानी कथामा सतिदेवीको अंगपतन भएको भनिएको प्रसिद्ध चामुण्डा मन्दिर पाँच रोपनी क्षेत्रफलमा बनेको छ । मन्दिर २०३८ सालमा पुनर्निर्माण भएको हो । सत्ययुगमा दक्ष प्रजापतिकी पुत्री सतिदेवीको मृत शरीर महादेवले बोकेर हिँड्दा, जहाँ जहाँ अंगपतन भयो, त्यहाँत्यहाँ एउटा एउटा शक्तिपीठ उत्पन्न भएको कथा श्रीस्वस्थानी पढ्न पाइन्छ । त्यही अंगपतन हुने क्रममा नेपालको जोरपाटीमा सतिदेवीको नङ पतन भएकाले त्यस स्थानको नाम चामुण्डा रहन गएको भनिन्छ । चामुण्डा देवी पनि शक्तिपीठहरूमध्येको एउटा पीठ हो । हेर्दा हातको नङ जस्तो देखिने भगवतीको शिलामा देवीस्वरूप बनाएर नित्यपूजा गर्ने गरिन्छ ।



*जोरपाटीमा अवस्थित सतिदेवीको नङ पतन भएको भनिएको प्रसिद्ध चामुण्डादेवी मन्दिर*

वर्षको दुईपटक बडादशै र चैतेदशैमा विशेष भीड लाग्ने उक्त मन्दिरमा टाढा-टाढादेखिका भक्तजनहरू आउँछन् । नवरात्रीभरि बिहानैदेखि निकै टाढादेखि भक्तजनहरू दर्शन-पूजा गर्न आए पनि बत्तीमुनि अँध्यारो भनेजस्तै राजधानीमै भएको चामुण्डको मन्दिर छायाँमा परेको छ ।

जोरपाटी चोकबाट झन्डै दुई सय मिटरको दूरीमा रहेको यस चामुण्डा मन्दिरसँगै गणेशको मन्दिर पनि छ । यसको विशेषता अच्चमलाग्दो छ । सुनिएअनुसार, पहिला कुनै समयमा एकजना घिमिरे ज्योतिष थिए, उनको नाउँ जगनाथ घिमिरे हो । उनै घिमिरे जोतिषले गणेश सिद्धि गरेका थिए भनेर स्व. कालु गुरू अर्थात् चिरञ्जीबी अर्याल गुरूले भन्ने गर्नुहुन्थ्यो । मन्दिरभन्दा सात फिट तल खन्दा पनि त्यसको जग भेटाउन सकिएन । जति तल गयो त्यति नै फराकिलो भएपछि त्यसलाई खन्न छाडियो रे । अनि राति सपनामा गणेशले दर्शन दिए रे । पहिला सेतो ढुंगा मात्र थियो पछि त्यही ढुंगामा गणेशको आकृति देखिँदै गयो भन्ने भनाइ अहिले पनि सुन्न पाइन्छ ।



*चामुण्डादेवी मन्दिर नजिकै रहेको गणेश मन्दिर*

२०४१ सालदेखि प्रत्येक वर्ष चैत्र अष्टमीका दिन चामुण्डा, गणेश र भैरवको रथ घुमाउने गरिन्छ । हजारौंको सख्यामा भक्तजनहरूको उपस्थित हुन्छन् । त्यसदिन पञ्चबलि पनि दिइन्छ भने रथलाई जोरपाटीका विभिन्न भागमा परिक्रमा गराई अन्त्यमा मन्दिरमा ल्याएर राखिन्छ र त्यहाँ दिएको पञ्चबलिको प्रसाद सबै भक्तजनलाई बाँडिन्छ ।

## जगडोल अर्थात् शहीद उद्यान (पार्क)

राजधानी काठमाडौंको चाबहिलबाट करिव पाँच किलोमिटर उत्तरमा विशाल उद्यान (पार्क) छ । करिव ६५० रोपनी क्षेत्रफलमा फैलिएको यो राष्ट्रिय शहीद तथा शान्तिपार्क स्मारक पार्क सम्भवत:

राजधानी काठमाडौं उपत्यकामा अहिलेसम्म निर्मित आधुनिक पार्कमध्येको कान्छो हो । तर यो पार्क रहेको ठाउँको ऐतिहासिकता भने सम्भवतः सबैभन्दा पुरानो हो । स्कन्दपुराणमा उल्लेख भएअनुसार गोकर्णेश्वर मन्दिरमा भगवान् ब्रह्माजीले पुजारीका रूपमा आफ्ना नाति पुलस्त्यलाई तैनाथ गरेका थिए । उनै पुलस्त्य ऋषिका नाति रावणले शक्ति तथा सामर्थ्य आर्जनका लागि मन्दिरको पश्चिमतिरको मैदानमा ठूलो यज्ञ लगाए । यज्ञको खरानी जम्मा भएर सानो पहाडै बन्यो । जसलाई यज्ञडोल भनिन थालियो । यज्ञडोलको अपभ्रंश भएर जगडोल भन्न थालिएको नगरपालिकाका प्रमुख सल्लाहकार दिपक रिसाल भन्नुहुन्छ । पार्कको भौतिक संरचना निर्माणका क्रममा जग खन्दा एक फिट लम्बाइ, एक फिट चौडाइ र एक फिट उचाइको इँटा फेला परेका कारण पनि जगडोलको ऐतिहासिकता त्रेतायुगसँग जोडिएको अनुमानलाई पुष्टि गरेको छ ।

रावणसँग जोडिएका कारणले हो या अज्ञानताका कारणले हो, जगडोलको महत्व मानिसहरूले बिर्सँदै गएका छन् । कालान्तरमा जंगल मात्रै भयो । तर आसपासमा घना बस्ती बढ्न थालेपछि जंगल मासिएर खुरीखण्ड डाँडो मात्रै बाँकी रह्यो । सरकारले सार्वजनिक जग्गामा सामुदायिक वन लगाउन सकिने अवधारणा ल्याएपछि स्थानीय सुदर्शन सिग्देलको सक्रियतामा वृक्षरोपण गरियो । सामुदायिक वनका रूपमा दर्ता गरियो । तर जगडोल सामुदायिक वनको संरक्षण तथा ऐतिहासिक महत्वको प्रचारका लागि केही न केही गर्नुपर्ने अभियानमा स्थानीयवासी थिए ।

सिग्देलले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, त्यस क्षेत्रकी सांसद् विद्यादेवी भण्डारी, माधवकुमार नेपालसमक्ष यो कुरा राखे । संसद्



*राष्ट्रिय शहीद तथा शान्तिपार्क स्मारक*

पुनर्स्थापनापछि २०६३ जेठ ४ गते बसेको संसद्को पहिलो बैठकमा शहीदहरूको स्मृतिमा पार्क निर्माण गर्ने घोषणा गरिसकेको अवस्था थियो । त्यहीबेला सिग्देल शहीद पार्कका लागि उपयुक्त जग्गा हामी निःशुल्क उपलब्ध गराउँछौं भन्दै नेताहरूकहाँ पुगे । त्यस क्षेत्रकी सांसद विद्यादेवी भण्डारी अध्यक्ष र सिग्देल सदस्य सचिव रहेको समिति बन्यो । त्यही समितिले गृहकार्य अघि बढाउँदै लैजाँदा यतिबेला ठूलो पार्क निर्माण भएको छ । २००७ सालयताका सबै शहीदहरूको अभिलेख राखिने योजना बनेको छ ।

समितिका अध्यक्ष सिग्देलका अनुसार अहिलेसम्म पार्क निर्माणको ७० प्रतिशत काम सम्पन्न भएको छ । ४६ करोड ७१ लाख रूपैयाँ बजेटको परियोजना हो यो । यसको वित्तीय प्रगति ५८ प्रतिशत छ । यतिबेला पार्कले वार्षिक २५ लाख रूपैयाँ आम्दानी गर्न थालेको छ । हरेक वर्ष उल्लेखनीय रूपमा आम्दानी बढिरहेको छ । ३१ वटा टोलीलाई वनभोज गर्न मिल्ने गरी स्टल निर्माण गरिएको छ । प्रायःजसो स्टलहरू एक महिनाअघिदेखि नै बुक भएका हुन्छन् । स्टल बाहिर पनि वनभोज गर्ने सुविधा छ । वनभोजका लागि प्रतिस्टल १५ सयदेखि तीन हजार रूपैयाँसम्म शुल्क निर्धारण गरिएको छ । फिल्म छायाँकनका लागि पनि दैनिक चार पाँच टोलीहरू पुग्ने गर्छन् । ठूलो पर्दाको फिल्म छायांकनका लागि एक हजार र सानो पर्दाको फिल्म छायांकनका लागि दैनिक पाँच सय रूपैयाँ शुल्क निर्धारण गरिएको छ ।

दैनिक पाँच सयजना पार्क अवलोकनका लागि जान्छन् । अवलोकन गर्न जानेहरूका लागि प्रतिव्यक्ति १० रूपैयाँ शुल्क निर्धारण गरिएको छ । मर्निङ वाकका लागि निःशुल्क गरिएको छ । सरदर दैनिक पाँच सयजना मर्निङ वाकमा जान्छन् । पार्कभित्रै निःशुल्क योगाको व्यवस्था पनि गरिएको छ । साइकिलिङको राष्ट्रिय गेम यसै पार्कमा सम्पन्न भइसकेको छ । अब निकट भविष्यमै सार्कस्तरीय खेलकुद पनि हुँदैछ । पार्कभित्रै नर्सरीको व्यवस्था पनि गरिएको छ । नेपाल स्काउटले विपद् व्यवस्थापन तालिम पनि यही पार्कमा सञ्चालन गर्न थालेको छ । प्रहरी र सेनाले पनि विपद् व्यवस्थापनका कुनै कुनै तालिमहरू यसै पार्कमा गर्ने गर्दछ ।

## गोकर्णेश्र देशे

गणतन्त्र स्थापना हुनुअघि नेपालमा शाहवंशीय राजाहरूले राज्य गर्थे । शाहवंशीय राजाहरूभन्दा अघि मल्लवंशीय राजाहरूले राज्य गर्थे । मल्लवंशीय राजाहरूभन्दाअघि लिच्छवीवंशीय राजाहरूले राज्य गर्थे । तर लिच्छविकालको विस्तृत इतिहास फेला पर्न नसकेका कारण नेपालको इतिहासमा अन्योल देखिएको हो । भक्तपुरको चाँगुनारायण मन्दिरमा राजा मानदेवले राखेको शिलालेखका आधारमा लिच्छविकालमा नेपाल निकै समुन्नत भएको विश्वास गरिन्छ । त्यसबेला नेपालको राजधानी काठमाडौं उपत्यकाको कुन ठाउँमा थियो भन्ने प्रमाण अझै एकीन हुनसकेको छैन । भक्तपुरको चाँगुनारायण, काठमाडौंको गोकर्ण र बालुवामध्ये एक ठाउँमा राजधानी थियो भन्ने निष्कर्षमा भने कतिपय पुरातत्वविद् पुगेका छन् ।

चाँगुनारायणको अभिलेखमा 'गोकर्णश्र देशे' भन्ने उल्लेख गरिनु र गोकर्णको उच्चसमस्थलीमा देशे नाम गरेको धेरै पुरानो गाउँ हुनु संयोग मात्रै होइन । लिच्छविकालमा नेपालको राजधानी गोकर्णमै थियो भन्ने अनुमानलाई यो अभिलेखले पुष्टि गरेको छ । राजधानी काठमाडौंको रत्नपार्कबाट करिव १० किलोमिटरको दूरीमा देशेगाउँ पर्छ । करिव एक सय



*'गोकर्णश्र देशे' मा रहेको कान्ति भैरवनाथ*

७७ घरधुरी छन् । गोकर्णमा शिकार आरक्ष निर्माण गर्ने क्रममा देशेगाउँको आधा घरधुरीलाई पञ्चायतकालमै स्थानान्तरण गरिएको थियो । लिच्छविकालीन मठ मन्दिर, देवालयहरू देशेगाउँमा एक दर्जनभन्दा बढी अहिले पनि छन् । राजा मानदेवसँग जोडिएका केही सम्पदाहरू पनि यस गाउँमा छन् ।

## नगरपालिकाका घुम्नै पर्ने स्थानहरू

चामुण्डा मन्दिर, महांकाल मन्दिर, शहीद पार्क, उत्तरवाहिनी, सुन्दरीजल, बीपी संग्रहालय, विद्युतगृह, मेलम्ची ट्यांकी, मेलम्ची सुरूङ, मूलखर्क, सुन्दरीमाई, तारेभीर, वागद्वार, चिसापानी, देशेगाउँ आदि ।

स्थानीय ७७ वर्षीय राम श्रेष्ठका अनुसार राजा मानदेवले गोकर्ण र भक्तपुरको चाँगुनारायण दुवै राज्यमा शासन गर्दथे । मौलिक नेवारी संस्कृतिको गाउँ गोकर्णेश्वर नगरपालिका वडा नम्बर ४ मा पर्छ, । गाउँको प्रवेशद्वारमै लिच्छविकालीन कलात्मक भीमसेन मन्दिर छ । त्यहाँ रहेको चण्डेश्वर मन्दिरमा बच्चा जन्मेपछि न्वारान गरेजस्तै गाईभैंसी ब्याएपछि १२ दिनभित्रमा पूजा गर्नुपर्ने प्रथा छ । गाउँको बीचमा श्री पकनावती गणेश मन्दिर, नाटेश्वर महादेव र तलेजु भवानीको मन्दिर छ । चिवा बुद्ध, पञ्चमुखी बुद्धको मूर्ति पनि छ । यहाँ वर्षेनी वैशाख ४ देखि ८ गतेसम्म धूमधामसँग कान्ति भैरवनाथको जात्रा मनाउने गरिन्छ । प्रख्यात गोकर्णेश्वर मन्दिरको पूजाआजा तथा मन्दिरसँग जोडिएका जात्रा तथा पर्वहरू पनि देशेगाउँले धान्दै आएको छ । धार्मिक महत्व बोकेको गोकर्णेश्वरको मन्दिरमा भदौ कुसेऔंशी र पुसमा पौषगया औंशीमा लाग्ने पितृकार्य मेलाको व्यवस्थापकीय काम पनि देशेगाउँले नै गर्दै आएको छ । पितृपुण्य कार्य गर्न र गोकर्णेश्वर मन्दिरको दर्शन तथा अवलोकन गर्न हजारौं मानिस गोकर्ण पुग्छन्, सोही नजिकैको उत्तरगयामा पनि उत्तिकै भक्तजन जान्छन् । नजिकै रहेको नवनिर्मित शहीद पार्कले पनि पर्यटक तान्न थालेको छ । तर लिच्छविकालीन सभ्यताको धरोहर, नेवारी संस्कृति र परम्पराको सम्पदास्थल गोकर्णेश्वर देशेगाउँले पर्यटक भने तान्न सकेको छैन ।



'गोकर्णश्र देशे'मा रहेको तलेजु भवानीको मन्दिर

कान्तिभैरव, तलेजु भवानी, नाट्येश्वर महादेव, पकनावती गणेश जस्ता मन्दिर छन् । नवरात्रिको तेस्रो दिन शहरबासीहरू गोकर्ण नुहाउन आउँदा नुहाउने ऐतिहासिक पोखरी पनि यहाँ छ । स्थानीय बासिन्दाका अनुसार, यहाँको तलेजु भवानीलाई दुधेपाडो बलि चढाउने चलन छ । बलि चढाएपछिको रगतलाई प्रसादको रूपमा गाउँभरिका सबैलाई बाँड्ने र त्यसले रोगव्याधि हरण गर्ने स्थानीयको विश्वास छ । काठमाडौं उपत्यका (तत्कालीन नेपाल) मा ईस्वीको चौथोदेखि नवौं शताब्दीसम्म लिच्छविवंशले शासन गरेको थियो । चाँगुमा प्राप्त ऐतिहासिक प्रमाणको आधारमा वि.सं. ५२१ तिर गोकर्णमा बस्ती बसिसकेको मान्न सकिन्छ ।

## गोकर्णको नामाकरण

पृथक्-पृथक् नाम भएका पाँचवटा गाविसलाई मिलाएर पौराणिक तीर्थस्थल गोकर्णेश्वर मन्दिरका नामबाट गोकर्णेश्वर नगरपालिका नामाकरण गरिएको हो । वाग्मती प्रश्रवण क्षेत्रका तीर्थस्थलमध्ये गोकर्णेश्वर महादेवको मन्दिर सबैभन्दा प्राचीन रहेको जनविश्वास छ । वेदमा समेत गोकर्णेश्वर महादेवको उल्लेख रहेकाले यसको पौराणिकता अनुमान गर्न नसकिने प्रा.डा. ऋषिराम पोखरेल बताउनुहुन्छ ।

यो ठाउँ महादेवको बासस्थान भएको विषयमा पौराणिक ग्रन्थमा धेरै सामग्रीहरू छन् । तर यस ठाउँलाई गोकर्ण किन भनियो ? यस विषयमा प्रमाणित सामग्री खासै छैनन् । विगत तीन दशकदेखि मन्दिर परिसरमा तपस्या गरेर बसेका 'राम बाबा' भन्नुहुन्छ– 'शिवपुरीबाट हेर्दा यो ठाउँ गाईको कान जस्तै देखिन्छ, त्यसकारण पनि गोकर्ण भनिएको किंवदन्ती छ । ऋषि गोकर्णले यही ठाउँमा जन्मेर यही ठाउँबाटै पितृउद्धारको आरम्भ गरेका कारण यो ठाउँको नाम गोकर्ण भएको हो । भागवत पुराणमा गोकर्ण ऋषि जस्तो ठाउँमा जन्मेका थिए भनेर उल्लेख गरिएको छ, त्यो ठाउँ र यो ठाउँ मिल्दोजुल्दो छ ।'

### भागवत पुराणमा गोकर्णको कथा

पितृउद्धारका लागि गरिने सप्ताह भागवत पुराणमा उल्लेख छ । शिवपुरीको काखमा रहेको सुन्दर गाउँमा आत्मदेव नाम गरेका ब्राह्मण र धुन्धुली नाम गरेकी ब्राह्मणी बस्थे । उनीहरूका सन्तान भएनन् । सन्तानका लागि ठूलो आराधना गरेपछि गंगामा तपस्या गरेका एक साधुले आत्मदेवलाई एउटा फल दिँदै भने, 'यो फल श्रीमतीलाई खुवाउनु, भगवान्को अंश भएको पुत्र जन्मने छ ।' आत्मदेवले उक्त फल श्रीमतीलाई दिए । तर श्रीमतीले गाईलाई खान दिइन् र आफू गर्भवती भएको नाटक गरिन् । १० महिनापछि बहिनीको भर्खर जन्मेको छोरा ल्याएर आफूले छोरा पाएको भन्दै श्रीमान्को आँखा छलिन् । धुन्धुलीको कोखबाट



नेपालकै प्रसिद्ध गोकर्णेश्वर महादेवको मन्दिर

जन्मिएको ठाउँदै उनको नाम धुन्धुकारी राखियो । यसैगरी, उक्त फल खाएको गाईले पनि त्यही बेला बालकलाई जन्म दिईन् । गाईको जस्तो कान भएको र गाईबाटै जन्मेकाले उनको नाम गोकर्ण राखियो ।

गोकर्ण निकै ज्ञानी भए, धुन्धुकारी मूर्ख भए । धुन्धुकारीले धेरै अपराध गर्न थाले । अपराध गर्दागर्दै श्रीमतीका रूपमा आफ्नै घरमा जम्मा पारिएका वेश्याद्वारा उनी मारिए । उनको शरीरलाई घरभित्र गाडेर वेश्याहरू लाखापाखा लागे । यता, वर्षौंपछि धेरै ज्ञान आर्जन गरेर ठूला ऋषिका रूपमा गोकर्ण आफ्नो घरमा आए, तर घरमा कोही पनि थिएनन् । रित्तो घरमा राति सुतिरहेका बेला धुन्धुकारीको आत्माले चीत्कार गर्न थाल्यो । आफू यसरी मारिएको र प्रेतका रूपमा दुःख पाइरहेको धुन्धुकारीले बताए ।

यता, गोकर्णले शान्ति पाउन नसकेका आत्माहरूको उद्धारका बारेका भगवान् शिवजीकै मुखबाट शुकदेव ऋषिले ज्ञान आर्जन गरेको थाहा पाएका थिए ।



गोकर्णले शुकदेव ऋषिलाई बोलाएर सप्ताह ज्ञान महायज्ञ लगाई धुन्धुकारीको आत्मालाई उद्धार गरे । त्यसपछि गोकर्णले दिवंगत पितृहरूको उद्धारका लागि उत्तरगयामा बसेर अभियान नै चलाए । वाग्मती नदी जुन ठाउँमा दक्षिणबाट उत्तरतिर बग्छ, त्यही ठाउँलाई उत्तरगया भनिन्छ । गोकर्णले पितृहरूको उद्धार आरम्भ गरेको ठाउँ भएकाले उत्तरगयालाई गोकर्ण भन्न थालिएको हो । यसैगरी स्वयम्भू पुराणका अनुसार, पाञ्चाल देशका राजकुमार गोकर्णको उद्धार भएकाले गोकर्णेश्वर नाम प्रारम्भ भएको हो ।

## गोकर्णेश्वरको पूजा परम्परा



*गोकर्णेश्वर मन्दिरका हालका मूल पुजारी जगदीशचन्द्र भट्ट*

पशुपतिनाथको मन्दिर जस्तै गोकर्णेश्वर मन्दिरमा पनि दक्षिण भारतबाटै आएका भट्टहरूद्वारा पूजा आराधना हुने परम्परा छ । यो परम्परा युगौंदेखि शुरू भएको बताउँदै मूल पुजारी जगदीशचन्द्र भट्ट भन्नुहुन्छ– 'भगवान् ब्रह्माजीले आफैंले यहाँको पूजाआजाको परम्परा शुरू गर्नुभएको हो, उहाँका सन्ततीले नै अहिलेसम्म निरन्तरता दिँदै आएका छन् । ब्रह्माजीका सन्तती नेपालमा नभएका होइनन्, तर वंशानुगत रूपमै माछामासु सेवन नगरेको र तान्त्रिक विधि जानेको पुजारी हुनुपर्ने भएकाले दक्षिण भारतबाट भट्ट ल्याउन थालियो । आदिशंकराचार्यको नेपाल आवागमनपछि पशुपतिनाथको महिमा पनि बढ्दै गयो, दक्षिण भारतबाट आएका गोकर्णेश्वरका भट्टहरूले नै पशुपतिनाथको पूजा चलाउन थाले । तर पशुपतिका भट्ट नेपाली नागरिक हुन नमिल्ने, परम्परा बसाइयो भने गोकर्णेश्वरका भट्टलाई नेपालीकरण गरियो ।'

तत्कालीन मल्ल राजा जयस्थिति मल्लले नेपाल संवत् ५१२ मा दक्षिण भारतको कर्नाटक राज्यबाट पहिलो भट्ट पूजारीका रूपमा नारायण भट्टलाई निम्त्याएर पूजापाठ नियमित गराएको इतिहास छ । नारायण भट्ट भारत फर्किएपछि फेरि अर्का भट्टलाई ल्याएका थिए । त्यसउप्रान्त महेश्वर भट्ट, गोपाल भट्ट, गणेश भट्ट, राजाराम भट्ट, पुरूषोत्तम भट्ट, केशव भट्ट, जगदीशचन्द्र भट्ट यहाँको मूल पुजारी रहिसकेका छन् ।

विक्रम संवत् १८५७ सालदेखि गोकर्णेश्वरका भट्टलाई नेपालीकरण गरिएको हालका मूल पुजारी जगदीशचन्द्र भट्ट बताउनुहुन्छ । गोकर्णेश्वर मन्दिर र पशुपतिनाथ मन्दिरको पूजाविधि करिव-करिव उस्तै हो, तर पशुपतिनाथ मन्दिरमा दक्षिण भारतका भट्टहरूलाई पुजारी नियुक्त गर्ने परम्परा यथावत् राखिएको छ भने गोकर्णेश्वर मन्दिरका भट्ट पुजारीलाई नेपालीकरण गरिएको छ । यसो किन गरियो ? यो कुरा पनि अनुसन्धानको छुट्टै पाटो हो । ६२ वर्षीय मूल पुजारी भट्ट भन्नुहुन्छ- 'नेपालीकरण भएको म पाँचौं पुस्ताको हुँ । मेरा छोरानातिले यो परम्परालाई निरन्तरता दिए भने ठीकै हुन्छ, दिएनन् भने फेरि दक्षिण भारतबाटै भट्ट खोजेर ल्याउनुपर्ने हुन्छ, तर यी दुवै विकल्प म सहज देख्दिनँ ।' किन सहज छैन त ? यो प्रश्नमा उहाँले भन्नुभयो- 'गुठी प्रायः सबै मासिइसक्यो, तलब मासिक पाँच हजार पाँच सय हुन्छ, त्रिभुवन विश्वविद्यालयमा जागिरसमेत भएकाले मैले त्यसैको आम्दानीबाट घर खर्च धान्न सकेको छु । उदाहरणका लागि शिवरात्रीको पूजा गर्न गुठी संस्थानबाट २६ रूपैयाँ ७८ पैसा आउँछ, तर खर्च भने एक लाख रूपैयाँभन्दा माथि हुन्छ । मेरा छोराहरूमध्ये एउटा इन्जिनियर छ, ऊ धेरै नै व्यस्त छ, अर्को छोरा बैंकमा अफिसर छ, उसलाई पनि फुर्सद हुँदैन, आफ्नो पेसा छाडेर उनीहरूले मेरो विरासत सम्हाल्लान् भन्ने कुरामा मलाई शंका छ । त्यसैगरी, हातमुख जोर्ने समस्या हुने तलब सुविधाका कारण दक्षिण भारतबाट भट्ट आउने सम्भावना पनि न्यून देख्छु ।' तर सृष्टिकर्ता स्वयं ब्रह्माजीले नै स्थापना गरेर आफैंले पूजा आराधना शुरू गरेको पवित्र तीर्थस्थल भएको उल्लेख गर्दै उहाँले भन्नुभयो- 'यहाँको पूजा परम्पराले निरन्तरता पाउने कुरामा म विश्वस्त छु ।'

## घाट तथा तीर्थहरूको शहर


काठमाडौं उपत्यकामा भएका घाट र धार्मिकस्थलहरू कति छन्, हामीमध्ये धेरैलाई जानकारी नहुन पनि सक्छ । अघिल्लो पुस्ताले गरेको नामाकरण र धार्मिकस्थलहरूको महत्वबारे जानकारी राख्नु, राख्न प्रेरित गर्नु स्थानीय सरकारहरूको कर्तव्य नै हो । गोकर्णेश्वरको सुन्दरीजलदेखि चोभारभन्दा तल रहेको सुन्दरीघाटसम्ममा कुल १००८ वटा घाट तथा धार्मिकस्थलहरू रहेका छन् । ती सबै घाटहरूको आ-आफ्नै महत्वपूर्ण विशेषता रहेको बताउनुहुन्छ प्रा.डा.ऋषिराम पोखरेल । गोकर्णेश्वरको वरपरको तीनदेखि चार किलोमिटरको क्षेत्रभित्र मात्रै पनि दर्जनौं तीर्थस्थल तथा घाटहरू छन् । तिनीहरूमध्ये केहीको नाम निम्नानुसार छन् :- सप्तर्षिघाट, कपोलतीर्थ, पिंगलादेवी घाट, कोलमतेश्वर महादेव (खडानन्द ब्रह्मचारी लगायतले तपस्या गरेको स्थान), कैलाशपुर, उत्तरवाहिनी, कान्तिघाट, कोलमती, चोलमती र वाग्मतीको संगम (जसमा नुहाउँदा १६ हजार गाई दान गरे बराबरको पुण्य हुन्छ भन्ने विश्वास गरिन्छ), पुडासैनीघाट, मसानेश्वरघाट (नेवार समुदायहरूको घाट), अत्रि घाट, सुवेदी घाट, पोखरेलहरूको घाट, ढकाल घाट, उनलिंगेश्वर, काकेश्वर (काकगंगेश्वर), बराह कर्णेश्वर (बराह घाट), गणेश घाट (घटक गणेशको घाट), सहश्रेश्वर घाट (दशरामा नुहाउने घाट), दधिचि घाट, अगत्स्य घाट, वाग्मती, नागमती र स्यालमतीको संगम, यी पवित्रस्थलहरू अहिलेको जोरपाटी र मूलपानी जोड्ने पुलभन्दा माथिको चार किलोमिटरको दूरीमा यी घाटहरू छन् भनिन्छ ।

## १२ तीर्थमध्ये पहिलो गोकर्णेश्वरमै

काठमाडौं र ललितपुरमा मात्र १२ वटा तीर्थ छन् । गोकर्णेश्वर नगरपालिकाको गोकर्णमा पुण्यतीर्थ छ । यो पुण्यतीर्थ नै पहिलो हो । यसपछि क्रमशः गुह्येश्वरीमा शान्ततीर्थ, शंखमूलमा शंकरतीर्थ, धनवन्तरीमा राजतीर्थ (ललितपुर, ज्वागल), टोखा जानेबाट (फुसिंख्यः) मा मनोहरतीर्थ, शोभाभगवतीमा (भचा खुसी) निर्मलतीर्थ, विष्णुमती (कंकेश्वरी) मा निधानतीर्थ (काठमाडौं गणेशस्थानबाट जाँदा जहाँ विष्णुमती भेट हुन्छ), कालमिटीमा ज्ञानतीर्थ (प्रहरी चौकी पछाडि), चिन्तामणितीर्थ (वाग्मती र विष्णुमती भेटिने दोभानमा, पचली), प्रमोदतीर्थ (दानगाःबयोधा अस्पतालसँगै), सुलक्षणतीर्थ (चोभार) जयातीर्थ (नक्खुखोलाको नाम प्रभावती हो, त्यो नदी वाग्मतीमा मिलेपछिको दोभान) रहेका छन् । हरेक तीर्थहरूबारे किंवदन्ति र जनश्रुतिहरू छन् भने कतिपय त चाखलाग्दा पनि छन् । यी तीर्थमा स्नान गर्ने र दान गर्ने फरक फरक विधि र सामानहरू छन् । तर अहिले कतिपय तीर्थ लोप भएर गएका छन् भने कतिपय लोपोन्मुख छन् । अझै खोज तथा अनुसन्धानको खाँचो महसुस भएको छ ।

# नेपाली साहित्यमा गोकर्णेश्वर नगरपालिकाको योगदान

नेपाली साहित्यमा गोकर्णेश्वर नगरपालिकाको योगदान उल्लेखनीय छ । भैरव अर्याल, रमेश विकल, प्रा.डा. ऋषिराम पोखरेल, विजय चालिसे, कञ्चन पुडासैनी, गोविन्द घिमिरे वेदमणि, बाजुराम पौडेलजस्ता चर्चित साहित्यकारहरूको योगदान राष्ट्रियस्तरमै छ । नयाँ पुस्ताका कविहरू तथा कथाकारहरू पनि गोकर्णेश्वर नगरपालिकामा धेरै छन् ।




## भैरव अर्याल



नेपाली साहित्याकासमा प्रसिद्ध हास्यव्यंग्यकार हुन् भैरव अर्याल । उनी नेपाली हास्यव्यंग्य निबन्ध फाँटमा निकै चर्चित छन् । भैरव अर्यालको जन्म १९९३ असोज ५ गते ललितपुरको कुपण्डोलमा भएको हो । उनकी माताको नाम खेमकुमारी अर्याल र पिताको नाम होमनाथ अर्याल हो । नेपालीमा एमए, साहित्यरत्न र संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका अर्यालले पत्रकारिता पनि गरेका थिए । पत्रकारितामा अध्यापन र खोज तथा अनुसन्धानमा संलग्न उनका भतिजा निर्मल अर्यालले लेखेका छन्- पेट मिचिमिची हँसाउने गरी सामाजिक बेथिति, विसंगतिविरूद्ध आफ्नो तिखो व्यंग्यवाण मात्र भैरवले चलाएनन्, धुरूधुरू रूवाउने सिर्जना (विशेषगरी कविता)समेत रचना गरेका थिए । (नयाँ पत्रिका दैनिक, २३ मंसिर) । प्रजातन्त्रको अभ्युदय २००७ सालपछिसँगै ठोस आकार ग्रहण गर्दै गरेको नेपाली पत्रकारितामा भैरव अर्यालको उच्चकोटिको श्रम, सीपका विषयमा भने खासै व्याख्या भएको छैन ।

अर्याल रोजीरोटीका लागि शुरूआती दिनहरूमा शिक्षक रहे पनि ०१५ सालदेखि औपचारिक रूपमा पत्रकारितामा आबद्ध भएका थिए । ०१५ सालमा त्यतिवेलाको चर्चित दैनिक 'हालखबर' मा संलग्न भएलगत्तै भाषामा बलियो पकड राखेका भैरवको व्यंग्य साहित्यसँगै पत्रकारिता पनि व्यावसायिक भएको देखिन्छ । त्यतिवेला 'हालखबर'मा मदनमणि दीक्षित प्रधान सम्पादक थिए ।

उनी ०१८ फागुन ५ देखि सहायक सम्पादकको रूपमा 'गोरखापत्र'मा प्रवेश गरेको उनका भतिजा एवं साहित्यकार निर्मल अर्यालले उल्लेख गरेका छन् । 'गोरखापत्र'मा रहँदै उनले पूर्वी जर्मनीको कलेज अफ सोलिडारिटीबाट पत्रकारितामा डिप्लोमा गरे र अंग्रेजी भाषा पनि बलियो बनाएका थिए । नेपालका विभिन्न स्थान, भारत, जर्मनी, बंगलादेशको भ्रमण गरेका

अर्याल नेपाली हास्यव्यंग्य साहित्य आकाश कहिल्यै ननिभ्ने तारा हुन् । उनको निधन २०३३ असोजमा काठमाडौंको गोकर्णमा भएको हो ।

### भैरव अर्यालको साहित्यिक यात्रा

उनले सर्वप्रथम २००९ सालमा 'नयाँ जीवन' शीर्षक कविता रचेर लेखनयात्रा शुरू गरेका हुन् । उनको पहिलो रचनाका रूपमा २०१३ मा 'नव निर्माण' शीर्षकको कविता प्रकाशित भएको थियो । उनले हाँस्यव्यंग्य, काव्य आदिमा कलम चलाए । २०२२ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कविता महोत्सवमा भैरव अर्याल प्रथम भएका थिए । उनका केही चर्चित निबन्धहरूमा जय भुँडी, चुरोट, केही झिलिमिली संस्मरण, लाहुरेको यात्रा-संस्मरण, भान्सा भो हजुर ?, विकृति प्रतियोगिताको आयोजक समिति, नाम फेर्ने धुनमा, 'उडाउनु' सित एकछिन उड्दा, केही राष्ट्रिय रोग : एक अनुसन्धान, मपाईं जस्ता कृति सार्वजनिक भएका छन् । जीवनभर सबैलाई हँसाएका भैरव अर्यालले २०३३ असोजमा गोकर्णमा देहत्याग गर्नुअघि कोरेको यस कविताले धेरैलाई रूवाएको छ ।

**टाढाटाढा एउटा गाउँमा**
**बाजेबराजु मरेकै ठाउँमा**
**म पनि अचानक अस्ति खसेको छु**
**त्यसैले आफू आफ्नै किराया बसेको छु ।**
**ए कोही नआओ बोलाउन मलाई**
**मभित्र आफ्नै कोलाहल छ**
**निषेधको कोरा बारी बसेको छु**
**आफ्नै वियोग वेदनाको हलाहल छ ।**

## रमेश विकल (रामेश्वर शर्मा चालिसे)

अर्का वरिष्ठ साहित्यकार रमेश विकल हुन् । रमेश विकलको जन्म गोकर्णेश्वर नगरपालिका, जोरपाटी आरूबारीमा १९८५ कात्तिक २२ गते भाइटीकाको दिन भएको हो । चन्द्रशेखर र छायादेवी चालिसेको कोखबाट जन्मेका विकलको वास्तविक नाम रामेश्वरप्रसाद चालिसे हो । वरिष्ठ आख्यानकार रमेश विकलको न्वारानको नाम इन्दुशेखर हो । रमेश विकलको विवाह १२ वर्षको उमेरमा सात वर्षकी सुशीलासँग भएको थियो । विकलका दुई छोरा र चार छोरीहरू रहेका छन् । उनका छोरा विजय चालिसे पनि वरिष्ठ साहित्यकार हुन् । विजय चालिसेको चिनारी वरिष्ठ पत्रकारको रुपमा पनि छ । गोरखापत्रमा उप-सम्पादकबाट उनको पत्रकारिता-यात्रा शुरू भएको हो । पछि उनी गोरखापत्र संस्थानका अध्यक्ष समेत भए ।



विकलका पिता चन्द्रशेखर उपाध्याय हार्मोनियम र तबला बजाएर भजन गाउँथे । यही प्रभावबाट विकलले हार्मोनियम, तबला, भ्वाइलिन र बाँसुरी बजाउन सिके, तर रेडियो नेपालको स्वर परीक्षामा असफल भएपछि यो क्षेत्रबाट टाढिए । उनले चित्रकलाको आधारभूत शिक्षा भने चन्द्रमानसिंह मास्के र आनन्दमुनि शाक्यबाट लिएका हुन् ।

प्रगतिवादी साहित्यकार विकलको २००५ र २००६ सालतिर हस्तलिखित पत्रिका 'सन्देश'को पहिलो अंक (२००५) मा पहिलो कविता प्रकाशित भएको थियो । उनको सार्वजनिक साहित्यिक यात्रा भने २००६ सालमा शारदा पत्रिकामा 'गरिब' कथा प्रकाशित भएपछि भएको हो । उनले कथाकार र उपन्यासकारका रूपमा प्रसिद्धि पाएका थिए । अविरल बग्दछ इन्द्रावतीका लेखक विकलले आख्यान, यात्रा साहित्य र बालसाहित्यमा प्रमुख रूपमा कलम चलाए । उनी नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ पनि थिए । नयाँसडकको गीत कथासंग्रहका लागि उनले २०१८ सालको मदन पुरस्कार पाएका थिए, त्यतिबेला उनको उक्त कथासंग्रह पाण्डुलिपिमै थियो ।

नेपाली साहित्यिक भण्डारमा कथा, उपन्यास, नाटक, यात्रा, आत्मसंस्मरण, व्यंग्य र बालसाहित्यका ५५ वटा पुस्तक प्रकाशित गरेर रमेश विकलले नेपाली साहित्यलाई महत्वपूर्ण योगदान पुऱ्याएका छन् । उनका कथासंग्रह ७, उपन्यास ४, नाटक एकांकी ४, यात्रासाहित्य ३, आत्मसंस्मरण २, व्यंग्य १, बालसाहित्य २७ र अनुवादका ७ कृतिहरू प्रकाशित छन् ।

## प्रा.डा. ऋषिराम पोखरेल

वेदमा पीएचडी गरेका डा.ऋषिराम पोखरेल साहित्यकारका रूपमा स्थापित नाम हो । गोकर्णेश्वर नगरपालिकाको सुन्दरीजलमा जन्मे-हुर्केका डा.पोखरेलले कविता, निबन्ध, समीक्षा, मनकामना स्तोत्र संग्रह, मनकामना पूजाविधिजस्ता कृति प्रकाशित गरेका छन् । २००० साउन २४ गते जन्मिएका प्राध्यापक पोखरेल नेपालको समन्वयात्मक दर्शन, चरित्र विज्ञानजस्ता उच्चकोटिका दर्शन लेखेका छन् । उनी वेद, उपनिषद्, धर्मपुराण, इतिहास र संस्कृतिका ज्ञाता मानिन्छन् ।

## विजय चालिसे (विजयकुमार चालिसे)

विजय चालिसेको जन्म २००८ असार २२ गते काठमाडौँ जिल्लाको गोकर्णेश्वर नगरपालिकाको जोरपाटी आरूबारीमा भएको हो । उनी साहित्यकार रमेश विकलका छोरा हुन् । नेपालीमा एमए र बीएड, पत्रकारितामा डिप्लोमा गरेका चालिसेले कथा, उपन्यासमा कलम चलाउँदै आएका छन् । उनको पहिलो रचनाका रूपमा २०३० मा 'आँसुमा रूझेको जीवन' शीर्षकको कथा प्रकाशित भएको थियो । उनका कृतिहरूमा अनि कुइरो फाट्छ (उपन्यास), होटेल राँकिमा हत्या (उपन्यास), प्रयोग-प्रत्यारोपण (कथासंग्रह), त्रिविध (सहलेखन-कथासंग्रह), भग्न आस्थाको खण्डहर (कथासंग्रह), अग्निचक्र (कथासंग्रह), विज्ञानको कैदी (कथासंग्रह), खोसिएको सपना (कथासंग्रह), अप्रिलको बेलायत यात्रा (निबन्ध), मनका तूलिकामा स्मृतिका बिम्बहरू (निबन्ध), ओह्...नेपारु (निबन्ध), डोटेली लोक संस्कृति र साहित्य (संस्कृति), दयालु राजकुमार (बालचित्र कथा), समाचार संकलन, लेखन र सम्पादन (पत्रकारिता), आमसञ्चारका विविध पक्ष (पत्रकारिता), आमसञ्चार, द्वन्द्व र आतंकवाद (पत्रकारिता), Media and Culture (पत्रकारिता), आमसञ्चारका सिद्धान्तहरू, सेवाका प्रतिमूर्तिः दयावीरसिंह कंसाकार (जीवनी), अनौठोभूमिमा एलिस (अनुवाद उपन्यास), हाम्रो वरिपरिको विज्ञान (बालविज्ञान), बादलका बुट्टाहरू (बाल नाटकसंग्रह), हराएको मूर्ति (बालकथा संग्रह), विजय चालिसेका बालकथाहरू, टाटेपांग्रे (संयुक्त कथासंग्रह), विश्वप्रद्धि बालकथाहरू (खण्ड-१) अनुवाद लगायत धेरै कृतिहरू प्रकाशित भएका छन् ।

साहित्यकार चालिसेले साहित्यिक पत्रकारिता पुरस्कार, २०४६, हराएको मूर्ति बालकथा संग्रहका २०५६, टाटेपांग्रेका लागि जनकप्रसाद हुमागाईं र रञ्जुश्री पराजुलीसहित २०५७ सालको साझा बालसाहित्य पुरस्कार, पशुपति बहुमुखी क्याम्पस सम्मान तथा पुरस्कार, २०५७ र चटकीको बाँदर कथा संग्रहका लागि नेपाल बालसाहित्य पुरस्कार-२०५९, बालसाहित्य प्रतिष्ठान अभिनन्दन-२०६४, साहित्य सञ्जाल, चन्द्रनिगाहपुर रौतहटद्वारा देवकोटा शताब्दी सम्मान २०६५, सुनकोसी साहित्य सम्मान, सुनकोसी साहित्य प्रतिष्ठान, २०६६ र विशिष्ट शिक्षासेवी सम्मान-२०६६, राष्ट्रिय विकास तथा सम्मान केन्द्र लगायत अनेकौं पुरस्कार पाएका छन् ।

## कञ्चन पुडासैनी

साहित्यकार कञ्चन पुडासैनी गोकर्णेश्वरकै हुन् । कञ्चन बाबु चन्द्रशेखर पुडासैनी र आमा विष्णुमायाका सुपुत्रका रूपमा १९९३ फागुन २९ गते गोठाटार, काठमाडौंमा जन्मेका हुन् । गोकर्णेश्वर नगरपालिका जोरपाटीमा स्थायी बसोवास भएका पुडासैनीले २०४१ सालमा प्रत्यागमन उपन्यासका लागि मदन पुरस्कार र २०६३ मा छिन्नलता गीत पुरस्कारसमेत पाएका छन् । उनका अधूरो उपन्यास अधूरा इच्छा (उपन्यास, (२०६५), कवि, प्रेमिका, चालीस पुकार, आखिर, जतमतको सवाई, कवितै कविता, प्रेमको चिट्ठी, कला, अक्षरहरू, भूमिसुधार अधिकारी, सान्त्वना लगायत दुई दर्जनभन्दा बढी कृति प्रकाशित भइसकेका छन् ।

## साहित्यमा संलग्न अन्य केही व्यक्तित्वहरू

साहित्यकार गोविन्दप्रसाद घिमिरे वेदमणि र बाजुराम पौडेल पनि गोकर्णेश्वर नगरपालिकाका स्थायी बासिन्दा हुन् । साहित्यकार वेदमणिले नगरपालिकाको साहित्यिक कार्यक्रमहरूमा सहयोग पुऱ्याउँदै आउनु

भएको छ । २०२३ सालमा पानी समान ज्ञानी कवितामार्फत साहित्यमा उदाएका यिनका २० भन्दा बढी कृति प्रकाशित छन् ।

त्यस्तै, साहित्यका बाजुराम पौडेलका सिर्जना फस्टाउनुपर्छ खण्डकाव्य र कविता संग्रह प्रकाशित भएका छन् । अर्का सहित्यकार वासुदेव अर्यालको जन्म पनि जोरपाटी, दक्षिणढोकामै भएको हो । २०२७ सालमा कामना शीर्षको यिनको कविता गोरखापत्रमा छापिएको छ । २०६४ सालमा अर्थमूलक नेपाली उखान प्रकाशित भएको छ । बद्रीनाथ आचार्यले २००८ सालमै जनक्रान्ति शीर्षकको काव्य लेखेर आफ्नो नाम साहित्यकारका रूपमा स्थापित गराएका हुन् । जोरपाटीको अर्याल गाउँमा जन्मिएका आचार्यले अष्टावक्र गीता नेपाली भाषामा अनुवाद गरेका छन् ।

जोरपाटी, नारायणटारमा जन्मिएका अर्का स्रष्टा हुन् ओम शर्मा पौड्याल । उनका इतिहासको बाह्र वर्ष, पक्षघात, नेताश्री, चट्यांग-पुराणजस्ता कृति प्रकाशित भएका छन् । उनी पेसाले इन्जिनियर हुन् । साहित्यकार डा.देवी शर्माको २०४४ सालमा शोध समीक्षा नामक समालोचना संग्रह प्रकाशित भएको छ । निरन्तर समालोचनामा कलम चलाउँदै आएकी उनको मधुपर्क र गरिमाजस्ता साहित्यिक पत्रिकामा कविता छापिएका छन् ।

२००७ माघ ७ गते जोरपाटी आरूबारीमा जन्मिएका श्यामबहादुर लामाको मेरो गोरू नामक हास्यव्यंग्य प्रकाशित भएको छ । २०२८-२९ सालमा धर्मपुत्र शीर्षक कथा गोरखापत्रमा प्रकाशित गरेका लामा गद्य र पद्यमा पनि हास्यरस मिसाएर सिर्जन गर्न सक्ने साहित्यकार हुन् ।

२०६१ सालमा कविता, कथा र निबन्धको संयुक्त संगालो मन नामक साहित्यिक संगालो प्रकाशित गरेका साहित्यकार निर्मल अर्याल प्राध्यापन, खोज तथा अनुसन्धानमा संलग्न छन् । जेके चालिसे उपनामबाट चिनिने जगदीशकुमार चालिसेको पहिलो कृति जासुसी उपन्यासका रूपमा २०२६ सालमा प्रकाशित भएको हो, सुनौलो तारा । नरमेन्द्र लामाको जन्म पनि जोरपाटी आरूबारीमै भएको हो । लामाको २०५८ सालमा प्रकाशित सांसदको पाडो र कुखुरीको दूध हास्यव्यंग्य प्रकाशित छ । जोरपाटीमा स्थायी बसोबास गर्दै आएका नारायणकुमार आचार्यका मनभित्रका आवाजहरू, अधुरो तिमीबिना जस्ता कविता संग्रह प्रकाशित छन् ।

योग साधक प्रह्लाद चालिसेका प्रारम्भिक योग र प्रयोगात्मक योग प्रकाशित कृति हुन् । यिनका पिता लीलानाथ चालिसे वेद, पुराण र योग साधानमा सिद्ध मानिन्थे, त्यसको प्रभाव पह्लाद चालिसेमा परेको छ, जुन स्वाभाविक हो । अंग्रेजी साहित्यमा कलम चलाउँदै आएका मोहन कार्की गोकर्णेश्वर जोरपाटीका स्थायी बासिन्दा हुन् । साहित्य सेवा र पत्रकारिता गरिरहेका कार्कीले नेपाली साहित्यलाई कोरियन भाषामा र कोरियन भाषबाट नेपालीमा अनुवाद गरिरहेका छन् । अर्का साहित्यकार अच्युतप्रसाद चालिसे अंग्रेजी र संस्कृत साहित्यमा रूचि राख्ने विद्धान पनि हुन् । वरिष्ठ साहित्यकार रमेश विकल र भैरव अर्यालसँग निकट सम्बन्ध रहेका चालिसे वेदका सुक्ति अर्थ्याउन सिपालु छन् । वसन्त रिजाल, द्वारिका चालिसेजस्ता सहित्यकारको जन्मथलो हो गोकर्णेश्वर नगरपालिका । गोकर्णेश्वर नगरपालिका जोरपाटीमा बसोबास गर्ने शान्ति रिसालको 'म दुख्छु या मन' कवितासंग्रह प्रकाशित भएको छ । प्राध्यापन गर्दै आएकी रिसाल विभिन्न स्थानीय साहित्यिक प्रतिष्ठानमा संलग्न छिन् । गोकर्णेश्वर अर्याल गाउँमा जन्मिएका बलराम अर्यालले २०१८ सालदेखि कविता प्रकाशित गर्न शुरू गरेका हुन् । गोकर्णेश्वर नगरपालिकाका विभिन्न साहित्यिक संघ-सस्थामा अर्याल संलग्न छन् ।

# एउटै देशको फरक-फरक ठाउँमा फरक प्रकृतिका कानूनहरू लागू हुन सक्दैनन्



*रामप्रसाद अचार्य*
*प्रमुख प्रशासकीय अधिकृत, गोकर्णेश्वर नगरपालिका*

- ***सहजीकरण र समन्वय गर्नुपर्ने दायित्व कर्मचारीको हो***
- ***स्थानीय तहको समृद्धिका लागि काम गर्नुपर्छ***

म २०४६ सालदेखि निजामती सेवामा प्रवेश गरेको हुँ । त्यसअघि बाग्लुङको महेन्द्र बहुमुखी क्याम्पसको विद्यार्थी थिएँ । कुनै पेसा वा व्यसायमा संलग्न थिइनँ । २०७७ भदौ १ गतेदेखि गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत छु । २०७४ फागुनदेखि गैंडाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत थिएँ । गैंडाकोट जानुअघि करिव डेढ वर्ष मैले जिल्ला विकास समिति बाग्लुङको स्थानीय विकास अधिकृतका रूपमा काम गरें ।

२०४६ असार २९ गतेदेखि खानेपानी शाखा कार्यालय म्याग्दीबाट मैले जागिरे जीवन प्रारम्भ गरेको हुँ । हवाई विभाग, कृषि विभाग, सञ्चार तथा सूचना मन्त्रालयअन्तर्गत पनि मैले काम गर्ने अवसर पाएँ । सबैभन्दा लामो समय मैले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा काम गरें, त्यहाँ काम गर्दाको अनुभव स्मरणीय छन् । अनुसन्धानभित्रका कथाहरूका बारे भविष्यमा अलगै चर्चा गर्नेछु । देशको प्रतिष्ठित र संवैधानिक अंगमा मैले सात वर्ष सेवा गरें । अख्तियारजस्तो सम्मानित संस्थामा काम गर्न पाउनु मेरा लागि खुसी र उपलब्धिको विषय पनि थियो । आयोगमा काम गर्दा नगद एक लाख रूपैयाँसहित उत्कृष्ट निजामती सेवा पुरस्कार पनि प्राप्त गरें । यसलाई मैले जीवनको ठूलो उपलब्धिका रूपमा लिएको छु । 'म जे-जस्तो काम गर्छु, उत्कृष्ट बनाउने कोसिस गर्छु' भन्ने भावना यो पुरस्कारले ममा प्रवाह गऱ्यो ।

देशमा संघीयताको कार्यान्वयनको सन्दर्भमा स्थापित भएका हाम्रा स्थानीय तह (गाउँ र नगरपालिका) हरूको कार्यसञ्चालनमा हामी प्रारम्भिक विन्दुमा छौं । धेरै ऐन कानून बनाउनुपर्ने, नीति नियम बनाउनुपर्ने र सबैभन्दा महत्वपूर्ण इतिहासले दिएको गहनतम् जिम्मेवारी निर्वाह गर्न आउनुभएका जनप्रतिनिधिज्यूहरू, जो स्थानीय तह गठन भइसकेपछि उहाँहरू पहिलो पदाधिकारीज्यूहरू हुनुहुन्छ, उहाँहरूका लागि पनि अहिलेका चरणहरू असाध्य जटिल छन् । जनताका अपेक्षा एकदमै धेरै छन् । तर हामीले सम्पन्न गर्ने कामका बारेमा नीति नियम, कानून र कार्यविधि लगायतका मामिलामा हामी अझै पनि धेरै कच्चा छौं । स्थानीय निकायले केही कानून बनाएका पनि छन्, कतिपय अवस्थामा संघीय कानूनको आधारमा अघि बढ्नुपर्ने अवस्था छ । हामी त्यही कानूनलाई आधार मानेर काम गरिरहेका छौं । यो अर्थमा गैंडाकोट नगरपालिकाको जुन अवस्था थियो, गोकर्णेश्वर नगरपालिकाको पनि सोही प्रकृतिका समस्याहरू रहेको मैले बुझेको छु । यसमा विशेषत: नयाँ संरचना, नयाँ कानून र नयाँ जिम्मेवारी महत्वपूर्ण रहेका छन् ।

स्थानीय तह भनेको जनतासँग घुलमिल र जनप्रतिनिधिसँग प्रत्यक्ष सम्पर्कमा रहेर सहकार्य गर्ने ठाउँ भएकाले हामी कर्मचारीका लागि अहिले सुनौलो अवसर छ । यही अवसरको हामीले उपयोग गर्नुपर्छ भन्ने म ठान्दछु । सबभन्दा महत्वपूर्ण र सुन्दर पक्ष यही हो । संघीयता कार्यान्वयनका सन्दर्भमा जनप्रतिनिधिहरू र कर्मचारी अभ्यस्त भएका छैनौं, अहिले पनि जनप्रतिनिधि र कर्मचारीले संघीयताअनुरूपको अनुभव आर्जन गरिसकेको विषय होइन । अन्य मुलुकको संघीय प्रणाली र हामीले अपनाएको संघीय प्रणालीमा केही भिन्नता छन् । अन्य केही मुलुकमा स्थानीय सरकारहरू प्रदेश सरकार मातहत छन् । तर हाम्रो मुलुकमा स्थानीय सरकारको काम कर्तव्य र अधिकारसमेत प्रदेश सरकार र संघीय सरकारको जस्तै संविधानमै उल्लेख तथा परिभाषित गरिएको छ ।

आज हामीले जे काम गर्छौं, भोलि आउने पदाधिकारीज्यूहरूलाई समेत नजिर स्थापना हुनसक्ने, एउटा इतिहास रच्न सक्ने प्रकृतिको गर्नुपर्ने गहनतम् दायित्व अहिलेको जननिर्वाचित पदाधिकारीज्यूहरूमाथि छ । अहिले जनप्रतिनिधिले जे गर्नु हुन्छ, त्यो नजिरका रूपमा दस्तावेज बनेर बस्छ । यसर्थ अहिलेको यो विषय भनेको अत्यन्तै जटिल र महत्वपूर्ण विषय हो । यसलाई सम्पादन गर्ने क्रममा मानवशक्ति व्यवस्थापन र विकासमा यथोचित कार्यक्रमहरू नहुँदा हामी सक्रियतापूर्वक अगाडि बढ्न नसकेको तथा समस्यालाई समाधान गर्न नसकेको हो कि भन्ने हामीले महसुस गरेका छौं । अर्को हामीले भुल्न नहुने कुरा के छ भने- हामी जे काम गर्छौं, कानूनी राज्य हो, प्रचलित नीति नियम र कानूनको प्रतिकूल हुने गरी कुनै पनि कार्य गर्न हामीलाई अनुमति छैन, त्यो गर्न हामी सक्दैनौं ।

स्थानीय तहले बनाउने नीति, कानून भनेको संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी बनाउनुपर्ने हाम्रो बाध्यता छ । किनभने देश एउटै हो, एउटै देशको फरक-फरक ठाउँमा फरक प्रकृतिका कानूनहरू लागू हुन सक्दैनन् । यस अर्थमा अझै पनि कतिपय संघीय कानून बनिसकेका छैनन् । प्रदेश कानूनहरू पनि नबनेको र स्थानीय तहले बनाउने कानून प्रदेश र संघीय कानूनको प्रतिकूल नहुने गरी बनाउनुपर्छ भनेका कारणले ती कानून के हुन्, कसरी बनाउने भन्ने विषयमा अन्योल छ । कानूनी र नीतिगत अवस्थामा पनि स्थानीय तहहरू अझै समस्यामा नै रूमलिएको अवस्था मैले महसुस गरेको छु ।

प्रमुख प्रशासकीय अधिकृतको हैसियतले झन्डै साढे दुई वर्ष गैंडाकोट बसे । स्थानीय तहको निर्वाचन २०७४ वैशाखमा सम्पन्न भएपछि म फागुनमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भएर गैडाकोट पुगेको थिएँ । जनप्रतिनिधिहरूले पद बहाली गरेको करिव एक वर्षपछि त्यहाँ पुगेको थिएँ । कानून बनाउने, कार्यविधि बनाउने र कामलाई अगाडि बढाउने दायित्व निर्वाह गरेँ । कर्मचारी व्यवस्थापन गर्ने, निश्चित मापदण्डका आधारमा कार्यविधि बनाउने र जिम्मेवारीसहित कर्मचारीलाई काममा लगाउने, विशेषत: नगरसभा, नगर कार्यपालिकाका बैठकहरू व्यवस्थापन गर्ने दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुन्छ । जनप्रतिनिधिज्यूहरू विभिन्न राजनीतिक दलबाट प्रतिनिधित्व गरेर आउनु हुन्छ । उहाँहरू व्याक्तिगत र आफू आवद्ध राजनीतिक दलको लोकप्रियताले निर्वाचित हुनुभएको हुन्छ, कोही व्यक्तित्वको प्रभावले निर्वाचित भएर आउनु भएको हुन्छ । उहाँहरू जुन पार्टीबाट प्रतिनिधित्व गरेर आए पनि त्यो साझा ठाउँ हो । निष्पक्ष रूपमा सबै सेवाग्राहीलाई, आमनागरिकलाई समान तहको व्यवहार गर्नुपर्ने त्यो भावना उहाँहरूमा छँदैछ । तर कहिलेकाहीं कार्यसम्पादन गर्दा फरक स्कुलिङबाट आएको हुँदा केही मतभेद हुने, र त्यो मतभेदलाई हटाउनका लागि र संस्थाको उद्देश्य प्राप्तिका लागि सहजीकरण गर्ने प्रयास मैले धेरैपटक गैडाकोटमा रहँदा गर्नुपर्ने अवस्था आएको थियो ।

यी काम लगायत, त्यहाँको भौतिक संरचना निर्माण, कर्मचारी व्यवस्थापन, योजना कार्यान्वयन र संस्थाले नीतिनियमसम्मत तरिकाले अगाडि बढ्नुपर्छ भन्ने विषय

लगायतका कुराहरूमा मैले आफूलाई बढी सक्रिय बनाएको थिएँ । सबैभन्दा ठूलो कुरो आमनागरिक सार्वभौम हुनुहुन्छ । सार्वभौम नागरिकले मतदान गरेर निर्वाचित हुनुभएका जनप्रतिनिधिज्यूहरू हामी सबैका श्रद्धा र सम्मानका पात्र हुनुहुन्छ । उहाँहरूले तयार पारेको नीति नियम र कार्यक्रम कार्यान्वयन गर्नु हामी कर्मचारीको दायित्व हो । कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै बाधा व्यवधान वा अप्ठ्यारा आए, त्यसमा केही थप सुधार गर्नुपर्ने भयो, यसलाई अझ व्यवस्थित र मर्यादित कसरी बनाउन सकिन्छ भन्ने विषयमा प्राप्त अनुभवहरूलाई पृष्ठपोषणका रूपमा नीति निर्माण तह अर्थात् जनप्रतिनिधिसमक्ष राख्नु हाम्रो आफ्नो दायित्व हो ।

इतिहासको गहनतम र महत्वपूर्ण जिम्मेवारी बोकेर जनमत प्राप्त गरेर आउनुभएका पदाधिकारीज्यूसँग बसेर काम गर्ने अवसर पाउनु एउटा कर्मचारीका लागि गौरवको विषय हो । यस अवस्थामा जनप्रतिनिधिसँग सहकार्य गरेर काम गर्दा यो प्रारम्भिक चरण भएकाले हामीले जे काम गऱ्यौं, यसलाई इतिहास रच्ने काम गरिरहेको छ भन्ने कुरा हामीले भुल्न हुदैन । भोलि आउने कर्मचारीलाई यसले एउटा दिशानिर्देश गर्छ । र, समाजमा जनताका सही प्रतिनिधि हुनुहुन्छ, जनताका आवश्यकताहरू, गुनासा, दु:ख र मर्काका कुराहरू जनप्रतिनिधिहरूले बुझ्नु हुन्छ भन्ने जनतालाई अनुभूति हुनुपर्छ । यो अनुभूति आमनागरिकलाई दिन पाउनु र यसमा सहकार्य गर्न पाउनु कर्मचारीको हैसियतमा मेरा लागि सबैभन्दा महत्वपूर्ण विषय हो ।

दैनिक कार्यसम्पादनका सन्दर्भमा जनप्रतिनिधिज्यूहरूले तयार पारेका नीति नियम कानून र कार्यक्रमहरू कार्यान्वयन गर्ने सन्दर्भमा आजको दिनसम्म मैले गोकर्णेश्वर नगरपालिकाका श्रद्धेय नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष र नगरसभाका सदस्यज्यूहरू लगायत सबैबाट उत्प्रेरित हुने प्रकृतिको व्यवहार, सहयोग र समन्वय पाइरहेको छु । यो पनि मेरा लागि गौरवको विषय हो । मैले सबै कर्मचारीको नेतृत्व गर्ने प्रमुख प्रशासकीय अधिकृतको हैसियतले उहाँहरूले स्वीकृत गरेका कार्यक्रम कार्यान्वयन गर्नका लागि सहज भएको महसुस गरेको छु ।

फरक-फरक स्कुलिङबाट आएकाले हामी बेग्लाबेग्लै मनस्थिति र नीतिले निर्देशित हुँदा रहेछौं । जनप्रतिनिधिज्यूहरू जनताबाट प्रत्यक्ष निर्वाचित भएर आउनुहुन्छ । निर्वाचनको सन्दर्भ र अन्य कुराका लागि घरदैलोमा जाँदा उहाँहरूले विभिन्न समस्या र अवसर देख्नुहुन्छ । यो काम तत्काल सम्पन्न गरिदिन पाए जनताले राहत पाउने थिए, यो मैले जनताका लागि गर्नुपर्छ, र मेरो राजनीतिक भविष्यसँग जोडिएको विषय हुनसक्छ, लगायतका कुराहरूले तत्काल नतिजा खोज्ने प्रवृत्ति जनप्रतिनिधिज्यूहरूमा देखिन्छ । जनप्रतिनिधिहरू तत्काल नतिजा खोज्नुहुन्छ । त्यो नतिजा प्राप्त गर्न कर्मचारीले स्वीकृत कार्यक्रम हो कि होइन, त्यसका लागि बजेटको व्यवस्था छ कि छैन, हामीले त्यसका लागि कुन तहमा निर्णय गरेर गर्नुपर्ने हो कि ? खर्च गर्दा आवश्यक विधि विधान, बिल भर्पाई लगायतका कुरा पनि सान्दर्भिक भएको हुनाले यसले जनप्रतिनिधि र कर्मचारीबीच बेमेल भएको हो । जनप्रतिनिधिले काम लगाउने, कर्मचारीले नटेरेको, नगरेको, आलटाल गर्ने खोजेको लगायतको आक्षेप आउने गर्छ ।


जनप्रतिनिधिले भन्नु वा ठान्नु स्वाभाविक कुरा हो भन्ने कर्मचारीले महसुस गर्नुपर्छ । उहाँहरू जनताको सेवाका लागि आउनुभएको हो । जनताको सेवा र स्थानीय तहको विकास निर्माण तथा समृद्धिका लागि काम गर्नुपर्छ । त्यो दूरदृष्टि राख्नु, वचन दिनु र त्यहीअनुसारको सक्रियता देखाउनु स्वाभाविक पद्धति हुन् । त्यसैका लागि उहाँहरू निर्वाचित भएर आउनु भएको हो ।

एक किसिमले हेर्ने हो भने यो सकारात्मक पक्ष हो । तर कर्मचारीको तर्फबाट हेर्दा हामीले जुन काम गर्छौं, सार्वजनिक पदमा बसिसकेपछि प्रचलित नीति नियम र कार्यविधिका मापदण्ड र प्रक्रिया पूरा गर्नु हाम्रो बाध्यता हो । दोस्रो कुरा, जनप्रतिनिधिज्यूहरूले निर्देशित गरेका, उहाँहरूले आकांक्षा राखेका, यो काम भइदिए हुन्थ्यो भन्ने जुन किसिमको आग्रह आउँछ, त्यो काम गर्न पनि पैसाको आवश्यकता पर्छ । रकम खर्च हुन्छ । रकम खर्च गर्ने

पनि निश्चित विधि र प्रक्रिया छ । हामी कानूनमा बाँधिएका छौं, हामीले गरेका कामहरू भोलि गएर लक्षित उद्देश्य प्राप्तिका लागि ठीक छ, राज्यको स्रोत दुरूपयोग नहुने प्रकृतिले खर्च भयो भनेर पुष्टि गर्ने, लेखा परीक्षण गराउने लगायतका दायित्वसमेत कर्मचारीमा छ । त्यसैले कहिलेकाहीं जनप्रतिनिधिज्यूहरूले सोचेजस्तो छिटो काम नभएको हुन सक्छ ।

हामी कर्मचारीले कुन बाटोबाट जाने भनेर सहजीकरण गर्नुपर्छ । हामीले निकास दिनुपर्ने विषय के के हुनसक्छन्, तपाईंहरूको तहबाट निर्णय गरेर मलाई आदेश दिनुस् । यो पहिलो कुरो हुनसक्छ । यी काम गर्दा कानूनतः विधि र प्रक्रिया अपनाउनुपर्ने हुन्छ । यो भएन भने हामीले गरेको खर्च रकम बेरूजु हुनसक्छ । यसले सुशासनमा प्रतिकूल प्रभाव परेको अर्थ लाग्न सक्छ । आमजनता नजुटेर सीमित व्यक्ति र वर्गको लाभका लागि मात्रै सरकारी पैसा खर्च भएको अर्थ लाग्न सक्छ । यी लगायतका कुराहरूले विधि र प्रकृयाबाट यसरी निर्णय गरेर अगाडि बढ्यो भने काम हुन्छ भनेर जनप्रतिनिधिज्यूहरूलाई सम्झाउन र सहमत गर्नुपर्ने दायित्व पनि कर्मचारीको हो ।

गोकर्णेश्वर नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीबीच विवादै हुने खालको मुद्दा अहिलेसम्म देखिएको छैन । जनप्रतिनिधिज्यूहरू पनि हामीलाई माया गरेर काम गराउनुहुन्छ । जनप्रतिनिधिले राखेका कार्यक्रम कार्यान्वयन गर्ने क्रममा आइपरेका बाधा, अड्चन र समस्या छन् भने त्यसलाई गाँठो फुकाइदिएर सहजीकरण र समन्वय गर्नुपर्ने दायित्व कर्मचारीको हो । यो अर्थमा हामीबीच समन्वय भयो भने समस्या रहँदैनन् । किनभने सबैको लक्ष्य एउटै हो ।




*गोकर्णेश्वर नगरपालिकाले प्रकाशित गरेको "गोकर्णेश्वरका धार्मिक तथा साँस्कृतिक सम्पदा" पुस्तक*

# गोकर्णेश्वर नगरपालिकाको पर्यटन : सम्भावना खोजी



*दिपक रिसाल*
*प्रमुख सल्लाहकार गोकर्णेश्वर नगरपालिका*

आन्तरिक पर्यटनको दृष्टिले गोकर्णेश्वर नगरपालिका क्षेत्र नेपालकै नम्बर एकमा पर्न सक्छ भन्दा फरक नपर्नुपर्ने हो । गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर १ सुन्दरीजल र वडा नम्बर ३ को तारेभीर आन्तरिक पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्र हुन् । १५८ रोपनी क्षेत्रफलमा पानीको ताल रहने धाप पोखरी र त्यसभन्दा करिव दुई किलोमिटर तल बन्ने नागमती बाँधले आन्तरिक पर्यटनको प्रवर्द्धन हुनेमा मलाई पूर्ण विश्वास छ । नागमती बाँधबाट ४.१२ मेगावाट विद्युत निकाल्ने योजना छ । मूलतः वाग्मती नदीमा शुद्ध पानी बगाउने योजनाअनुसार धाप पोखरी र नागमतीमा बाँध बाँध्ने योजना बनेको हो । यो कार्यक्रमबाट गोकर्णेश्वर नगरपालिकाले जनताको जीवनस्तर उठाउने कार्ययोजना ल्याउन ढिला भइसकेको छ ।

यस नगरपालिकालाई धार्मिक हिसाबले पनि मन्दिरै मन्दिरको शहर भन्न मिल्छ । वडा नम्बर ३ मा रहेको अशुंवर्माकालीन राजविहार पर्यटनका लागि आकर्षक हुनसक्छ भन्ने कुरा हामीले ख्याल गर्न सकेका छैनौं । साथै, यसको प्रचुर फाइदा स्थानीय क्षेत्रले लिन सक्ने अवस्था बनिसकेको छैन । गोकर्णेश्वर नगरपालिकामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नाम चलेका पर्यटकीय गन्तव्यहरू एक दर्जनभन्दा बढी छन् । यहाँका विभिन्न पर्यटकीय गन्तव्य घुम्नाका लागि आन्तरिक पर्यटकको घुइँचो लागेको देखिन्छ, तर उनीहरू केही घन्टा घुमेर फर्कन्छन् । बास बस्ने गरी गोकर्णेश्वर आउने पर्यटकको संख्यामा खासै वृद्धि हुन सकेको छैन ।

खासगरी गोकर्णेश्वर नगरपालिका क्षेत्रमा पर्यटकीय सम्पदा तीन प्रकारका छन् । धार्मिक, सांस्कृतिक, प्राकृतिक र मानव निर्मित । धार्मिक सम्पदाअन्तर्गत वाग्मती नदी तथ यसको तटीय क्षेत्रमा रहेका मठ मन्दिरहरू पर्छन् । प्राकृतिक सम्पदाअन्तर्गत शिवपुरी राष्ट्रिय निकुञ्ज, गोकर्णको जंगल, सुन्दरीजल झरना, गोकर्ण गल्छी लगायत पर्दछन् । मानव निर्मित सम्पदाअन्तर्गत धाप बाँध, नागमती बाँध, देशेगाउँ, जगडोलको शहीद पार्क, बीपी संग्रहालय, सुन्दरीजल पावर हाउसको पोखरी, सुन्दरीजल उद्यान र मेलम्ची खानेपानी प्रशोधन केन्द्र लगायत पदर्छन् । गोकर्णेश्वर नगपालिकाका मुख्य गन्तव्यहरूको बारेमा संक्षेपमा चर्चा गरेको छु ।

**धाप पोखरी :** शिवपुरीको उत्तरी भेगबाट धवलागिरिदेखि कञ्चनजंघासम्मको उच्च हिमालको भव्य दृश्य तथा दक्षिण पानीढलो धाप पोखरी र हिले भन्ज्याङबाट (यो पोखरीबाट दुई किलोमिटर तल) काठमाडौं उपत्यकाको झिलिमिली देख्न सकिन्छ । शिवपुरी राष्ट्रिय निकुञ्ज उत्तर-पूर्व हेर्दा मुस्कुराइरहेका हिमालहरू नजिकैबाट देख्न सकिने मात्र होइन, सुन्दर र शान्तिको प्रतीकझैं रहेको शिवपुरीको जंगलमा जतिखेर पनि आँखा ठोक्किनु तालको अर्को विशेषता हो । धाप पोखरीभन्दा दुई किलोमिटर तल बन्ने भनिएको नागमतीको बाँध अर्को आकर्षक आन्तरिक पर्यटनका लागि गन्तव्य बन्न सक्ने देखिन्छ । धापमा बन्दै गरेको १५८ रोपनी क्षेत्रफल वाग्मती जलाधार संरक्षणका बनाइएको हो । पूर्वमा चिसापानीदेखि पश्चिममा ककनीसम्म फैलिएको राष्ट्रिय



*गोकर्णेश्वरको सिरानमा रहेको प्रसिद्ध धाप क्षेत्र*

निकुञ्ज शिवपुरी जलाधार क्षेत्रको रूपमा सन् १९८९ मा स्थापित भएको हो ।

**गोकर्णेश्वर मन्दिर :** गोकर्णेश्वरभन्दा पुरानो मन्दिर सम्भवतः नेपालमा अर्को फेला पर्न सकेको छैन । भगवान् ब्रह्माजी आफैले यहाँ पूजा-आजा गरेको विभिन्न पौराणिक ग्रन्थमा उल्लेख छ । हुन त पौराणिक ग्रन्थमा उल्लेख भएर मात्रै प्रमाण नपुग्ने अहिलेका केही विद्वान्हरू बताउँछन् । तर यो मन्दिरको शिवलिंगले पनि नेपालको सबैभन्दा जेठो भएको प्रमाणित गर्छ । भगवान् पशुपतिनाथको मन्दिरभन्दा पनि कैयौं शताब्दी पुरानो गोकर्णेश्वर मन्दिर लामो समयसम्म ओझेलमा परेको थियो । तर पछिल्ला दिनमा यसको महिमा बढ्दै गएको छ । वरिपरिका पूर्वाधार बनाउने काम भइसकेको छ । भक्तजनहरूको भीड बढ्न थालेको छ । मन्दिरमा सुनको छाना लगाउने लगायतका काम सम्पन्न भइसकेको छ ।

यहाँको अर्को महत्वपूर्ण आकर्षण भनेको अनेक प्राचीन धार्मिक कलाकृतिहरूको सुन्दरतम् संग्रह हो, जहाँ अन्यन्त्र नपाइने ब्रह्मा, चित्रगुप्त, अर्धनारीश्वर लगायतका देवी र देवताहरूका हजारौं वर्ष पुरातन प्रतिमाहरू छन् । गोकर्णेश्वर मन्दिरको प्रांगणका अन्य सांस्कृतिक धरोहरहरूमा पार्वती, गदाधर नारायण मन्दिर र शिव महेश्वर बालभक्तेश्वर मन्दिर मुख्य हुन् । त्यस्तै, उत्तरवाहिनीस्थित कान्तिभैरव मन्दिर र पद्मभक्तेश्वर मन्दिर पनि त्यत्तिकै महत्वपूर्ण मानिन्छन् । पशुपतिनाथको दर्शन गर्न आउनेहरू सबैले गोकर्णेश्वरको पनि दर्शन गर्ने परम्परालाई फेरि



*निर्माणाधीन अवस्थामा रहेको गोकर्णेश्वरको प्रसिद्ध उत्तरगया क्षेत्र*

निरन्तरता दिन सक्ने हो भने यस क्षेत्रको आर्थिक उन्नति टाढा छैन ।

**वाग्मती नदी बागधारा (वागद्वार):** हिन्दु धर्मशास्त्रमा गंगा नदीकै हाराहारीमा पवित्र मानिने वाग्मती नदीको उद्‌गमस्थल गोकर्णेश्वर नगरपालिकाभित्रै पर्दछ । हुन त वागद्वारदेखि गंगानदीसम्म मिसिनेक्रममा वाग्मतीले सयौं किलोमिटर यात्रा तय गरेको छ, तर सुन्दरीजल नजिकमा नागमती र स्यालमती खोलाहरू मिलेपछि दक्षिण बग्दै पहिले गोकर्ण वनको उत्तरी र पछि पश्चिम बग्न थाल्छ । यो नदी काठमाडौं र ललितपुरको सीमानदी पनि हो । गोकर्ण, पशुपति, चोभार, कटुवाल दह चोभार पुग्दा २७ किलोमिटर दूरी पार गर्छ । पशुपतिनाथसम्मको करिव १० किलोमिटर क्षेत्रमा यति धेरै तीर्थस्थलहरू छन् कि जसका नामहरू सामान्य मान्छेको दिमागमा कण्ठस्थ हुँदैनन् ।

सुन्दरीजलदेखि गोकर्णेश्वर मन्दिरसम्मको छोटो दूरीमा वाग्मती नदी तीन ठाउँमा दक्षिणबाट उत्तर बगेको छ । जसलाई उत्तरगया भन्ने गरिन्छ । हिन्दुधर्मशास्त्रमा उत्तरगयाको ठूलो महत्व छ । उत्तरगयामा श्राद्ध गर्नाले पितृले मुक्ति पाउने र कर्तालाई ठूलो पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । पछिल्ला दिनमा गयाश्राद्ध गर्नेहरूको ठूलै भीड यस क्षेत्रमा लाग्ने गरेको छ । उत्तर वाहिनी क्षेत्रमा धार्मिक कार्यका लागि भीड बढेसँगै व्यवस्थापन पनि गर्दै लैजानु जरूरी छ । यसका लागि आवश्यक पूर्वाधार निर्माणको काम नगरपालिकाले तीव्र रूपमा अघि बढाएको छ ।

**गोकर्ण गल्छी** : गोकर्णेश्वर मन्दिरसँगै वाग्मती नदीको करिव दुई सय मिटर उचाइ तथा दुई सय मिटर लम्बाइको गल्छी छ । ब्रह्माजीको ध्यान भंग गर्न राक्षसहरूले वाग्मती नदी थुनिदिएपछि ठूलो जलाशय बन्यो । भगवान् श्रीकृष्णले जलाशयको पानी फाल्नका लागि यो ठाउँमा गल्छी बनाएको किंवदन्ति छ । यस क्षेत्रका स्थानीयसमेत रहेका प्रख्यात साहित्यकार भैरव अर्यालले यही गल्छीमा समाधि लिएका थिए । खासगरी वर्षायाममा वाग्मती नदीमा पानीको सतह बढेका बेला यो गल्छी निकै मनमोहक देखिन्छ ।

**देशेगाउँ** : गोकर्णेश्वर मन्दिरभन्दा थोरै पूर्वतर्फ एउटा ऐतिहासिक बस्ती छ । जसलाई देश पनि भनिन्छ । पौराणिक ग्रन्थमा भेटिएअनुसार नेपालको सबैभन्दा पुरानो शहर हो देशेगाउँ । जसलाई पौराणिक ग्रन्थहरूमा 'गोकर्णेश्वः देशे' भनेर उल्लेख गरिएको छ । जसलाई हिजोआज पुरानो गोकर्ण गाउँका रूपमा चिन्ने गरिन्छ । तलेजु मन्दिर, प्राचीन एक चैत्य र पुरानो मुखुण्डो नाच देखाउने डबली त यहाँका सांस्कृतिक परिचायक नै भए ।



*देशे गाउँमा रहेको एक प्राचीन शिलालेख*

लिच्छविकालमा नेपालको राजधानी यहीँ थियो भन्ने कतिपय पुरातत्वविद्‌हरूको मत छ तर पुष्टि हुन भने सकेको छैन । लिच्छविकालको राजधानी हो वा होइन भन्ने एकीन प्रमाण नभए पनि यो गाउँ लिच्छिविकालीन हो भन्ने आधार भने धेरै छन् । तर २०७२ सालको भूकम्पले यहाँका पुराना प्रायः सबै घर भत्के । ती घरहरू अधिकांश आधुनिक शैलीमा पुनर्निर्माण गरिएका छन्, नगपालिकाले अब बन्ने नयाँ घरहरू पुरानै शैलीमा आधुनिकता दिएर बनाउन प्रेरित गर्न सक्यो भने देशेगाउँको मौलिकता रहने देखिन्छ । राजधानी काठमाडौं उपत्यकाभित्रको सबैभन्दा पुरानो व्यवस्थित बस्ती भएको देशेगाउँ घुम्न पछिल्ला दिनमा पर्यटकको भीड बढ्न थालेको छ ।

**सुन्दरीजल** : धार्मिक, प्राकृतिक र कृत्रिम सम्पदाको संगम हो सुन्दरीजल । वागद्वार, सुन्दरीमाई, दधिचि ऋषिको आश्रम लगायतका दुई दर्जन धार्मिक सम्पदाहरू यहाँ छन् । बोलबम तीर्थका लागि यहाँको जल अनिवार्य भएको वाग्मती पुरणामा उल्लेख छ । यसैगरी, नेपालको दोस्रो पुरानो जलविद्युत् आयोजनाको बाँध तथा पोखरी निकै मनमोहक छ । यो बाँध तथा पोखरीको दुई खाले महत्व छ । पहिलो त मनमोहक छ नै, दोस्रो



*सुन्दरीजल जलविद्युत आयोजनाको बाँधस्थलमा रहेको एक यन्त्र*

हो, त्यतिबेलाको प्रविधि । एक हिसाबले जलविद्युतको संग्रहालय भने पनि हुन्छ । साथै, शिवपुरी राष्ट्रिय निकञ्जमा पदयात्रा गर्न यही क्षेत्र महत्वपूर्ण मानिन्छ । मूलखर्क, तारेभीर लगायतका क्षेत्रमा पदयात्राका लागि सुन्दरीजल नै उपयुक्त मानिन्छ । मूलखर्क तथा तारेभीर लगायतका क्षेत्रमा ग्रामीण पर्यटन फस्टाएको छ । तामाङ संस्कृति हेर्न आउने पर्यटकलाई लक्षित गर्दै यी गाउँहरूमा केही केहीले घर-बास (होमस्टे) खोलेका छन् भने भने हरेक वर्ष तारेभीर, वागद्वार महोत्सव हुँदै आएको छ ।

सुन्दरीजलको जम्मा क्षेत्रफल ५ दशमलव १८ वर्गकिलोमिटर छ । काठमाडौं शहरबाट करिव १७ किलोमिटर उत्तरपूर्व कुनामा अवस्थित सुन्दर प्राकृतिक छटाले भरिएको ठाउँ हो सुन्दरीजल । सुन्दरीजललाई शिवपुरी तथा नागार्जुन राष्ट्रिय निकुञ्जको प्रवेशद्वारको रूपमा पनि लिइन्छ । शिवपुरी राष्ट्रिय निकुञ्ज प्रवेशद्वारबाट १५-२० मिनेटपछि सुन्दरीमाईको मन्दिर पुग्न सकिन्छ । अत्यन्तै आकर्षक क्षेत्र हो यो । यहाँ वाग्मती र स्यालमतीको पानी मिसिएको छ । सुन्दर ढुंगाबाट पानी कहिले लुक्दै त कहिले देखिँदै बगेको छ । सुन्दरीमाईको आशीर्वाद लिएपछि पुनः त्यही बाटो हुँदै विद्युत उत्पादनका लागि पानी जम्मा गरी बनाइएको दहसम्म पुगिन्छ । यो पनि उत्तिकै राम्रो छ ।

सुन्दरीजलको विद्युतगृह नेपालको दोस्रो जलविद्युत आयोजना हो । दक्षिणकाली क्षेत्रमा पर्ने फर्पिङमा पहिलो विद्युत्गृह छ । बेलायत सरकारको सहयोगमा सन् १९३४ मा निर्माण सम्पन्न भएदेखि नै यसले नियमित विद्युत उत्पादन गर्दै आएको छ । यहाँबाट वार्षिक ४ दशमलव ७७ गिगावाट घन्टा विद्युत उत्पादन हुने गरेको छ । यहाँ पानीको बहुउपयोग गरिएको छ । विद्युत उत्पादनपछिको पानी पाइपमार्फत काठमाडौंवासीको घरघरमा पुग्दछ । सुन्दरीजल आफैंमा विविधताले भरिएको ठाउँ पनि हो । यहाँ मठ मन्दिरका अतिरिक्त घना जंगल पनि छ ।

सुन्दरीजल जान मोटरबाटो पनि बनाइएको छ भने मेलम्ची खानेपानीको आयोजनास्थल पनि त्यहीँ हो । चैत्र-वैशाख महिनामा सुन्दरीजलका वनमा फुल्ने लालीगुराँस लगायतका फूल अनि काफल तथा ऐंसेलुजस्ता फलले हरेक यात्रुको मन लोभ्याउँछ । सुन्दरीजल क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकलाई दृष्टिगत गरी थुप्रै होटल खुलेका छन् । बास बस्न चाहने पर्यटकका लागि राम्रो व्यवस्था छ । शहरको कोलाहल र प्रदूषणबाट केही क्षणका लागि भए पनि मुक्ति पाउन र आनन्दको सास फेर्न सुन्दरीजल नजिकको गन्तव्य हो ।

**बीपी संग्रहालय :** दूरदर्शी राजनेता बीपी कोइराला, लौहपुरूष गणेशमान सिंह, किसुनजी, योगेन्द्रमान शेरचन, रामनारायण मिश्र लगायतका नेताहरूलाई लामो समय जेल राखिएको स्थान जो राजबन्दीगृहका नामले चिनिन्थ्यो, त्यो गृहलाई बीपी संग्रहालयका रूपमा विकास गरिएको छ । जनअधिकार प्राप्तिका लागि भएका संघर्षमा अग्रणी भूमिका निर्वाह गर्ने नेताहरूको सम्पूर्ण अभिलेख यहाँ राखिएको छ । साथै उनीहरूले प्रयोग गरेका सामग्री पनि राखिएको छ । सम्भवतः यो नेपालको एक मात्रै राजनीतिक संग्रहालय हो । राजनीतिप्रति चासो राख्ने हरेक व्यक्तिका लागि यो पहिलो पर्यटकीय गन्तव्य बनेको छ ।

**शहीद उद्यान (पार्क) :** रावणले यज्ञ गरी सिद्धि प्राप्त गरेको ठाउँ भएका कारण यस पवित्र भूमिलाई यज्ञडोल भनिन्थ्यो । लिच्छविकालमा

जगडोलमा विशाल ढोकाका निर्माण गरिएको इतिहास पाइन्छ । सयौं वर्ष ओझेलमा परेको यज्ञडोल क्षेत्रको करिब एक हजार रोपनी क्षेत्रफललाई समेटेर विशाल पार्क निर्माण गरिएको छ । गोकर्णेश्वर मन्दिर नजिकै रहेको यस पार्कलाई शहीद पार्क तथा निजामती कर्मचारी पार्कका नामले पनि चिनिन्छ । राजधानी काठमाडौं उपत्यकामा सम्भवतः प्राकृतिक रूपमा यति रमणीय सुन्दर पार्क अर्को छैन । पार्कमा घुम्न जानेहरूको निकै घुइँचो लाग्न थालेको छ । पार्क क्षेत्रमा हेलिप्याडसमेत बनाइएको छ । यस्तै पर्यटकहरूका लागि सुविधासम्पन्न होटल पनि तयार हुँदै गरेको छ । पार्क जाने बाटो पनि पक्की बनाइएको छ । खासगरी चलचित्र छायाङ्कन (फिल्म सुटिङ) का लागि यो ठाउँ नेपालकै उत्कृष्ट मानिएको छ ।

**गोकर्ण सफारी पार्क** : प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाद्वारा १९१९ सालमा निजी शिकार खेल्नका लागि ओगटेर राखेको यो जंगल गोकर्ण सफारी पार्क (राजनिकुञ्ज) को नामले चिनिन्छ । इँटाको पर्खाल लगाई सुरक्षित गरिएको उक्त वनले कुल चार हजार तीन सय ४२ रोपनी क्षेत्रफल अर्थात् २.९ वर्गकिलोमिटर र औसतमा १,३०० (४,२९० फिट) मिटर उचाइमा छ ।

गोकर्ण प्रकृति र संस्कृतिप्रेमीहरूको आकर्षण मात्र नभई यो संसारभरका गल्फप्रेमी व्यक्ति (गल्फर) हरूको पनि आकर्षक गन्तव्यस्थल हो । रकम तिरेर अर्थात् सदस्यता लिई खेल्न



*गोकर्णेश्वर-५ मा अवस्थित साँस्कृतिक तथा धार्मिक महत्व बोकेको जम्बुद्वीप डाँडामा रहेको शवदहन स्थल*

सकिने यहाँको गल्फ आश्रयस्थल सन् १९९९ मा स्थापित भएको हो । समग्रमा गोकर्ण नेपालको एउटा ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वको स्थल हो । जैविक विविधता, प्रकृतिप्रमीहरू, खेलप्रेमीहरूका लागि अत्यन्तै आकर्षक मानिएको यो स्थल हाल विद्यार्थीहरूको समेत आकर्षणको केन्द्र बन्दै गएको छ । यो वन गोकर्णेश्वर नगरपालिका मातहत आइसकेको छ ।

**चुनौती** : एउटा मात्रै पर्यटकीय सम्पदा भएका ठाउँमा समेत स्थानीय जनताले पर्यटन व्यवसायबाट ठूलो आम्दानी गरेका छन् । तर राट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नाम चलेका करिब एक दर्जन पर्यटकीय सम्पदा भएको गोकर्णेश्वरका स्थानीय बासिन्दाहरूले पर्यटन व्यवसायबाट अपेक्षित आम्दानी गर्न सकेका छैनन् । सबै खालका पर्यटकका लागि सुविधा भएको ठाउँ हो यो ।

यति धेरै पर्यटकीय सम्पदा हुँदाहुँदै पनि बत्तीमुनि अँधेरो जस्तो भएको छ । पर्यटक आउने केही घन्टा घुमेर फर्कने अहिलेको अवस्थाले निरन्तरता पाउने हो भने स्थानीय जनताले खासै लाभ लिन सक्दैनन् । गोकर्णेश्वर क्षेत्रमा आन्तरिक र बाह्य गरेर सरदर दैनिक पाँच हजार पर्यटक पुग्ने गरेको अनुमान यस पंक्तिकारको छ । जसमध्ये ६० प्रतिशत धार्मिक पर्यटक हुनेछन् भने खेल पर्यटक, वातावरण पर्यटक, हाइकिङ पर्यटक, प्राकृतिक दृश्यमा रमाउने पर्यटक, पुरातात्विक सम्पदामा रामाउने पर्यटक, शैक्षिक भ्रमणमा रमाउने विद्यार्थी लगायत सबैका लागि एकै ठाउँमा यति धेरै सुविधा सायद नेपालका अन्य पालिक छैन । पर्यटक आवागमन वृद्धिको तथ्यांक पनि निकै उत्साहजनक छ । यी पर्यटकहरूलाई कम्तीमा एक रात गोकर्णेश्वर क्षेत्रमै बस्ने प्रवन्ध मिलाउने हो भने मात्रै पनि कम्तीमा २० हजार स्थानीयले रोजगारी पाउन सक्छन् ।

# गोकर्ण क्षेत्र : सत्ययूगदेखिकै पावन क्षेत्र



प्रा. डा. ऋषिराम पोखरेल

*स्कन्दपुराण हिमवत्खण्ड अध्याय ८८ अनुसार पशुपति क्षेत्रदेखि माथि गोकर्ण हुँदै सुन्दरीजलसम्मको भू-भाग सत्ययुगदेखिकै पावन भूमिको रूपमा वर्णन भएको पाइन्छ ।*

काठमाडौं उपत्यकाको उत्तरपूर्वी क्षेत्रमा पर्ने गोकर्ण क्षेत्रको ऐतिहासिक प्रमाण खोज्दै जाँदा विभिन्न वैदिक साहित्य र पुराणहरूले यो ठाउँलाई सृष्टिको शुरूदेखि नै पवित्र भूमिको रूपमा व्याख्या गरेको पाइन्छ । प्रचलित पूर्वीय पञ्चांग गणनाअनुसार यो सृष्टिको प्रारम्भ दुई अर्ब वर्षअघि भएको मानिन्छ । सिंगो काठमाडौं उपत्यकाको इतिहास पनि निकै लामो छ । स्कन्दपुराण हिमवत्खण्ड अध्याय ८८ अनुसार पशुपति क्षेत्रदेखि माथि गोकर्ण हुँदै सुन्दरीजलसम्मको भू-भाग सत्ययुगदेखिकै पावन भूमिको रूपमा वर्णन भएको पाइन्छ । यो ठाउँको बारेमा सबैभन्दा ठूलो पुराण मानिने स्कन्द पुराणको हिमवत्खण्ड अध्याय ११७ र मानसखण्डमा पनि वर्णन पाइन्छ भने केही प्रसंग बराह पुराणमा पनि उल्लेख छ ।

वाग्मती नदीको उद्गमस्थल शिवपुरी पर्वतको शिरमा रहेको वागद्वारबाट साढे दुई कोश पूर्वतिर सुन्दरीमाईको मन्दिर छ । सुन्दरीमाई भनेको पार्वतीको अर्को नाम हो । यहाँ रहेको सुन्दरीमाईको मन्दिरबारेमा पनि एउटा महत्वपूर्ण पौराणिक प्रसंग पाइन्छ । सृष्टिको क्रममा ब्रह्माजीले सबै राम्रा (सुन्दर) वस्तु र प्राकृतिक सम्पदाहरूको नमुना संकलन गर्दै जाँदा सुन्दरशैल पर्वत बनेछ । त्यो पर्वतको नजिक शैलमतीको छहरामुनि भगवान् शंकरजी बस्नुभएछ । र, त्यो शैलमतेश्वरका नामले प्रसिद्ध भएछ । कुनै दिन पार्वती घुम्दै जाँदा त्यो सुन्दरशैलको सुन्दरता र वाग्मती शिवगंगाको सुन्दरजलसँग नागमती संगम भएको नजिक ककारोमा सुन्दरी देवीका रूपमा पार्वती पनि बस्नुभएछ । सुन्दरी देवी र शिवगंगाको संयुक्त नामले सुन्दरीजल भनिएछ ।



*सुन्दरीमाई रहेको स्थान*

देव र असुरहरूबीच संग्राम भइरहेको समयमा सुन्दरीमाई मन्दिर नजिकै मुज वनमा (मुज भनेको नेपाली कागज बनाउन प्रयोग हुने कच्चा पदार्थ लोक्ताको कुनै एउटा भेद हो । अहिले पनि सुन्दरीजल क्षेत्रमा लोक्ता पाइन्छ) दधिचि ऋषिको एउटा आश्रम थियो । उक्त संग्राममा इन्द्रलाई असुरहरूले साह्रै दुःख दिएपछि उनी ब्रह्मा, विष्णु र शिवको शरणमा पुगेछन् । त्रिदेवले इन्द्रादि

देवताहरूलाई एउटा उपाय सिकाए । वागद्वार र सुन्दरीदेवीको मन्दिरको आसपासमा मुजको वनमा दधिचि ऋषिको आश्रम छ । त्यहाँ गएर उनको हाड मागेर ल्याउन सकेको खण्डमा त्यसको बज्र बनाएर युद्ध गर्दा सजिलै असुरहरूलाई पराजित गर्न सकिन्छ भन्ने सुझाव दिएपछि उनीहरू दधिचि ऋषिको आश्रममा पुगे ।

शान्त सुन्दर वन शीतल स्वच्छ शिवगंगा वाग्मतीको जल र सुन्दरीदेवीको समिपमा पुगेर देवताहरू रोकिए । दधिचिका सामु आफ्नो माग (प्रार्थना) सुनाएर केहीबेर विश्राम गरे । दानवीर दधिचि ऋषिले लोकको हितका लागि एउटा हड्डी मात्रै नभएर पूरै अंगसहित शरीर नै दान गर्न आफू तयार रहेको बताए । उदार मनका दधिचिले प्राणायमद्वारा आफ्नो शरीर त्यागी दिए । उनको सोही हाडबाट विश्वकर्माले बज्र बनाएको र सोही बज्रले नै असुरहरूको बध गरेर लोककल्याणकारी देवशासन शुरू गरेको कुरा हिमवत्खण्डमा उल्लेख छ । यो विषयमा भागवत पुराणमा केही उल्लेख छ भने विस्तृत विश्लेषण हिमवत्खण्डमा पुगेपछि नै पाइन्छ । बराह पुराणमा पनि सुन्दरीदेवीको बारेमा केही उल्लेख भएको पाइएको छ ।

## पञ्चमुखे हनुमानको वर्णन

गोकर्णेश्वर महादेवको मन्दिरभन्दा करिब एक किलोमिटरमाथि वाग्मती नदी दक्षिणतर्फबाट उत्तर बगेको छ । जसलाई उत्तरवाहिनी/उत्तरगया भनिन्छ । यहाँ संवत् १७६३ वैशाखमा स्थापित पञ्चमुखी हनुमान छन् । उत्तरवाहिनी वाग्मतीको देब्रे किनारमा गोकर्णको जंगलसँग जोडिएको यो पाँचमुखे हनुमानको मूर्ति करिब तीन सय वर्ष पुरानो हो । यसलाई पुरातात्विक महत्वपूर्ण सम्पदा मानिन्छ । धेरै नै कलात्मक रहेको यो मूर्ति तथा मन्दिरमा राजपरिवारका सदस्यहरूको समेत ठूलो आस्था थियो । कुनै समय यस उत्तरगया/उत्तरवाहिनी कान्तिभैरव परिसरमा भारतको अयोध्याबाट एकजना साधु आएर धार्मिक प्रवचन चलाई सात दिनसम्म हनुमानको पूजा आराधना गरी बसेका थिए । उनले राजा वीरेन्द्रलाई पञ्चमुखे हनुमानको वर्णन गर्दै भनेका थिए– यो पाँचमुखे हनुमानलाई भोकै राख्यौ भने तिमीलाई खानेछ, तिम्रो परिवारको श्री ५ पदवीलाई पनि खानेछ र विस्तारै नेपाललाई नै खाने छ । त्यसैले यसलाई राम्रोसँग पूजा गरी भोजन दिनू ।

ती साधु पनि कस्ता भने दिनमा एक समय केवल दूध मात्रै सेवन गर्दथे । उनले खाने दूध दिने गाई पनि कालै हुनुपर्ने र बाच्छो पनि कालै हुनुपर्ने भन्ने थियो । लवाइको कुरा गर्दा उनी शरीरमा एकसरो जुटको दोपटा बेर्ने र जुटकै कछाड लगाउँथे । कसैको व्यक्तित्वले प्रभाव नपार्ने स्वभाव उनको थियो । उनी कसैदेखि नडराउने वा दबाबमा आउँदैनथे । उनले हिन्दी र संस्कृतमा दिएको धार्मिक प्रवचनलाई मैले नेपालीमा व्याख्या गरेर त्यहाँ उपस्थित हजारौं भक्तलाई सुनाउने अवसर पाएको थिएँ । यही प्रसंगमा श्री ५ वीरेन्द्रको पनि त्यहाँ सवारी भएको थियो । केहीबेर भांग्रेबाबाका साथमा बडामहारानी श्री ५ ऐश्वर्य



*उत्तरगया क्षेत्रमा रहेको पञ्चमुखी हनुमान*

र निजी सचिव चेतबहादुर कुँवर पनि भएकै बेला राजाले कुरा गरेका थिए । योगीको कुरा सुनेपछि राजाले मलाई छुट्टै बोलाएर सचिवका साथ पाँचमुखे हनुमानबारे धेरै कुरा सोधनी भयो । मैले पनि हनुमान धेरै जण्डा छन् भन्दै स्थानीय किसान रगत छादेर मरेको लगायतका एकाध घटना पनि सुनाएँ ।

श्राद्ध गर्ने खर्चका लागि भनेर राखेको ९२ रोपनी सार्वजनिक जग्गा राजाको नाममा दर्ता भएको रहेछ । २०२१ सालको नापीमा सार्वजनिक जग्गा भनेको, तर ०४२ सालमा दरबारिया चाकडीबाजहरूले राजा खुसी पार्न गोकर्ण राजनिकुञ्जको नाममा उक्त जग्गा दर्ता गराइएको रहेछ । पञ्चमुखी हनुमानको यो शक्ति सुनेपछि राजा वीरेन्द्रले त्यो जग्गा फिर्ता गर्छु भनेका थिए । तर सचिव र दरबारियाहरूले ढिलासुस्ती गरी अल्मल्याएको अवस्थामा दुर्भाग्यवश त्यो जग्गा फिर्ता गर्न नपाउँदै दरबार हत्याकाण्ड भयो । उनीसहित उनको परिवारका पाँचैजना मारिए । उनीपछि राजा भएका ज्ञानेन्द्रलाई पनि सचिवहरूले यो कुरा बिन्ती गर्न सकेनन् । अहिले

दरबारको स्वामित्वको राजनिकुञ्ज पनि नेपाल ट्रस्टको अधीनमा छ ।

नेपाल ट्रस्टबाट साविकको हनुमान मन्दिर र गुफाहरूले चर्चिएको आठ रोपनी सार्वजनिक जग्गामा चाहिँ जनस्तरबाट पूर्ववडाध्यक्ष एवं उत्तरगया कान्तिभैरव मन्दिर क्षेत्र व्यवस्थापन समिति अध्यक्ष भैरवबहादुर श्रेष्ठको तत्परतामा करिब पाँच लाख खर्च गरेर पाँचमुखे हनुमानको मन्दिरको पुनर्निर्माण भएको छ । त्यही ठाउँमा तपस्वीहरूको तपस्या गर्ने साधुहरू सर्वश्री षडानन्द ब्रह्मचारी, वासुकी ब्रह्मचार्य, शिवपुरीबाबा, गलेश्वरबाबा, योगमाया, माताजी, कुवेरपुरी, प्रेमनारायण, महानन्द आदि साधुहरूले साधना गरेको गुफाहरूको पनि यस पंक्तिकारकै विशेष पहलमा नेपाल सरकार पुरातत्व विभागबाट महानिर्देशक सुशीलकुमार कोइराला एवं त्यसपछि आएका महानिर्देशक भेषनारायण दाहालको उदारतापूर्ण सहयोगस्वरूप करिब डेढ करोडको सहयोगमा कान्तिभैरव मन्दिरसहित दुवै गुफाहरूको पुनर्निर्माण गरिएको छ ।

पंक्तिकारकै पहलमा स्थानीय समितिअन्तर्गत २०६५ सालमा स्थापित भई जिशिका काठमाडौंको विधिपूर्वक स्वीकृति लिएर कान्तिभैरव गुरूगुल विद्यालयको छात्रावास, भान्साघर, कक्षाकोठासमेत निर्माण भएको छ । यसमा जिशिका, नगरपालिका लगायत धेरै जनताको सहयोग रहेको छ । र, यो विद्यालय काठमाडौ उपत्यकाकै एक मात्र जनसमुदायको सहयोगमा चलेको गुरूकुल विद्यालय हो । छात्रावासहरू, आश्रमहरू पनि बनाइएको छ ।



*सुन्दरीमाई क्षेत्रमा दुई ढुंगाको चेपबाट बग्ने वाग्मती नदी*

सम्भवतः बुद्धिष्टहरू श्रीकृष्णलाई मञ्जुश्रीको नामले चिन्ने गर्दछन् । किनभने श्रीकृष्णपछि उनैले बुद्ध अवतार लिएको कुरा प्रायः सबै धर्मशास्त्रमा उल्लेख गरिएको छ । नवम् अवतार प्रभु बुद्धरूप धारणम् भनी शंकराचार्यले स्तुति गरेको दशावतार भजन अद्यापि नेपाली र भारतीय समाजमा प्रचलित रहिआएको छ । चोभारको चक्रतीर्थको इतिहासबारे त धेरै जानकार नै छन् । तर, गोकर्ण क्षेत्रमा त्यतिबेला श्वेतकेतु नामका राजाले राज्य गर्दथे । श्रीकृष्णका पुत्र प्रद्युम्नलाई देवर्षि नारदको सल्लाहअनुसार आफ्नी छोरी प्रभावती (चन्द्रावती पनि भनिन्छ) दिने वचन दिएका थिए । तर, त्यहाँ एक राक्षस महेन्द्र दमनले श्वेतकेतुकी पुत्रीलाई अपहरण गरेर लैजाँदै थियो । त्यहीबेलामा श्रीकृष्ण प्रद्युम्नसहित त्यहाँ गएर त्यो राक्षसलाई मारेर गल्छी काटी पानीको निकास खोलेको कुरा पनि स्कन्दपुराण हिमवत्खण्डको १७३ अध्यायको श्लोक १५ मा उल्लेख छ ।

## सुन्दरीमाई र शैलेश्वर

श्रीशैल र सुन्दरशैल भन्ने दुईवटा डाँडाको बीचबाट वाग्मती नदी बहन्छ । त्यही श्रीशैलको पाखामा सुन्दरीमाईको मन्दिर छ । केही तल स्यालमती र अलिमाथि वाग्मती र नागमती नामका तीन नदीहरू बहने गर्दछन् । यसको पनि पौराणिक कहानी स्कन्दपुराण अध्याय ८६ मा उल्लेख छ । यसको कहानी सृष्टिको सुरूदेखिकै रहेको विभिन्न पुराणहरूमा उल्लेख छ ।

सृष्टिको सुरूमै एकपटक महादेव मर्त्यलोकको भ्रमणका लागि आएका थिए । सोही क्रममा अहिले शैलेश्वरको छहरा रहेको ठाउँमा कञ्चन पानीसहितको छहरा देखेर महादेव त्यहीँ बस्न थाले भन्ने पौराणिक कहानी पाइन्छ । त्यसको केही समयपछि पार्वती पनि घुम्दाघुम्दै सोही ठाउँमा आइन् । आउँदा महादेवलाई पनि त्यहीँ देखेर पार्वतीले पनि त्यहाँ वाग्मती नागमती संगमनेर ओडारमा सुन्दरीदेवी बनेर बस्ने निर्णय गरिन् । यसरी शैलेश्वर र सुन्दरीदेवीको ठाउँमा ब्रह्माले सृष्टिको समयमा जगेडा सामान जति सबै सोही श्रीशैल र सुन्दरशैलको आसपासमै राखेको भन्ने स्कन्द पुराणमा उल्लेख भएको पाइन्छ ।

# हाम्रो उद्देश्य अलग ढंगले गोकर्णेश्वरको पहिचान स्थापित गर्ने हो



**सन्तोष चालिसे**
*नगर प्रमुख, गोकर्णेश्वर नगरपालिका*

- *पहिलो वर्ष आठ करोड रूपैयाँ राजस्व उठेको थियो, अहिले वार्षिक ५४ करोडभन्दा बढी नै उठ्छ । हामीले जनतालाई कर बढाउने कुरा गरेनौं, करको दायरा बढायौं ।*
- *जोरपाटी चोकमै गोकर्णेश्वर नगरपालिकाको बहुउद्देश्यीय भवन बनाउँदै छौं । चार रोपनी क्षेत्रफलमा करिव २८ करोडको लागतमा बहुउद्देश्यीय भवन बन्ने छ ।*
- *वातावरण शुद्धीकरणका लागि गोकर्णेश्वर नगरपालिकाले शुरू गरेको फोहोर व्यवस्थापन महाअभियानमा पालिकावासीको सक्रिय सहयोग हामीले पाएका छौं ।*

काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा हामी २०७४ जेठमा निर्वाचित भएर आएका हौं । नगरपालिकाको प्रमुख (मेयर) का रूपमा पहिलोपटक कार्यालय जाँदा अहिले ८ नम्बर वडा कार्यालय भएको ठाउँमा गोकर्णेश्वर नगरपालिकाको कार्यालय थियो, त्यहाँ गएर पहिलो निर्णयमा हस्ताक्षर गरेको थिएँ । त्यतिबेला नगरपालिकाको कार्यालय त्यहीँ थियो । अत्यन्तै सानो घर, दुईवटा गाडी राखेपछि भरिने पार्किङ, शाखाहरू विस्तार गर्ने कुनै सम्भावना नै थिएन । त्यसैले हामीले तत्कालै नयाँ कार्यालयमा सर्ने निर्णय गऱ्यौं । निर्वाचित भएर आउँदा ५ नम्बर वडा कार्यालयबाहेक हामीसँग कुनै वडाको आफ्नो भवन थिएन । नगरपालिकामा २०-२५ जना बसेर मिटिङ गर्ने हल पनि थिएन, हामी अत्यन्तै गाह्रो अवस्थामा थियौं । त्यसैले अहिले बसेको भाडाको भवनमा तत्कालै सरेका हौं । गोकर्णेश्वर नगरपालिकामा म निर्वाचित भएर आएपछि कम्तीमा दैनिक चार-पाँचवटा कार्यक्रममा पुग्नै पर्ने बाध्यता छ । नगरपालिकामा गुनासो, समस्या लिएर आउनेहरूको ठूलै भीड हुन्छ । ग्रामीण इलाकाको समस्या र शहरको समस्या फरक-फरक छ । एउटै कुराको समानता छ, त्यो हो बेरोजगारी ।

## गोकर्णेश्वर नगरपालिकाका केही उदाहरणीय प्रयास

जोरपाटी चोकमै गोकर्णेश्वर नगरपालिकाको बहुउद्देश्यीय भवन बनाउँदै छौं हामी । करिव २८ करोडको लागतमा बन्ने बहुउद्देश्यीय भवन चार रोपनी क्षेत्रफलमा बन्ने छ । जसको जमिनमुनिका दुई तल्लामा पार्किङ हुने छ भने यो भवन सात तल्ले बनाउने योजना छ । भवन निर्माणका लागि नगरपालिकाले १० करोड रूपैयाँ विनियोजन गरेको छ भने शहरी विकास मन्त्रालयको पनि लगानी रहने छ । यो वर्ष डिजाइन र डीपीआर स्वीकृति गरी निर्माण प्रक्रिया शुरू भइसकेको छ । यसैगरी, जोरपाटी चोकमा आकाशे पुल पनि बन्दै छ । नगरपालिकाका कुल नौ वडाहरूमध्ये ५ नम्बर वडाबाहेक कसैको पनि आफ्नो भवन थिएन । हामीले वडाको भवन निर्माणलाई उच्च प्राथमिकतामा

राख्दै बाँकी रहेका आठ वडाहरूमध्ये १, २, ३, ४ र ७ नम्बर वडाको भवन बनाइसकेका छौं भने ६, ८ र ९ नम्बर वडाको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेका छन् ।

## अत्यावश्यक कानून निर्माण र अन्य कार्यहरू

१५ वर्ष जनप्रतिनिधि नभएकाले समस्याहरू चाङ लागेर बसेका थिए । आफूले चुनेर पठाएका मेयर, उपमेयर, वडाध्यक्ष र सदस्य आएपछि मतदाताहरूबाट समस्या, गुनासो आउन थाल्यो । त्यो स्वाभाविक हो । त्यसैले जनप्रतिनिधिसँग जनताले धेरै अपेक्षा गरेका छन् । तर उहाँहरूले अपेक्षा गरेअनुसारको काम गर्न बजेटको अभाव छ भन्ने कुरा उहाँहरूलाई बुझाउन सकिएको छैन । पहिलो वर्ष शिक्षा कानून, कृषि कानून, स्वास्थ्य कानून, खेलकुद लगायतका अत्यावश्यक कानून निर्माणमा हामी जुट्यौ । गाउँपालिका वा नगरपालिकाहरूले आफ्ना लागि आफैंले बजेट बनाएर पारित गर्ने अधिकार प्राप्त गरेका छन् । जसअनुसार शिक्षा, स्वास्थ, पर्यटन र खेलकुदलाई हामीले प्राथमिकतामा राखेका छौं । शहीद पार्कसँगै रहेको डोजो भवन, २७ रोपनी क्षेत्रफलमा बन्दै गरेको फुटबल ग्राउण्ड, ब्याडमिटन हल खेलकुद क्षेत्रमा हामीले गरेका काममध्येका केही उदाहरण हुन् ।

नगरपालिका क्षेत्रभित्रका पाँचवटा स्वास्थ्य चौकीको स्तरोन्नति गरेका छौं । सिनियर डाक्टरको व्यवस्था मिलाएका छौं भने गोकर्णको अस्पतालमा १५ शैयाको सुविधा उपलब्ध छ जहाँ ७२ किसिमका



*स्वास्थ्यचौकी भवन शिलान्याश गर्दै मेयर सन्तोष चालिसे*

औषधि निःशुल्क पाइन्छ । ७० वर्ष पुगेका जेष्ठ नागरिकको उपचार निःशुल्क हुन्छ भने महिलाहरूको निःशुल्क स्वास्थपरीक्षण गर्ने गरिएको छ ।

९० वर्षमाथिका वृद्धवृद्धालाई नगरपालिकाले विशेष भत्ता दिने व्यवस्था मिलाएको छ । त्यस्तै, गोकर्णेश्वर नगरपालिकाकै सबैभन्दा टाढा र दुर्गम बस्ती ओखेनीमा बस सेवा सञ्चालन, नगरपालिका-३ स्थित प्रसिद्ध पर्यटकीयस्थल तारेभीरमा महादेव र बुद्ध भगवान्को ठूलो मूर्ति स्थापना गरी पर्यटक आकर्षित गरिने, बृहत् खानेपानी योजना निर्माणका लागि बजेट, उत्तरवाहिनीमा फोहोर पानी प्रशोधन केन्द्र, चाबहिलदेखि दक्षिणढोका र जोरपाटीदेखि सुन्दरीजल बसपार्कसम्म सडक निर्माण गर्न सडक विभागसँग समन्वय र भौतिक योजना मन्त्रालयसँग सम्झौताजस्ता दीर्घकालीन महत्व राख्ने काम हामीले गरेका छौं ।

पहिलो वर्ष नै नगरपालिको विकास भनेकै वडाको विकास हो भन्ने अवधारणाअनुरूप प्रत्येक वडा कार्यालयलाई करिव चार करोडका दरले रकम निकासा गर्ने निर्णय गऱ्यौं । सबै वडाले त्यो रकमको सदुपयोग गरेका थिए । स्थानीय सरकारको काम, कर्तव्य र अधिकार संविधानमा तोकिए पनि कतिपय कुरा कानूनबमोजिम हुनेछ भनिएको छ । संविधानबमोजिम संघीय सरकारद्वारा केही कानून बनाउन अझै बाँकी छ । त्यसैले संविधानमा तोकिएका कतिपय अधिकार कानूनी रूपमा कार्यान्वयनमा आउन बाँकी छन् । उदाहरणका लागि, सार्वजनिक खरिद ऐन कतिपय ठाउँमा बाधक बनेको छ, तर पहिलेको तुलनामा धेरै अधिकार पालिकाहरूमा आएको छ । यसअघि पनि निर्वाचित जनप्रतिनिधिको रूपमा काम गरिसकेको हुँदा म सम्मानित जनताको भावना, माग र समस्या बुझ्दछु । उहाँहरूको भावनाको उच्च सम्मान पनि गर्दछु ।

पहिलो वर्ष नै डिजिटल डाटा संकलन गर्ने निर्णय गर्दै कार्यान्वयनमा ल्यायौं । अहिले नगरपालिकासँग नगरभित्र रहेका महिला, पुरूष, बालबालिकासँग सम्बन्धित उमेर, शैक्षिक अवस्था, स्वास्थ्य लगायत विभिन्न प्रकारका तथ्यांक, वृद्धवृद्धाका बारेमा जानकारी, घरधुरी, घरपरिवार, जनसंख्या, उद्योग, शैक्षिक संस्था, कृषकहरूको संख्या, कृषि फर्म लगायत सबै कुरा समेटेर सफ्टवेयर बनाएका छौं । यो काम गर्न दुई वर्ष लागेको थियो । हामीले कृषि अनुदानका लागि वार्षिक दुई करोड बजेट छट्याएका छौं भने कौसीखेतीका लागि पनि दुई करोड

बजेट विनियोजन गरेका छौं । १, २, ३ र ४ वडामा कृषि अनुदान दिन दुई करोड रूपैयाँको बजेट विनियोजन गरेका छौं । त्यस्तै, यी वडाहरूका कृषकलाई हाते ट्याक्टर वितरण गर्ने कार्यक्रम पनि छ । त्यस्तै, ५, ६, ७, ८ र ९ मा कौसी खेती गर्नुको विकल्प छैन । त्यसैले नगरपालिकाले कौसी खेती प्रोत्साहनका लागि दुई करोड बजेट विनियोजन गरेको हो । त्यस्तै, अर्को महत्वपूर्ण काम भनेको वातावरण शुद्धीकरणका लागि मेसिन जडान गर्ने काम सकिएको छ । नगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने ६ टन फोहोर त्यो मेसिनमा हाल्दा नगर त सफा हुन्छ नै, साथसाथै त्यस क्षेत्रको वातावरणसमेत शुद्धीकरण हुन्छ, वायु शुद्ध हुन्छ । वातावरण शुद्धीकरणका लागि गोकर्णेश्वर नगरपालिकाले शुरू गरेको यो महाअभियानमा पालिकावासीको सक्रिय सहयोग हामीले पाएका छौं ।

पहिलो वर्ष नै १६ करोडको लागतमा सुनको छाना राखेर गोकर्णेश्वरको मन्दिर पुनर्निर्माण गर्ने निर्णय गरियो । मन्दिरकै नामबाट गोकर्णेश्वर नगरपालिका नामाकरण भएको हो । जसरी एउटा व्यक्तिको पहिचानको महत्व छ, उसैगरी आफ्नो ठाउँको पनि महत्व छ । यसर्थ, पहिचान पनि ठूलो कुरा हो भन्दै कार्यपालिकाको बैठकबाट मन्दिर बनाउन आठ करोड दिने निर्णय भयो । बाँकी रकम उठाउन मन्दिरले सप्ताह लगाउने काम सम्पन्न गरिसकेको छ । मन्दिरको पुनर्निर्माण पनि अन्तिम चरणमा पुगेको छ ।

सबैभन्दा महत्वपूर्ण कुरा पहिलो वर्ष आठ करोड राजस्व उठेको थियो, अहिले वार्षिक ५४ करोडभन्दा बढी नै उठ्छ । हामीले जनतालाई कर बढाउने कुरा गरेनौं, करको दायरा बढायौं । त्यसैले जनताले असन्तुष्ट बन्नुपर्ने कुनै काम गरेका छैनौं । गोकर्णेश्वर नगरपालिकाले अहिले विभिन्न क्षेत्रमा लगानी मात्र गरिरहेको छ, प्रतिफल देखिन बाँकी नै छ ।

दोस्रो वर्ष नगरपालिकाले विषय विज्ञ राखेर स्थानीय विषय समेटेर पाठ्यपुस्तक निकाल्ने काम गरियो । १ कक्षादेखि ८ कक्षासम्मका लागि बनाइएको पुस्तक सामुदायिक विद्यालयमा निःशुल्क र निजी विद्यालयमा सशुल्क वितरण गरियो । हामीले स्थानीय परिवेशलाई समेटेर विद्यालयस्तरको पाठ्यपुस्तक तयार गरिसकेका छौं । सम्भवतः स्थानीय तहमा पाठ्यपुस्तक तयार गर्ने गोकर्णेश्वर नगरपालिका मुलुककै पहिलो नगरपालिका हो । यसैगरी ८, ९ र १० कक्षामा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क कोचिङ कक्षा सञ्चालन गरिएको थियो ।

त्यस्तै, वाग्मती नदीमा डुंगा चलाउने गरी करिब दुई किलोमिटरमा ताल बनाउने योजना कार्यान्वयनमा जाँदै छ । नारायणटारदेखि गोकर्ण बाँधसम्म ताल बनेपछि डुंगा चलाउने योजना छ, त्यसपछि गोकर्णेश्वर नगपालिकाको वडा नम्बर ४ उपत्यकाको आन्तरिक पर्यटन केन्द्र बन्ने छ । वाग्मती नदीमा बाँध निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न डुंगा चलाउन पाँच करोड रूपैयाँ बजेट विनियोजन भइसकेको छ ।

सुन्दरीजलमा बन्न लागेको जल उद्यान (वाटर पार्क) देशकै हेर्न लायक पार्क बन्ने छ । गोकर्णेश्वर आएका पर्यटकहरूलाई एक साता व्यस्त राख्ने गरी कार्यक्रम बनाउने



*कृषि अनुदानसम्बन्धी अनुगमनका क्रममा मेयर सन्तोष चालिसे, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद आचार्यसहितको टोली*



*वाग्मतीमा वृक्षरोपण कार्यक्रममा सहभागी हुँदै मेयर चालिसेसहितको टोली*

## नगरपालिकाले गरेका केही कामहरू

- नगरपालिकाको बहुउद्देश्यीय भवन
- पाँचवटा वडाको भवन निर्माण, तीन निर्माणाधीन
- पाँचवटा स्वास्थ्य चौकीको स्तरोन्नति
- ९० वर्षमाथिका वृद्धवृद्धालाई नगरपालिकाले विशेष भत्ता
- अत्यावश्यक कानून निर्माण
- दुर्गम बस्ती ओख्रेनीमा बस सेवा सञ्चालन
- उत्तरवाहिनीमा फोहोर पानी प्रशोधन केन्द्र
- चाबहिलदेखि दक्षिणढोका र जोरपाटीदेखि सुन्दरीजल बसपार्कसम्म सडक निर्माण
- पर्यटकीयस्थल तारेभीरमा महादेव र बुद्ध भगवान्को ठूलो मूर्ती योजना
- डिजिटल डाटा संकलन
- कृषि अनुदान र कौसी खेतीका लागि बजेट विनियोजन
- वातावरण शुद्धीकरणका लागि मेसिन जडान
- गोकर्णेश्वरको मन्दिर पुनर्निर्माण
- १ कक्षादेखि ८ कक्षासम्मका लागि नगरपालिकास्तरीय पुस्तक
- वाग्मती नदीमा करिव दुई किलोमिटर लामो ताल बनाउने योजना
- सुन्दरीजलमा वाटर पार्क योजना

हाम्रो प्रयास छ । काठमाडौं महानगरको कोलाहल वातावरणबाट थाकेकाहरूलाई गोकर्णेश्वर नगरपालिकाको ग्रामीण इलाका र प्राकृतिक भूवनोटतर्फ आकर्षित गर्ने हाम्रो प्रयास निरन्तर जारी छ । ग्रामीण इलाकामा पर्यटक आकर्षित गर्ने होटल वा त्यससँग सम्बन्धित उद्योग स्थापनामा हामी जुनसुकै सहयोग गर्न तयार छौं ।

जे जति सार्वजनिक जग्गा बाँकी छ, त्यसलाई संरक्षण गर्दै नयाँ ढंगले काम गर्नुपर्ने अवस्था छ । तर ग्रामीण इलाकाको सामाजिक रहन–सहन, संयुक्त पारिवारिक संरचना, धार्मिक परम्परा नेपालकै श्रीसम्पत्ति हुन् । त्यस अर्थमा पनि गोकर्णेश्वर नगरपालिका अत्यधिक धनी छ । गोकर्णेश्वर मन्दिर (जो सृष्टिकर्ता ब्रह्मासँग जोडिएको इतिहास) यही नगरसँग छ । वागद्वार, उत्तरगया लगायत नगरपालिका क्षेत्रभित्र धार्मिक हिसाबले महत्वपूर्ण दर्जनौं स्थान छन् । यसको महत्व दर्शाउँदै नगरपालिकाको लगानीमा हामीले धार्मिक पुस्तक नै प्रकाशन गरेका छौं । अब कुनै पनि व्यक्ति वा संस्थाले खोज, अनुसन्धान गर्न चाह्यो भने उसको लागि नगरपालिकाले आधार बनाइदिएको छ ।

अहिले मुलुकका अन्य स्थान जस्तै हाम्रो नगरपालिकामा पनि बेरोजगारी समस्या प्रमुख चुनौतीका रूपमा देखापरेको छ । बेरोजगारलाई स्वरोजगार कसरी बनाउने, अन्य अल्पविकसित, विकासोन्मुख मुलुकहरूको अनुभव हाम्रा लागि पाठ हुन सक्छ, त्यसबारे अध्यायन गर्दैछौं । जनताको आयआर्जन कसरी बढाउने भन्नेमा हाम्रो चिन्तन केन्द्रित छ । मुलुकका अन्य नगरपालिकाहरूको तुलनामा प्रतिव्यक्ति आय कसरी सबैभन्दा बढी बनाउने भन्ने नीतिअनुरूप काम भइरहेको छ । त्यसको परिणाम आउन वा प्रतिफल आउन केही समय त लाग्छ नै ।

# न्यायिक समितिको अधिकार र जनचेतना महाअभियान



*शान्ति नेपाल*
*उपप्रमुख, गोकर्णेश्वर नगरपालिका*

***वास्तवमा हामीले चुनौतीपूर्ण अवस्थाबाट काम शुरू गरेका हौं, त्यसैले अहिले नै कामको मूल्यांकन गर्ने बेला भइसके जस्तो लाग्दैन । तर जति गर्नुपर्ने हो त्यो गर्न नसकिएको स्वीकार गर्छौं ।***

समयमै ऐन कानून बन्न सकेको भए धेरै काम हुन सक्ने रहेछ । विकास निर्माणका काममा हात फुकाएर सुरूदेखि अघि बढ्न सकिएन । संघीय सरकारले अलि बढी नै च्याप्न खोज्यो । गोकर्णेश्वर नगरपालिकाका सन्दर्भमा भन्नुपर्दा कार्यविधिबाटै कार्यसञ्चालन भइरहेकामा पछिल्लो समय चाहिनेभन्दा बढी कर्मचारी थोपरेर संघीय सरकारले विकास निर्माणमा अर्को अड्चन थाप्यो ।

अब कार्यकाल करिव डेढ वर्ष बाँकी छ । यो चार वर्ष थिति बसाल्दैमा बित्यो भन्दा फरक नपर्ला । यो स्थानीय सरकारको पहिलो अभ्यास पनि हो, हामीले थिति बसालेकाले यसपछि निर्वाचित भएर आउने जनप्रतिनिधिलाई सजिलो होल भन्ने लाग्छ । हामी निर्वाचन भएर आउँदासम्म केही पनि थिएन । संविधान मात्रै थियो, कानून थिएनन् । काम कहाँबाट शुरू गर्ने ? कसरी शुरू गर्ने ? अन्योल थियो । सर्वसाधारण बासिन्दा तथा कर्मचारीको पनि विगतको गाविस तथा नगरपालिकाकै जस्तो कार्य क्षेत्र हो भन्ने मानसिकता थियो । संघीय सरकारले त स्थानीय सरकारलाई आफ्नो मातहातको निकायलाई जस्तो व्यवहार गऱ्यो । अहिले पनि उसको यस्तै व्यवहार छ जबकि तीनवटा तहका सरकारहरू कोही कसैका मातहत होइनन् भन्ने कुरा संविधानले नै स्पष्ट पारेको छ । तर संघीय सरकारमा रहनेहरूलाई यो कुरा स्वीकार गर्न गाह्रो भइरहेको छ ।

वास्तवमा हामीले चुनौतीपूर्ण अवस्थाबाट काम शुरू गरेका हौं, त्यसैले अहिले नै कामको मूल्यांकन गर्ने बेला भइसके जस्तो लाग्दैन । तर जति गर्नुपर्ने हो त्यो गर्न नसकिएको स्वीकार गर्छौं । स्थानीय निकायमा जनप्रतिनिधि नभएको १५ वर्ष बितिसकेको थियो । लामो समयपछि स्थानीय तहको निर्वाचन भएर हामी जनप्रतिनिधिका रूपमा आयौं, मतदाताका अपेक्षाहरू धेरै थिए । ऐन कानूनको अभावमा केही गर्न सक्ने अवस्था थिएन । काम गर्न अहिले केही सहज हुँदैछ । जनताले विकास निर्माणको काम खोज्छन् । नागरिकको सुविधाको काम होस् भन्ने चाहन्छन् । विभिन्न अवरोधका बाबजुद पनि हामीले काम गरिरहेकै छौं जस्तो लाग्छ । बौद्ध-जोरपाटी सडकखण्डले हाम्रो काम ओझेलमा पारिदियो, अहिले त त्यो सडक पनि कालोपत्रे भइसकेको छ । हामी जनताको आवाज बोल्छौं, उनीहरूको भावना समेटेर काम गर्ने प्रयास गर्छौं । तर राज्यले जबर्जस्ती पेलेर जान खोजेपछि समस्या आएको हो । दुईतिरै सात-सात मिटर गरी १४ मिटरको बाटो बनोस् भन्ने पक्षमा हामी छौं । तर राज्यले २२ मिटरको बाटो बनाउन लागिरहेको छ । ठूलो बाटो नचाहिने भनेका छैनौं हामीले । विकास विरोधी कुरा गरेका छैनौं । यदि २२ मिटरको सडक निर्माण गर्ने हो भने जनतालाई उचित मुआब्जा दिनुपर्छ भन्ने हाम्रो भनाइ हो । जनताको आवाजलाई राज्यले पेलेर जानु हुँदैन । सडक विस्तारमा देखिएको यो ठूलै समस्या हो । जोरपाटी चोकदेखि सुन्दरीजलसम्मको सडकको

समस्या पनि यही हो । त्यो समस्या पनि अहिले सल्टिसकेको छ ।

## न्यायिक समितिका समस्या, समाधानका उपाय

स्थानीय सरकारको अनुभूति जनतालाई गराउन सकिन्छ भन्ने कल्पना जुन रूपमा गरेकी थिएँ, त्यो हुन सकेन । मैले सोचेको भन्दा धेरै नै समस्या रहेछन् । हाम्रो समाजको बनोट नै पुरूषप्रधान हो । महिलालाई दोस्रो दर्जामा राख्ने र कर्मचारी हाबी हुने, मेयर र उपमेयरबीच द्वन्द्व बढाउने प्रयास हुँदो रहेछ । कानूनतः उपप्रमुख न्यायिक समितिको संयोजक हुन्छन् । यो अर्धन्यायिक निकाय हो । हामी धेरैजसो मुद्दा स्थानीय तहमै मिलाउने हदैसम्मको प्रयास गर्छौं, नमिलेका केसलाई अदालत पठाइदिन्छौं । स्थानीय तहबाट सेवाग्राहीले पाउने सबै किसिमका सेवाहरूमा नागरिकहरूको समान र सहज पहुँच हुनुपर्छ । न्यायसम्पादनका लागि दुईजना अधिकृत हुनुहुन्छ, हाम्रो पाँचजनाको टिम छ, मुद्दालाई सुल्झाउने प्रक्रियाकसरी अगाडि बढाउने भन्ने विषयमा पहिला छलफल गर्छौं ।

न्यायिक समितिमा आउने मुद्दाहरू रीतपूर्वक आइपुग्दैनन् । धेरैजसो मौखिक रूपमा भन्न आउनुहुन्छ । लेखेर ल्याउनुहोस् भनेपछि कतिपय मुद्दा नै आउँदैनन् । उनीहरूको मुद्दा हेर्ने कानूनी सल्लाहकारको व्यवस्था त छ, तर मुद्दा लेखिदिने वकिलको व्यवस्था छैन । न्यायिक समितिमा जग्गाको साँधसीमा, बाँध पैनी, कुलोको विवाद तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला नदिएको, घरपालुवा पशुपन्छी हराएको वा पाएको विषयका मुद्दा आउने गरेका छन् । यसैगरी, जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको र सामान्य प्रकृतिका हिंसाजस्ता मुद्दाहरू आउने गरेका छन् ।

नागरिकको सामान्य जीवन निर्वाहका लागि आवश्यक पर्ने गाँस, बास र कपासदेखि लिएर अधिकारका नयाँ आयामहरूका विषयमा उठेका समस्या तथा विवादको समाधान गर्ने पहिलो निकाय नै स्थानीय सरकार हो । स्थानीयस्तरमा जनप्रतिनिधि कुनै न कुनै पार्टीबाट चुनाव लडेर आएका हुन्छन् । यस्तो अवस्थामा पीडित र पीडक दुवैले राजनीतिक रूपमा अविश्वास गर्ने सम्भावना रहेको हुन्छ । यस कुरामा **म आफू पहिलेदेखि सचेत भएका कारण होला जनप्रतिनिधिलाई कुनै एउटा राजनीतिक पार्टीको प्रतिनिधिको रूपमा हेर्ने प्रवृत्ति हाम्रो नगरपालिकामा खासै छैन ।** समितिसामु पार्टीगत स्वार्थभन्दा माथि उठेर, हस्तक्षेप चिर्दै निष्पक्ष र स्वतन्त्र न्याय सम्पादन गर्ने प्रमुख चुनौती रहेको छ । यस्तो अवस्थामा कानून, विधि र प्रक्रिया पुऱ्याएर मात्रै पुग्दैन । न्यायसम्पादनमा पार्टीगत कोट फुकाल्न सकेमात्रै त्यसले वास्तविक न्याय निरूपणमा सहयोग पुग्छ ।

न्यायिक समितिमा सबैखाले मुद्दा आउँछन् । खासगरी घरायसी झैझगडा, अंशबन्डा, जग्गाको साँधसिमाना, बाटोको विवादको धेरै आउँछन् । त्यसपछि नागरिकता, नाता प्रमाणित, छोड्पत्र, माना चामल भइराई पाउँ भन्ने लगायत सबै आउँछन् । हामीले ती मुद्दाको छिनोफानो स्थानीय सरकार ऐन २०७४ लाई टेकेर गर्नुपर्ने हुन्छ । धेरैजसो मेलमिलापका हुन्छन् । त्यसका लागि हामीकहाँ मेलमिलापकर्ताहरू हुन्छन् । त्यसरी हामीकोमा आएका मुद्दाहरू उनीहरूकोमा पठाइदिन्छौं । त्यसलाई सकेसम्म उहाँहरूले मिलाउन सक्ने मिलाएर ल्याउनुहुन्छ । नसकेको हामीले बसेर फेरि परामर्श गर्छौं । पहिला चाहिँ मेलमिलाप समितिमै पठाउँछौं । उहाँहरूले मिलाउन नसकेको हामीले प्रयास गर्छौं ।

जग्गाको नापनक्सासम्बन्धी छ भने अमिनको रोहबरमा पठाइदिन्छौं । अंशबन्डाको मेलमिलापबाट नहुने र मुद्दा गर्नैपर्ने छ भने अदालत पठाइदिन्छौं । यसरी फौजदारी र सार्वजनिक मुद्दा हामीले लिँदैनौं । अन्य सबैखाले मुद्दाहरू हाम्रो रोहवरमा अगाडि बढ्छ । ती वर्गलाई विभिन्न सीपमूलक कार्यक्रमहरू राखिएका छन् । दलित, शारीरिक अपांगता भएका र महिलाका लागि उनीहरूको दक्षता, क्षमता र शारीरिक अवस्था हेरेर कार्यक्रमहरू लागू गरिन्छ । त्यस्ता व्यक्तिलाई उनीहरूको सीप, दक्षता, क्षमता अभिवृद्धि हुने खालका कार्यक्रम ल्याउनुपर्छ, जुन जीवनोपयोगी होस् । जस्तो, ती व्यक्तिहरू के गर्न सक्छन्, चाहन्छन् त्यसलाई लक्षित गरेर कार्यक्रमहरू ल्याउँदा दीर्घकालीन र जीवनोपयोगी हुन्छ भनेर हामीले केही बजेट छुट्याएका छौं । पहिला पनि उनीहरूलाई सीपमूलक थुप्रै तालिम दिएका छौं । उनीहरू हामीले दिएको तालिमबाट रोजीरोटीको जोहो गर्न भइसकेका छन् ।

# सबैभन्दा संवेदनशील र महत्वपूर्ण क्षेत्र



***राम मानन्धर***
*अध्यक्ष, गोकर्णेश्वर नगरपालिका-१*

***काठमाडौं जिल्लाका नगरहरूको नजिकको गन्तव्य भएकाले गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर १ को सुन्दरीजल क्षेत्रमा वार्षिक लाखौं पर्यटक आउन सक्ने हाम्रो अनुमान छ ।***

धार्मिक एवं पर्यटकीय नगरी गोकर्णेश्वर नगपालिकाको सबैभन्दा संवेदनशील र महत्वपूर्ण क्षेत्र वडा नम्बर १ (सुन्दरीजल) मै पर्दछ । प्रागऐतिहासिक समयदेखिकै महत्व बोकेको बाटुलेचौरमा रहेको रक्तकाली मन्दिर, सरस्वती र रामजानकी मन्दिर, रूपसेटारमा रहेको संसारीमाई, सोही स्थानमा रहेको महांकाल भैरव, बराहटारमा रहेको बराह गोकर्णेश्वर महादेव, खड्का गाउँको शिरमा रहेको महादेवको मन्दिर, वाग्मती र काकगंगाको संगम स्थानमा बनेको काकगंगेश्वर महादेवको मन्दिर, मुक्तिनाथ पाञ्चायन पाथिभरा देवी, सुन्दरीमाई, श्वेतवाराही, प्रसिद्ध गणेश मन्दिर, श्यालमतिश्वर, महादेवको गुठी, वाग्मतीको मुहान वागद्वारजस्ता प्रसिद्ध र ऐतिहासिक महत्व बोकेका क्षेत्रहरू यही वडामा पर्छन् । स्कन्दपुराण हिमवत् खण्डका अनुसार सुन्दरीमाईको मन्दिरमा सत्ययुगदेखि नै पूजाआजा गर्दिदै आएको छ हामीले सुनेका छौं । त्यस्तै, रूपसेटारमा बनेको टासी चैत्य र विश्व शान्ति चैत्यले बुद्ध धर्मको सन्देश फैलाउन काम गरिरहेका छन् ।



## धापको पोखरी, पर्यटनको केन्द्र

आउने वर्ष धापमा बनिरहेको १५८ रोपनीमा ठूलो पोखरीको काम सम्पन्न हुन्छ । काठमाडौं र सिन्धुपाल्चोकको सीमामा चिसापानी भन्ने ठाउँ छ, जहाँबाट १४ वटासम्म हिमाल देख्न सकिन्छ । धापमा बनिरहेको पोखरी एक वर्षभित्रै सकिन्छ । १५८ रोपनीमा पानीको ताल हुने हुँदा आन्तरिक पर्यटनको केन्द्र बन्न सक्छ धाप बाँध र नागमती बाँध, नागमती बाँधबाट हाइड्रोपावर निकाल्ने र वाग्मती नदीमा पानी छोड्ने योजना छ । सन् १९३४ मा निर्माण भएको सुन्दरीजलको विद्युतगृह नेपालको दोस्रो जलविद्युत आयोजना हो । यो आफैंमा पर्यटकीयस्थल हो । त्यसैले काठमाडौं जिल्लाका नगरहरूको

नजिकको गन्तव्य भएकाले गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर १ मा वार्षिक लाखौं पर्यटक जान सक्ने हाम्रो अनुमान छ। त्यसका लागि भौतिक पूर्वाधारको निर्माण र सडक सुधारको योजना अगाडि सारिएको छ। तर हाम्रो योजना कार्यन्वयन गर्न शिवपुरी राष्ट्रिय निकुञ्ज अवरोधक बनिरहेको छ।

यति धेरै सम्भावनाहरू भएको यही वडाले समस्या पनि भोग्नुपरेको छ। शिवपुरी राष्ट्रिय निकुञ्ज पारिका दुई गाउँहरू ओखेनी र मूलखर्कवासीलाई निकुञ्जका कारण समस्या परिरहेको छ। यी गाउँहरूमध्ये ओखेनीमा झन्डै चार सय घरधुरीहरू रहेका छन् भने मूलखर्कमा दुई सयको हाराहारीमा बस्ती छ। यो बस्ती होस् या मन्दिर जानसमेत निकुञ्जले १२५ रूपैयाँ शुल्क लिने गरेको छ। त्यहाँका मानिसहरू दैनिक ओहोरदोहोर गर्नसमेत शुल्क तिर्नुपर्ने बाध्यतामा छन्। निकुञ्जले पहिलेदेखि नै त्यो बस्तीमा परेको समस्याका कारण बरू बस्ती नै सार्ने कि भनेर पनि २०३३ सालदेखि नै यसको योजना बनेको हो। तर, झन्डै पाँच हजार रोपनी जमिन र सात सय घरधुरीको बस्ती सार्नको लागि उपयुक्त स्थानसमेत मिलेको छैन। जसका कारण हामी जनप्रतिनिधिहरू आफ्नै मतदातालाई भेट्न जानसमेत शुल्क तिर्न बाध्य छौं। यो समस्या सल्टाउने प्रयास भइरहेको छ।

## शिवपुरी राष्ट्रिय निकुञ्जको सकारात्मक पाटो

शिवपुरी राष्ट्रिय निकुञ्जका नकारात्मक मात्र पाटो छैन, सकारात्मक काम पनि भएको छ। निकुञ्जकै कारण जंगलको संरक्षण भएको छ। शिवपुरी जंगलमा १२ सय ५० भन्दा बढी प्रकारका वनस्पति पाइन्छन्। २०५८ मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको स्थापनापछि यी कुराहरू संरक्षित भएका हुन्। यहाँका बोटबिरूवा तथा पशुपन्छीको संख्या फस्टाउँदै पनि छन्। वन्य जीवजन्तु संरक्षण नाममा आउने अनुदान सरकारले लिन्छ, स्थानीय जनताले त्यसको प्रत्यक्ष लाभ पाउनुपर्‍यो भन्ने जनताको भनाइ हो। उल्टै जनताले सास्ती पाउनु भएन भन्ने मेरो पनि भनाइ हो। मेरो भनाइ भनेको जनताको भावना हो।

खानेपानी स्रोत भएकाले सुन्दरीजलमा पानीको खासै समस्या छैन, तर व्यवस्थित गर्न बाँकी छ। राष्ट्रिय गौरवको आयोजना मेलाम्ची खानेपानीको प्रशोधन केन्द्र र राजनीतिक आन्दोलनका प्रवर्त्तक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेतलाई बन्दी बनाइएको बीपी संग्राहलय पनि यही भएकाले त्यो पनि आन्तरिक पर्यटकका लागि रूचिको विषय हुन सक्छ। मूल सडकहरू पक्की भएका छन्। तर ग्रामीण सडकहरूको स्तरोन्नति गर्न बाँकी छ। सुन्दरीजलदेखि झरना हुँदै सुन्दरीमाईको मन्दिर जाने बटोमा ढलान गरेर सिँढी र रेलिङ हालिएको छ।



*सुन्दरीजल क्षेत्रमा रहेको वाग्मती खोलामा बग्ने एक झरना*

## वडाको शैक्षिक अबस्था

हाम्रो वडामा पाँचवटा विद्यालय छन्। चारवटा आधारभूत विद्यालय छन् भने ओखेनीमा रहेको एउटा माध्यमिक विद्यालयमा ११ कक्षा पढाउन शुरू गरिएको छ। ओखेनीमा रहेको वागद्वार आधारभूत विद्यालयमा ३५ जना मात्र विद्यार्थी छन्। ईश्वरी आधारभूत विद्यालय, जहाँ ८ कक्षासम्म पढाइ हुन्छ, त्यहाँ ९० जना विद्यार्थी छन्। मूलखर्कमा रहेको सुन्दरीजल आधारभूत विद्यालयमा ७० जना मात्र विद्यार्थी छन्। ओखेनी माध्यमिक विद्यालयमा ३८० जना विद्यार्थी पढिरहेका छन्। रामजानकी आधारभूत विद्यालयमा ८० जना विद्यार्थी छन्। भूगोलका हिसाबले हामीले एकीकृत (मर्ज) गर्न सकिरहेका छैनौं। एउटा स्कूलबाट अर्को स्कूलको दूरी लामो भएकाले स्कूल राख्नै पर्ने बाध्यता छ। शिक्षा विकासको आधारभूत कुरा हो, त्यसैले स्तरीय सडक नबन्दासम्म मर्ज गर्न दबाब सिर्जना गर्न सकिँदैन।

# अहिले वडा हुँदा राजस्व आम्दानी धेरै गुणा बढेको छ



***कृष्णबहादुर पण्डित क्षेत्री***

*वडाध्यक्ष, गोकर्णेश्वर नगरपालिका-२*

***शुद्ध पिउने पानीको प्रचुरता भयो भने रोग लाग्नबाट बचाउन सकिन्छ । त्यसैले मेरो सबैभन्दा ठूलो जोड खानेपानीमै छ ।***

गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर २ को सीमा नयाँपाटी पुलदेखि साविक बालुवा गाविसभित्र पर्दछ । क्षेत्रफलको हिसाबले ठूलै मान्नुपर्छ । वडाको प्रमुख स्थानहरूमा नयाँपाटी, पाखाथोक, राइटार, पण्डित गाउँ, गलमटी, शनिष्टार, ढोका भन्ज्याङ र भूमिस्थली पर्दछन् ।

संविधान निर्माणका बेला सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुग्यो भन्ने नारा खुब लगाइयो । हो



कि भन्ने मलाई पनि लागेको थियो । तर होइन रहेछ, गाउँको अधिकार त खोसिएको पो रहेछ । विगतमा गाउँ विकास समितिले आफैं निर्णय गर्न सक्थ्यो, आफैं बजेट विनियोजन गर्न र कार्यान्वयन गर्न सक्थ्यो, तर अहिले गाउँ विकास समिति वडामा रूपान्तरण भयो । वडाको हैसियत सिफारिस गर्नेमै सीमित भयो । राजस्व संकलन गरेर नगरपालिकामा बुझाउने र नगरपालिकाले लाए अह्राएको काम गर्ने मात्रै भूमिका भयो वडाध्यक्षको । समग्रमा भन्नुपर्दा विगतको गाविस अध्यक्षको तुलनामा अहिलेको वडाध्यक्षलाई केही पनि अधिकार छैन । यो मेरो व्यक्तिगत विचार हो ।

करको रकम तथा दायरा बढेका कारण विगतमा गाउँ विकास समिति हुँदाको भन्दा अहिले वडा हुँदा राजस्व (आम्दानी) धेरै गुणा बढेको छ । मैले प्रतितिधित्व गर्ने गोकर्णेश्वर नगरपालिका वडा नम्बर २ को कुरा गर्ने हो भने विगतमा यो क्षेत्र नयाँपाटी गाविसअन्तर्गत थियो । तत्कालीन नयाँ पाटी गाविसको राजस्व आम्दानी वार्षिक मुस्किलले २० लाखको हाराहारीमा हुन्थ्यो । अहिले साविकको नयाँपाटी गाविसका ६ वटा वडालाई समेटेर वडा नम्बर २ कायम गरियो । जुन वडामा म यतिबेला अध्यक्ष छु । मेरो वडामा राजस्व आम्दानी वार्षिक एक करोड रूपैयाँ नाघ्ने गरेको छ । कोरोना संक्रमणको यो कहरमा पनि मेरो वडाको आम्दानी घटेको छैन ।

हाम्रो वडाबाट वर्षमा जति राजस्व संकलन हुन्छ त्यो भन्दा निकै बढी विकास बजेट हामीले पाउने गरेका छौं । उदाहरणका लागि पहिलो वर्ष हामीले ६ करोड रूपैयाँ पायौं, दोस्रो वर्षदेखि एकमुष्ट दुई करोड रूपैयाँ र थप ७५ लाख रूपैयाँ पाउन थालेका छौं । क्षेत्रफल निकै धेरै तर विकास निर्माणका मामिलामा अरू वडाभन्दा कम भएका कारण

नगरपालिकाले वडा नम्बर १ र २ लाई वार्षिक थप ७५ लाख रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । शहरी क्षेत्रका पाँचवटा वडाको सम्पूर्ण क्षेत्रफलभन्दा वडा नम्बर २ एउटैको क्षेत्रफल बढी छ । त्यसैले विकास निर्माणका लागि हाम्रो वडामा तुलनात्मक रूपमा बढी बजेट लाग्ने भयो । यो कुरा अन्य वडाका साथीहरूले पनि महसुस गर्नुभएको छ ।

पाँच वर्षको कार्यकालमध्ये चार वर्ष गुज्रिनै लाग्यो । अब हामीले विकास निर्माणको अवसर पाउने भनेको एक वर्षको मात्रै बजेटमार्फत हो । यो अवधिमा हामीले के के गर्न सक्यौं ? के के गर्न सकेनौं ? समीक्षा गर्ने बेला आइसकेको छ । म चार वर्षको यो अवधिमा भएको आफ्नो कामबाट असन्तुष्ट छैन । स्वास्थ्य, शिक्षा र सडक यातायातको पूर्वाधार निर्माण नै मेरो प्राथमिकता हो । चुनावमा जाँदा नै मैले भनेको थिएँ- मेरो वडामा कम्तीमा एउटा अस्पताल र एउटा क्याम्पस होस्, सवै घरमा सडक र खानेपानीको धारा पुगोस् ।

तत्कालीन नयाँपाटी गाविसमा भएको एउटा स्वास्थ्य चौकी वडा नम्बर १ अन्तर्गत पर्न गयो । त्यसैले वडा नम्बर २ मा शहरी विकास विभागमार्फत अस्पताल भवनको पहल गरियो । अस्पताल भवन बनिसकेको छ । अब डाक्टरसहितको बर्थिङ सेन्टर तयारीका क्रममा छ । करिव पाँच हजार जनसंख्या भएको हाम्रो वडामा दुईवटा माध्यमिक विद्यालय छन् । यी माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि निकै काम भएका छन् । अब क्याम्पस स्थापना गर्ने योजना छिट्टै सम्पन्न हुँदैछ । मेरो यो कार्यकालभित्र सम्पन्न होला । स्वास्थ्यका लागि अस्पतालभन्दा पनि सबैभन्दा महत्वपूर्ण पाटो भनेको शुद्ध पिउने पानी नै हो । ८० प्रतिशत रोग दूषित पानीका कारण लाग्ने गरेको प्रमाणित भइसकेको छ । शुद्ध पिउने पानीको प्रचुरता भयो भने वडाबासीलाई रोग लाग्नबाट बचाउन सकिन्छ । त्यसैले मेरो सबैभन्दा ठूलो जोड खानेपानीमै रह्यो । राजधानी काठमाडौं उपत्यकामा वितरण हुने खानेपानीको मुहानमै छौं हामी । हामी कहाँ खानेपानीका मुलहरू प्रशस्त छन् । म निर्वाचित हुनुअघिसम्म यस वडाका ३० प्रतिशत घरधुरीमा मात्रै धाराको सुविधा थियो । एक-घर एक-धाराको उद्घोष गरेरै मैले भोट मागेको हुँ । यो साढे तीन वर्षको अवधिमा ८५ प्रतिशत घरधुरीमा खानेपानीका धारा जडान भएका छन् । एउटा ठूलो तीन लाख लिटर क्षमताको र तीनवटा साना टयांकी निर्माण भएका छन् । समाजसेवी डा. राजेन्द्रध्व जोशीले निजी जग्गामा निर्माण गरिएको खानेपानी ट्यांकी वडालाई हस्तान्तरण गर्नुभएको छ ।

वडा नम्बर २ मा करिव एक किलोमिटर जति शहरी क्षेत्र पर्छ । अरू सबै गाउँ हो । ग्रामीण सडक निर्माणलाई पनि विशेष प्राथमिकतामा राखिएको छ । पाखाथोक, सन्देशटार, वन गाउँ लगायतका केही बस्तीहरू पिच सडकबाट ३ देखि ५ किलोमिटरसम्म टाढा छन् । यी गाउँसम्म सम्भव भए पिच सडक र सम्भव नभए ढलान सडक बनाउने योजनाअन्तर्गत काम भइरहेको छ । ढलान पनि हुन नसकेको अवस्थामा तत्कालका लागि ग्राबेल हालेर भने पनि सुविधा पुऱ्याउने काम अघि बढेको छ । ढलानको काम करिव ३० प्रतिशत सम्पन्न भइसकेको छ । गाउँहरू शहर बन्ने क्रममा छन् । बाहिरबाट घडेरी किन्न आउनेहरूको संख्या ह्वात्तै बढेको छ । पिचबाटो भएको तल्लो क्षेत्रमा आनाकै २० देखि २५ लाख रूपैयाँमा घडेरी किनबेच हुन थालेको छ । त्यसैले योजनाबद्ध शहरी विकासलाई पनि तत्काल अघि बढाउनुपर्नेछ । प्रदेश सरकारको बजेटबाट दुई करोड ५० लाख रूपैयाँको लागतमा सडक निर्माण भइरहेको छ । हुन त विकास निर्माण भन्ने कुरा कहिल्यै सकिँदैन । जनताका चाहना र आकांक्षा बढ्दै जान्छन्, तर आधारभूत विकास निर्माणका कामहरू भने यो पाँच वर्षमा धेरै नै सम्पन्न हुने अपेक्षा गरेको छु ।

# सुन्ताखान र तारेभीर गोकर्णेश्वर नगरपालिकाको प्रसिद्ध पर्यटकीयस्थल हो। अंशुवर्माका पालामा लेखिएको शिलालेख नै हाम्रो पूँजी हो



*राजेन्द्रकुमार भण्डारी*
*वडाध्यक्ष, गोकर्णेश्वर नगरपालिका-३*

***अंशुवर्माले बनाएको श्रीराजविहार सुन्ताखानमै थियो भन्ने कुरा प्रमाणित भएको छ । मठ मन्दिर धेरै भएकाले केही मन्दिरको निर्माण सम्पन्न भएको छ भने केही बन्ने क्रममा छ ।***

मैले चौंतीस वर्षअघि र पछि पनि जननिर्वाचित प्रतिनिधिका रूपमा काम गर्ने मौका पाएको छु । पहिलेको बालुवा गाविस नै अहिले गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ३ भएको छ । यो वडामा पर्ने तारेभीर काठमाडौं उपत्यकाको सबैभन्दा अग्लो बस्ती हो भन्ने बुझिन्छ । तारेभीर गोकर्णेश्वर नगरपालिकाको प्रसिद्ध पर्यटकीयस्थल हो । विशेषगरी तामाङ, भण्डारी, बिष्ट, नेवार र नगरकोटीहरूको बसोबास रहेको सो क्षेत्र पछिल्लो समय व्यवस्थित पर्यटकीय क्षेत्रको रूपमा विकास हुँदै गएको छ । वनदेवी मन्दिर, जलदेवीको मन्दिर, साविक बालुवा गाविस-२ मा रहेको भगवती मन्दिर, शिवपुरी गणेश, वटुक भैरव, पञ्चकन्या, विष्णु पाञ्चायन, मन्दिर, थापागाउँको गणेश मन्दिर, टोखा गणेश, तारेभीरको महादेव, बतासेडाँडा नजिकको स्थानमा नारायण र गणेशका मूर्तिहरू छन्, नारायणको मन्दिर सञ्चालनका लागि गुठीमा ४ रोपनी २ आना जग्गा राखिएको छ । कुइँकेल र गौतमहरूलाई नरदेवीका भट्टहरूले दिएको जग्गामा मन्दिर बनाइएको थियो । तर अहिले मन्दिरको भग्नावशेष समेत छैन । चारवटा मूर्तिहरू मात्र ठडिएर बसेका छन्, आउने वर्ष मन्दिर बनाउने योजना छ ।



*बतासेडाँडा नजिकको स्थानमा नारायण र गणेशका मूर्तिहरू रहेको नारायणको मन्दिर, तर अहिले मन्दिरको भग्नावशेषसमेत छैन । चारवटा मूर्तिहरू मात्र छन्*

त्यस्तै, कृष्ण मन्दिर, ढाडदेवी मन्दिर, भण्डारीहरूको कुलदेवता, मलागिरी, संसारीमाई देवीको मन्दिर, स्थानापति वनदेवी, साविक गाम्चामा रहेको प्यागोडा शैलीमा बनेको नाट्येश्वरीको मन्दिर, साविक बालुवा-९ मा रहेको वाग्मती र चन्द्रमती, सूर्यमतीको संगम त्रिवेणीमा चन्द्रमती नदीको आफ्नै महत्व छ । हात्तीपाइले गणेश लगायत हाम्रो वडामा २८ वटा मठ मन्दिर छन् । महांकाल मन्दिर बनाइएको ठाउँमा राजविहार थियो भनिन्छ । अंशुवर्माका पालामा लेखिएको शिलालेख नै हाम्रो पुँजी हो । अंशुवर्माले बनाएको श्रीराजविहार सुन्ताखानमै थियो भन्ने कुरा प्रमाणित भएको छ । मठ मन्दिर धेरै भएकाले केही मन्दिरको निर्माण सम्पन्न भएको छ भने केही बन्ने क्रममा छ ।

यस्तै, ज्याङ छ्युब छ्योर्तेन सार्वजनिक गुम्बाले पनि आन्तरिक पर्यटन प्रवर्द्धनमा योगदान दिएको छ । २०३५ सालमा बनेको यो गुम्बा साविक बालुवा गाविस-४ मा पर्छ । वैशाख पूर्णिमा र ल्होसारमा यहाँको गुम्बामा मेला लाग्छ ।

म निर्वाचित भएर आउनु अगाडि यता पक्की सडक नै थिएन भन्दा हुन्छ । वडाध्यक्षमा म जितेर आएपछि प्रायः सडक पिच भएका छन्, कतै कतै सडक नबिग्रियोस् भनेर ढलान पनि गरिएको छ । माइती नेपाल चोकदेखि वडा कार्यालयसम्मको १.८ किलोमिटर सडक पिच भइसकेको छ । गोकर्णदेखि तारभीर पुग्ने ८.९ किलोमिटर सडक आधाभन्दा बढी पिच भइसकेको छ भने केही मात्र पिच हुन बाँकी छन् । राजकुलोको संरक्षण गर्दै सडक बनिरहेको छ । केही काम बाँकी छन्, तर ती काम पनि सम्झौता प्रक्रियामा गइसकेका छन् । अधिकांश मानिस कृषिमा निर्भर थिए, अब कृषियोग्य जमिनमा घरहरू बन्न थालेका छन् । त्यसैले नयाँ पुस्तामा बेरोजगारीको समस्या बढ्दै गएको छ, दैनिक पाँच सातजना जागिरको खोजिमा आइरहन्छन् । हाम्रो क्षेत्रमा दुईवटा सामुदायिक वन छन् । गुठ सल्लाघारी सामुदायिक वन र गाम्चा सामुदायिक वन । यो वन समुदायले नै संरक्षण गरिरहेको छ । अहिले सो क्षेत्रमा हामीहरूले व्यवस्थित होमस्टेको तयारीका लागि हरेक घरका एकजनालाई कास्कीको ल्वाङघलेलमा लगेर होमस्टे सञ्चालन गर्ने तरिकासमेत सिकाएर ल्याएका छौं । त्यो गाउँका कुल १४० जनालाई यसरी होमस्टेसम्बन्धी तालिम दिइएको छ ।

सो गाउँको मूल विशेषता भनेको घरेलु मदिरा हो, हामीले दक्षिण कोरियाबाट ल्याएर छ्यांग बेचिरहेका छौं भने हाम्रो उत्पादनलाई किन स्वीकृति नदिने भन्ने मेरो



प्रश्न नेपाल सरकारलाई छ । नगरपालिकाले अहिले होमस्टे तयार पार्न केही सहुलियत पनि दिएको छ । नगरपालिकाको नीतिअनुसार होमस्टे बनाउने घरमा टिभी, शौचालय आदि नगरपालिकाले नै दिने व्यवस्था मिलाइएको छ । होमस्टे संञ्चालनका लागि प्रोत्साहित गरिरहेका छौं । सो प्रयोजनका लागि नगरपालिकाले प्रतिघर ५० हजार रूपैयाँ दिने निर्णय कार्यान्वयनमा ल्याएको छ ।

यसका लागि तीन वर्ष भयो नगरपालिका र वडाले बजेट दिएको । सोही ठाउँमा हामीले पाँच वर्ष भयो तारेभीर महोत्सव मनाउन थालेको । त्यसैले आन्तरिक पर्यटनका लागि ३ नम्बर वडाको तारेभीर पनि निकै महत्वपूर्ण स्थान हो । अहिले हामीले शहीदपार्कदेखि तारेभीरसम्मको लागि साइक्लिङ र हाइकिङका लागि मार्ग बनाउने काम गरिरहेका छौं । राष्ट्रिय निकुञ्जभन्दा बाहिर तीन किलोमिटरको जिपलाइन तयार हुँदैछ । यसका साथै बच्चाहरूका लागि र वृद्धवृद्धाहरूका लागि समेत पार्कहरू बनाउने काममा नगरपालिकाले बजेट छुट्याइसकेको छ । केही समयमै यो काम पूरा हुन्छ । अनि बालक र वृद्धहरूका लगि आफ्नै गाउँठाउँमा टहल्ने र बिहान-बेलुका व्यायाम (एक्सरसाइज) गर्ने अवसर पाउने छन् ।


# गोकर्णेश्वर नगरपालिकाको धार्मिक एवं ऐतिहासिक क्षेत्र



***श्रीकुमार श्रेष्ठ***
*वडाध्यक्ष, वडा नम्बर ४*

***ऐतिहासिक बस्तीलाई पुरानै स्वरूपमा संरक्षण गरी पर्यटक भित्र्याउने उद्देश्यका साथै पुराना बाजागाजा लगायतका सर–समान संरक्षण गरी सो संग्रहालयमा प्रदर्शन गर्ने उद्देश्यले संग्रहालय निर्माण गर्न लागिएको हो ।***

गोकर्णेश्वर नगरपालिका-४ धार्मिक सांस्कृतिक एवं पर्यटकीय महत्व बोकेको क्षेत्र हो । मुलुकको नयाँ संविधानअनुसार नगरपालिकाको संरचना गर्ने क्रममा तत्कालीन गोकर्णेश्वर गाविसलाई वडा नम्बर ४ कायम गरिएको हो । नगरपालिकाको नाम धार्मिक एवं ऐतिहासिक दृष्टिले गोकर्णेश्वर राखियो । वडा नम्बर ४ राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रियस्तरका सम्पदा भएको क्षेत्र हो । यहाँका हरेक इँटा मात्रै होइन, माटो, बालुवा र पानी पनि पुरातात्विक महत्वका छन् । जसको संक्षेपमा उल्लेख गर्न चाहन्छु ।



गोकर्णेश्वर महादेव : गोकर्णेश्वर महादेव मन्दिर नेपालको मठ मन्दिरहरूमध्ये पुरानो सम्पदा हो भन्ने पौराणिक प्रमाणहरू छन् । स्वयं ब्रह्माद्वारा स्थापित गोकर्णेश्वर शिवजीलाई महालिंग भनिन्छ । भक्तजनहरूलाई इच्छित वरदान प्रदान गर्नुहुन्छ भन्ने कुरा हिमवत् खण्ड नेपाल महात्म्यमा उल्लेख गरिएको छ । चन्द्रभागा चन्द्रमती नदी र वाग्मती नदीको संगम परमपुण्य तीर्थलाई पितामहतीर्थ पनि भनिन्छ ।

यस उत्तर गयाधाममा कुशेऔंशी अर्थात् भाद्रकृष्ण औंशी, पौषे गयाऔंशीमा आफ्ना पितृहरूको श्राद्ध तथा तपर्णका लागि ठूलो मेला लाग्छ । यसैगरी, शिवरात्री श्रावण महिनाको सोमबार र तीजमा पनि यस मन्दिरमा ठूलो मेला लाग्छ । यस स्थानमा चन्द्रमती, सूर्यमती र वाग्मतीको संगम त्रिवेणी पनि रहेको छ ।

**श्रीकान्ति भैरव मन्दिर** : गोकर्णेश्वर नगरपालिका-४ मा अर्को महत्वपूर्ण श्रीकान्ति भैरव मन्दिर छ । उक्त स्थानमा वाग्मती नदी दक्षिणबाट उत्तरतिर बग्ने भएकाले उत्तरवाहिनीको नामले चिनिन्छ । यस स्थानमा स्थानीय जात्राको पहिलो दिन अर्थात् आमाको मुख हेर्ने औंशीको दिन विशेष मेला लाग्ने गर्दछ । उक्त जात्रामा देशेगाउँबाट बाजागाजासहित बिहान ४ बजे नै रथ ल्याउने प्रचलन छ । जागेश्वरी भगवती मन्दिर, गुप्ती गणेश, सप्तऋषि घाट पिंगला देवी (पिंगलस्थान) पञ्चमुखे हनुमान, सिद्धिविनायक लगायतका देवीदेवताले बास गरेको छ भनिन्छ स्थानगोकर्णेश्वर-४ मा ।

**जीवित संग्रहालय** : गोकर्णेश्वर मन्दिरभन्दा पूर्वतर्फ रहेको देशेगाउँ लिच्छविकालीन राजधानी हो ।



*देशे गाउँमा एक प्राचीन अभिलेख रहेको भवन, हाल यहाँ नेवार संग्रहालय बनिरहेको छ*

मानदेवको मानगृह यसै ठाउँमा रहेको भनाइ छ, केही प्रमाणहरू फेला परेका पनि छन् । उत्खनन् बाँकी छ । देशेगाउँ यस नगरपालिकाको जीवित संग्रहालय हो । यस गाउँमा नितान्त नेवार बस्ती रहेको छ । वैशाख महिनाको आमा खुवाउने औंशीको अघिल्लो दिन अर्थात् वैशाख कृष्ण चतुर्दशीका दिनबाट शुरू भई अक्षय तृतीयाको दिनसम्म पाँच दिन जात्रा हुन्छ । अर्को जात्रा सिठीनखको दिन गणेश जात्रा हुन्छ । गाईजात्रा पनि यसै स्थानमा गई मनाउने गरिन्छ । यस स्थानमा तलेजुभवानी, महांकाल स्थान, चिवा स्तुप, कृष्ण मन्दिर, भैरव मन्दिर नाशद्य (बाजा सिकाउँदा पुज्ने देवता), भीमसेन मन्दिर, सरस्वति मन्दिर चण्डेश्वरी मन्दिर रहेका छन् ।

यसैगरी, ३४ वर्षदेखि बन्द रहेको देवीनाच २०७४ बाट पुनः शुरू भएर अहिले निरन्तर चलिरहेको छ । श्रीकृष्ण जन्माष्टमीको दिन पहिले पहिले कृष्णजन्मसम्बन्धी नाटक, भजन, कीर्तन गरी भोलिपल्ट रथयात्रा गर्ने चलन रहेको थियो । हाल अष्टमीको दिन मट्का फोड्ने कार्य शुरू भएको छ ।

गोकर्णेश्वर नगरपालिका-४ मा रहेको ऐतिहासिक राजा मानदेवले बसाएको विश्वास गरिने 'गोकर्ण देशः' नामक बस्तीमा नेवाःखुला संग्रहालय निर्माण शुरू भएको छ । ऐतिहासिक बस्तीलाई पुरानै स्वरूपमा संरक्षण गरी पर्यटक भित्र्याउने उद्देश्यका साथै पुराना बाजागाजा लगायतका सर-समानहरू संरक्षण गरी सो संग्रहालयमा प्रदर्शन गर्ने उद्देश्यले संग्रहालय निर्माण गर्न लागिएको हो । ऐतिहासिक बस्ती छिर्ने मूल सडकमा मूल ढोका निर्माण गरिनेछ योजना छ ।

यस क्षेत्रमा रहेको पुरातात्विक महत्वको फल्चा, कुवा, ढुंङ्गेधारा मासिन थालेकाले यसको समेत संरक्षणमा स्थानीय सरकार जुटेको छ । विगतमा फलैचामा बिछ्याएको ढुंगामा बसेर बुढापाकाले हुक्का तान्ने गरेकामा अहिले



*देशे गाउँमा रहेको एक प्राचीन चैत्य*

यो दृश्यसमेत यहाँ देख्न दुर्लभ बनेको छ । यहाँका ऐतिहासिक सर-समानहरूको संरक्षणका लागि प्रदेश सरकारले समेत चासो दिएको छ । बस्तीसँगै रहेको ऐतिहासिक दरबार राजनिकुञ्ज पनि २०७२ को भूकम्पले क्षतिग्रस्त बनाएको छ । यसको पुनर्निर्माणको लागि नेपाल ट्रष्टलाई जानकारी गराई सकेका छौं ।

**उपत्यकाको गौरव :** मञ्जुश्रीले चोभारमा गल्छी निर्माण गरी पानी फालेपछि मात्रै उपत्यकामा बसोबास शुरू भएको भनाइ छ । तर मञ्जुश्रीले चोभारको गल्छी काट्नुभन्दा अघि नै गोकर्णमा बस्ती भएको पौराणिक प्रमाणहरू छन् । भौगोलिक रूपमा पनि यो अनुमान लगाउन सकिन्छ । किनकि देशेगाउँ १३ सय ३६ मिटरको उचाइमा छ । तर चोभारको गल्छीको सबैभन्दा माथिल्लो उचाइ ११ सय ७५ मिटर छ । त्यसैले चोभारमा गल्छी नकाट्दा पनि गोकर्णमा व्यवस्थित शहर थियो भन्ने अनुमान लगाउन सकिन्छ । तर ऐतिहासिक, धार्मिक एवं पर्यटकीय क्षेत्र काठमाडौं पूर्व-उत्तर दिशामा रहेको देशेगाउँ उचित प्रचार-प्रसारको अभावमा ओझेलमा परेको छ । रत्नपार्कबाट करिव १० किलोमिटर दूरीको यो पर्यटकीय क्षेत्र सरोकारवाला निकायको बेवास्ताकै



*नियमित जात्रा सञ्चालनका लागि देशे गाउँमा रहेका सम्पदा*

कारण राजधानीभित्रै भएर पनि बत्तीमुनिको अँध्यारो झैँ बनेको हो ।

लिच्छविकालमा समृद्ध राजधानीको रूपमा रहेको 'गोकर्ण देशः' नामले कहलिएको पुरानो गाउँ गोकर्ण आसपासका गाउँले समृद्धि हासिल गरिरहँदा पनि यो क्षेत्र विकट नै रहेको छ । राजा मानदेवले शासन गरेको यो गाउँ त्यतिखेर निकै समृद्ध रहेको बालुवा क्षेत्रको पुरातात्विक उत्खनन्ले पुष्टि गरेको छ । वि.सं ५२१ मै यो ठाउँमा व्यवस्थित शहर रहेको प्रमाण फेला परिसकेको छ । राजामानदेवले गोकर्ण र भक्तपुरको चाँगुनारायण दुवै राज्यमा शासन गर्दथे गोकर्णमै बसेर । पुरातात्विक महत्वका मठ मन्दिर र देवालय एवं नेवारी संस्कृतिको मौलिकता भएको यो क्षेत्रमा धार्मिक, सांस्कृतिक मात्र हैन, महत्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा विकास हुने प्रशस्त आधार र सम्भावना छन् ।

उत्तर वाहिनीमा एक ध्यान केन्द्र र गुफा पनि छ, जहाँ १००८ गलेश्वर बाबा, १००८ वासुकी बाबा, १००८ षडानन्द ब्रह्माचारी लगायतका योगीहरूले साधना गरेका थिए भन्ने कुरा नयाँ पुस्तालाई जानकारी दिन पनि संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ ।

उत्तरगया गोकर्णेश्वर महादेवको दर्शन तथा अवलोकन र पितृकार्य गर्न हजारौँ मानिस गोकर्ण पुग्छन्, सोही संख्यामा नजिकैको उत्तरवाहिनीस्थित श्रीकान्ति भैरव मन्दिर जान्छन्, तर नेवारी संस्कृति र परम्पराको सम्पदास्थल गोकर्णेश्वर देशेः गाउँ पुग्दैनन् । किनकि उनीहरूलाई यो ऐतिहासिक गाउँका बारेमा जानकारी नै छैन । पर्यटकीय सम्भावना बोकेको गोकर्णेश्वर देशेः गाउँलाई होमस्टे (घर-बास)को रूपमा प्रवर्द्धन गरी आन्तरिक तथा विदेशी पर्यटक भित्र्याउने प्रयास भर्खर शुरू भएको छ ।

जम्मा १७७ घरधुरी रहेको मौलिक नेवारी यो गाउँमा परम्परागत संस्कृति बोकेका विभिन्न मठ मन्दिर छन् । गाउँको प्रवेशद्वारमै लिच्छविकालीन कलात्मक भीमसेन मन्दिर छ । त्यहाँ रहेको चण्डेश्वरी मन्दिरमा बच्चा जन्मेपछि न्वारान गरेजस्तै गाईभैंसी ब्याएपछि १२ दिनभित्रमा पूजा गर्नुपर्ने प्रथा छ । गाउँको बीचमा श्री पकनावती गणेश मन्दिर, नाटेश्वर महादेव र तलेजु भवानीको मन्दिर छ । चिवा बुद्ध, पञ्चमुखी बुद्धको मूर्ति पनि छ । यहाँ बर्सेनि वैशाख कृष्ण चतुर्दशीदेखि अक्षय तृतीयाको दिनसम्म धूमधामसँग कान्ति भैरवनाथको जात्रा मनाउने गरिन्छ ।

# जोरपाटीको पहिचान स्थापित गर्न लागिपरेका छौं



**नारायणबहादुर सुवेदी**
*वडाध्यक्ष, गोकर्णेश्वर नगरपालिका-५*

- *हामी यही वर्ष जोरपाटी चोकैमा कलात्मक दुईवटा पाटी बनाउँदै छौं ।*
- *नगरपालिकाबाट प्रवाह हुने सेवामा ढिलासुस्ती हटाई छिटोछरितो र पारदर्शी काम गर्ने प्रयत्न भइरहेको छ ।*

जोरपाटी चोकमा परापूर्वकालदेखि चारवटा पाटी थिए । त्यसकारण यो ठाउँको नाम जोरपाटी रहन गएको हो । हामीले यही वर्ष जोरपाटी चोकैमा कलात्मक दुईवटा पाटी बनाउँदै छौ । नयाँ पुस्ताका लागि जोरपाटी कसरी रहन गयो भन्ने प्रश्नको जवाफ हामीले दिनै पर्दैन, ती दुई पाटी नै जवाफ हुने छन् । यो जोरपाटीको पहिचान हो । मल्लकाल र राणकालमा काठमाडौं उपत्यकाको तिब्बतसँगको व्यापारिक प्रमुख मार्ग भएकाले आउनेजानेहरू कति पाटीमा बास बस्थे भने कतिपयको थकाइ मार्ने साथी यही पाटी नै थियो । यस क्षेत्रको मुख्य बजार साँखु नै थियो ।

वराहपुराणमा यस क्षेत्रलाई पशुपति क्षेत्र भनिएको छ । इतिहासकार धनबज्र बज्राचार्यले लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव, पूर्णिमामा लिच्छवि राजा जयदेव द्वितीयको पशुपतिनाथको प्रसिद्ध शिलालेखमा पनि यस स्थानलाई पशुपतिक्षेत्र भनी वर्णन गरेका छन् । अर्को कुरा, सामान्यतः शहरीकरण हुनु भनेको विकासको गतिले फड्को मार्नु हो भन्ने बुझिन्छ । विकासोन्मुख मुलुक भएकाले हाम्रा शहरहरू अव्यवस्थित छन् । खानेपानी, ढल र फोहोर व्यवस्थापन गर्न ठूलै समस्या देखिने गरेको छ । गोकर्णेश्वर नगरपालिकको वडा नम्बर ५ नगरको मुख्य जनघनत्व भएको क्षेत्र हो ।

आजभन्दा ५० वर्षअघि अर्थात् २०२८ सालको जनगणनाअनुसार जोरपाटीको जनसंख्या २५ सय ८० थियो । अहिले वडा नम्बर ५ को मात्रै जनसंख्या (२०६८) २२ हजार ३०९ छ । साविक जोरपाटी गाविसलाई ५, ६, ७, ८ र ९ मा विभाजन गर्दा वडा नम्बर ५ मा मात्र २२ हजार ३०९ जनसंख्या देखिएको हो । आजभन्दा १० वर्षअघि नै भाडामा बस्ने सम्मानित नागरिकहरूको संख्या ११ हजार ९७९ थियो । १० वर्षको बीचमा कति थपिए होलान्, अनुमान गर्न सकिन्छ । र, जोरपाटीको मुख्य बजार यही वडामा पर्ने भएकाले दैनिक अनेकौं समस्या आउँछन् ।

जनसंख्याको वृद्धिसँगै आउने खानेपानी, ढल निकास, फोहोरमैलाजस्ता समस्या देखापर्छन्, जुन स्वाभाविक हो । जहाँ समस्या त्यहाँ उपाए भन्ने उक्तिअनुसार काम गर्न हामी अभ्यस्त भएका छौं । किनभने पिताजी बद्रीबहादुर सुवेदी राजनीतिमा संलग्न भएकाले मलाई स्वाभाविक रूपमा चासो थियो, हाम्रो घर राजनीतिक वातावरणमय थियो । तर मलाई सामाजिक काममा रूचि भएकाले प्रत्यक्ष रूपमा राजनीतिमा संलग्न भएको थिइनँ । स्थानीय तहको राजनीति भनेकै समाजसेवा हो । २०७४ सालमा निर्वाचित भएर म आएपछि कुनै दिन विश्राम लिएको छैन, विकास निर्माणमै



केन्द्रित भएको छु । गोकर्णेश्वर नगरपालिकाको संस्थागत सुधार, सेवा प्रवाह एवं सुशासन समितिको संयोजक भएकाले पनि म सिक्दै, सिकाउँदै गर्न अभ्यस्त भएको छु । पालिकाबाट प्रवाह हुने सेवामा ढिलासुस्ती हटाई छिटोछरितो र पारदर्शी काम गर्ने प्रयत्न भइरहेको पनि छ ।

गाउँलाई शहर बनाउनुपर्नेमा सबै पूर्वाधार बनिसकेको शहरमा बस्न हामी अभ्यस्त भएका छौं, त्यो नै मूल समस्या हो । त्यस विषयमा चर्चा गर्नुभन्दा पनि म आफ्नो वडाको विकास निर्माण, मठ मन्दिर, संघ-संस्था लगायतका बारेमा संक्षिप्तमा चर्चा गर्नेछु । वडा नम्बर ५ का मठ मन्दिरहरूमा पञ्चकन्या मन्दिर, पञ्चमुखी हनुमान, अर्घौतेश्वर (इच्छा वीरूपेश्वर) महादेव, नारायण मन्दिर, सुवेदी कुलायन, श्री चामुण्डा मन्दिर, सिद्धेश्वर महादेव, विन्दावासिनी मन्दिर, जोरपाटी चोकैमा रहेको गणेश मन्दिर प्रमुख मन्दिरहरू हुन् ।

श्रीस्वस्थानी कथामा सतिदेवीको अंगपतन भएको भनिएको प्रसिद्ध चामुण्डा मन्दिर मेरै वडामा पर्छ । करिव चार रोपनी क्षेत्रफलमा बनेको मन्दिर २०३८ साल र २०५३ सालमा अर्जुनबहादुर सुवेदीको नेतृत्वमा पुनर्निर्माण भएको हो । सुनिएअनुसार सत्य युगमा दक्ष प्रजापतिकी पुत्री सतिदेवीको मृत शरीर महादेवले बोकेर हिँड्दा, जहाँ जहाँ अंगपतन भयो, त्यहाँ त्यहाँ एउटा एउटा शक्तिपीठ उत्पन्न भएको कथा हामीले पढेका छौं, सुनेका छौं ।

त्यही अंगपतन हुने क्रममा नेपालको जोरपाटीमा सतिदेवीको नङ पतन भएकाले त्यस स्थानको नाउ चामुण्डा रहन गएको भनिन्छ । मुण्डशैलीमा निर्माण भएको चामुण्डा देवीको मन्दिर पनि शक्तिपीठहरूमध्येको एउटा शक्तिपीठ हो । हेर्दा हातको नङ जस्तो देखिने भगवतीको शिलामा देवीस्वरूप बनाएर नित्यपूजा गर्ने गरिन्छ । उत्तरवाहिनीको श्रीकान्ति भैरव गुरूकुलमा पढेका चारजना गुरुहरूले बिहान, दिउँसो पूजा



*वडा नम्बर ५ मा रहेको प्रसिद्ध श्री चामुण्डा मन्दिर*

गर्ने गरेका छन् भने बेलुका आरति जगाउने गरिएको छ । वर्षको दुईपटक बडादशैं र चैतेदशैंमा भक्तजनको विशेष भीड लाग्ने गर्छ भने अन्य दिन पनि मान्छेहरूको चहलपहल हुन्छ । चैत्र नवरात्रको अष्टमी तिथि पारेर रथयात्रा निकालिन्छ, यात्रामा हजारौं भक्तजनहरू सहभागी हुन्छन् । पहिले पहिले साविक जोरपाटी गाविसभरि रथयात्रा गराइन्थ्यो अहिले पनि गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ५, ६, ७ र ८ मा रथयात्रा गराइन्छ । मन्दिर परिसरमा दुई वटा सत्तल, पाटी, चारवटा शौचालय बनिसकेको छ । मन्दिरको आफ्नै आर्थिक स्रोत भएकाले पूजा चलाउन खासै समस्या छैन । शक्तिपीठ भएको ठाउँ महादेवको मन्दिर हुन्छ नै, यहाँ पनि महादेवको मन्दिर छ ।

बाहुनधारामा रहेको अर्घौंतेश्वर महादेवको मन्दिर पनि यस क्षेत्रमा प्रसिद्ध छ । दुई रोपनी क्षेत्रफलमा बनेको यो मन्दिर ऐतिहासिक पक्षमा बारेमा खोज अनुसन्धान गर्न बाँकी नै छ, तथापि प्राचीनकालको यो मन्दिर चारमुखे शिवलिंगसहितको प्यागोडा शैलीमा बनेको यो मन्दिर परिसरमा भक्तहरूका लागि विश्रामस्थल, पुजारी बस्ने भवन, चारवटा पानी आउने धारा पनि बनेको छ । जोरपाटी, बाहुनधारमा रहेको ढुंङ्गेधारा संरक्षण गरिएको छ । घरघरमै पानी आउने धारा भएकाले अहिले कमै मात्र पानी लिन जान्छन् । तर त्यो ढुंङ्गेधारामा पहिले पहिले पानी लिन जानेको संख्या निकै ठूलो थियो । त्यसैले भावी पुस्तालाई देखाउन पनि



*वडा नम्बर ५ को प्रवेशद्वार गगननगर*

एक मात्र ढुंङ्गेधाराको संरक्षण गर्न जरूरी छ, ढुंङ्गेधाराको संरक्षण गरिएको छ । अर्को प्रसिद्ध ठाउँ भनेको जम्मुडाँडा हो । धार्मिक, ऐतिहासिक र सामाजिक हिसाबले पनि जम्मुडाँडाको महत्वपूर्ण स्थान छ । सुनिएअनुसार जम्मुडाँडामा किराती राजपरिवारको लास जलाउने चलन थियो ।

त्यस्तै, संघसंस्था र साहित्यिक क्षेत्रमा पनि जोरपाटी चर्चामै छ । नयाँबस्ती युवा क्लब, लायन्स क्लब अफ जोरपाटी, जोरपाटी युवा क्लब, चामुण्डा वाचनालय, भैरव अर्याल स्मृति भवन आदि संस्थाहरू नमुनायोग्य ढंगले सञ्चालनमा रहेका छन् । सरकारी जग्गामा बनेको नयाँबस्ती युवा क्लबको आफ्नै दुई तले भवन छ । जहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक बनेको छ । प्रसिद्ध जम्बुडाँडा पनि यही वडामा पर्छ ।

लायन्स क्लब अफ जोरपाटीको भवनको कम्पाउन्ड आठ रोपनीको छ । लायन्स क्लबले विपन्न वर्गलाई निःशुल्क शिक्षा दिने उद्देश्यले ५ कक्षासम्म विद्यालय सञ्चालन गर्दै आएको छ । तर वडा नम्बर ५ मा कार्यालय भए पनि स्कूल भने वडा नम्बर ८ मा छ । त्यहाँ विपन्न वर्गका श्रमिकका छोराछोरी पढ्न आउँछन् । जोरपाटी युवा क्लब जोरपाटी चोकमै रहेको वडा कार्यालयको भवनमै छ ।

वडा नम्बर ५ मा करिव २५-३० किलोमिटर सडक छ । तीमध्ये अधिकांश सडक पक्की भइसकेको छ, कतै ढुंगा छापिएको छ, कतै ढलान गरिएको छ, कतै कालोपत्रे गरिएको छ । बाँकी १० प्रतिशत सडक पनि यो वर्ष पक्की हुँदैछ । अव्यवस्थित ढंगले बसोवास बसिसकेकाले सडक विस्तारको कम सम्भावना छ, त्यसैले बनिसकेका भवनहरूलाई सुविधासम्पन्न बनाउँदै नयाँ आवासीय क्षेत्रको विकास गर्न नगरपालिकाले काम गरिरहेको छ अर्थात् ठाउँ पहिचान र सम्भावना क्षेत्रको खोजी गरिरहेको छ ।

# हामीले खानेपानीलाई प्राथमिकता दिएका छौं



***रमेश अर्याल***
*वडाध्यक्ष, गोकर्णेश्वर नगरपालिका-६*

***हामीले खानेपानीलाई प्राथमिकता दिएका छौं । वडा नम्बर ५ र ६ मिलेर घरघरमा खानेपानीको समस्या हल गर्दैछौं ।***

डेढ वर्षअघि गोकर्णेश्वर नगरपालिकाको तर्फबाट हामी तीनजनाले अमेरिका जाने अवसर पाएका थियौं । अमेरिकाको टेक्सस्, अर्विनसिटीमा रहँदा हामीले फोहोरमैला प्रशोधन, वारूणयन्त्रको व्यवस्थापन र ट्राफिकिङको व्यवस्थापन लगायत कुरा हेरेका थियौं । त्यहाँको विकास निर्माणको अवस्था हेर्दा हामी धेरै पछाडि रहेछौं, हामीले हेरेको शहरको १ प्रतिशत मात्र काम गरियो भने पनि अहिलेको भन्दा धेरै समृद्धि आउँछ । हामीले खानेपानी, फोहोरमैलाको व्यवस्थापन र सडकको काम गर्नसक्यौं भने वडावासीको गुनासो कम हुन्छ भन्ने महसुस गरेका छौं । नगरपालिकाको साधनस्रोतले भ्याएसम्म समानुपातिक रूपमा वितरण गर्ने र कामको आधारमा बजेट विनियोजन गर्ने काम गर्दै आएका छौं । यसपटक हामीले खानेपानीलाई प्राथमिकता दिएका छौं । वडा नम्बर ५ र ६ मिलेर घरघरमा खानेपानीको समस्या हल गर्दैछौं ।




काठमाडौं महानगरपालिकासँग जोडिएको गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ६ मा बाहुनधारा, सर्वेश्वर मन्दिर, नयाँबस्ती, वाग्मती किनार, नारायणटार शंकरचोक, अर्यालगाउँ, माकलबारी लगायतका ठाउँहरू यही वडामा पर्छ । अव्यवस्थित शहरीकरण भएकाले साना साना गल्ली छन्, सडक विस्तार गर्ने सम्भावना नै छैन । घर भत्काएर सडक बनाउने हो भने जनतालाई जग्गा र घरको क्षतिपूर्ति दिन राज्यको अवस्था छैन, यो हामी सबैले बुझ्केकै कुरा हो । गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ६ साविक जोरपाटी गाविसका ३ र ४ वडा मिलाएर बनाइएको हो । नगपालिकाको सबैभन्दा बढी जनसंख्या र मतदाता भएको वडा पनि हो यो ।

वडा नम्बर ६ मा करिव २० किलोमिटर सडक होला । कुल सडकमध्ये ८० प्रतिशत सडक पक्की भइसकेका छन् । बाँकी २० प्रतिशत पनि आउने वर्ष हुन्छ । कतै कतै त तीनफिटे, पाँचफिटे बाटो जनताले घर बनाएका छन्, उतिबेला खाली जग्गा थियो । बाटोको आवश्यकता महसुस गरेनन्, अहिले महसुस

गरेका छन्, तर सडक विस्तार गर्दा बसेको घर नै जान्छ । त्यसैले हामी जनप्रतिनिधिलाई यसखाले अप्ठ्यारो परेको छ । हिजो-आज वडाले वार्षिक २ करोड ५० लाखसम्म राजस्व उठाउने गरेको छ ।



*बौद्धमार्गीहरूको आस्थाको केन्द्र, छ्योर्तेन टासी तामाङ गुम्बा*

किमाल चौरमा रहेको सर्वेश्वर महादेवको मन्दिर सर्वाधिक व्यवस्थित मन्दिर हो । दैनिक पूजाआजा हुने यो मन्दिरको १ रोपनी ८ आना जग्गा छ । प्यागोडा शैलीमा बनाइएको यो मन्दिरले पशुपतिनाथ झझल्को दिन्छ । त्यस्तै शिव पाञ्चायन मन्दिर पनि दुई रोपनी क्षेत्रफलभित्रै मन्दिर बनेको छ । गुम्बोज शैलीमा बनाइएको यो मन्दिरमा बनाइएको मूर्ति २०५४ सालमा प्राणप्रतिष्ठा गरिएको हो । छ्योर्तेन टासी तामाङ गुम्बा पनि बौद्धमार्गीहरूको आस्थाको केन्द्र हो । गुम्बाको नाममा १ रोपनी ८ आना जग्गा छ । यसबाहेक पनि कुमारी भैरव, रामजानकी मन्दिर, सकलेश्वर महादेव, शिव पाञ्चायन, ऊँ नवदुर्गा, लक्ष्मीनारायणको मन्दिर, राधाकृष्ण मन्दिर, गणेश मन्दिर लगायत धार्मिक आस्थाका मठ मन्दिर छन् ।



*किमालचौरमा गुम्बोज शैलीमा रहेको सर्वेश्वर महादेवको मन्दिर*

गोकर्णेश्वर नगरपालिकामा रहेका १६ वटा सामुदायिक विद्यालयमध्ये नारायणटारमा रहेको चामुण्डा उच्च माध्यमिक विद्यालय गुणस्तरीय मानिन्छ । यो स्कूलमा १५०० विद्यार्थी छन् । यो स्कूलमा भर्ना पाउनै मुस्किल हुने गरेको छ । नारायणटारमै रहेको खगेन्द्र नवजीवन माध्यमिक विद्यालय पनि राम्रो छ, तर यहाँ करिव ४५० जना मात्र विद्यार्थी छन् । ७५ रोपनी क्षेत्रफलभित्र बनेको नेपाल अर्थोपेडिक अस्पताल नेपालकै राम्रो अस्पतालमध्येमा पर्छ, यो अस्पताल यही वडाको नेपालटारमा छ । जसले अपाङहरूलाई संरक्षण दिने र उपचार गर्ने काम गरिरहेको छ । नेपाल अपाङ संघ पनि नेपालटार रहेको अर्थोपेडिक अस्पताल क्षेत्रभित्रै रहेको छ, यसका सात शाखा कार्यलय छन् ।


# स्थानीय स्रोतबाट उल्लेख्य राजस्व संकलन हुन्छ



***केशव गुरूङ***
*वडाध्यक्ष, गोकर्णेश्वर नगरपालिका-७*

***यो साढे तीन वर्षको अवधिमा हामीले वडास्तरीय विकास निर्माणको काममा करिव ११ करोड रूपैयाँ खर्च गरिसक्यौं ।***

गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ७ काठमाडौं महानगरपालिकाको बौद्धनाथ स्तुपको करिव तीन किलोमिटर पूर्वतर्फ वाग्मती नदी किनारमा पर्छ । क्रिकेट मैदान, ग्रिनसिटीबाट पश्चिम, गोकर्णेश्वर सफारी पार्क, गोकर्णेश्वर मन्दिरबाट दक्षिण, कागेश्वरी मनहरा-८ बाट उत्तर क्षेत्रमा फैलिएको छ । चारधाम, दक्षिणकाली, दक्षिणढोका, ढुंगानागाउँ, अर्यालगाउँ, शिवचोक, हत्यामोचनघाट, चन्द्रसूर्यटोल, वनदेवी मार्ग, रामजानकी मार्ग आदि ठाउँ यही वडामा पर्छ ।



धार्मिक दृष्टिले महत्वपूर्ण यो ठाउँमा सिद्धिविनायक मन्दिर, मनकामना मन्दिर, सरस्वती मन्दिर विन्देश्वरी मन्दिर रहेका छन् । १८१० सालमा स्थापना भएको मन्दिर हो यो । रोगव्याधिले सताउने र प्राकृतिक प्रकोप पनि बढ्दै गएकाले सिद्धिविनायक मन्दिरको स्थापनी गरी पूजाआजा चलाएपछि रोगव्याधि नियन्त्रणमा आएको बूढापाकाहरूको भनाइ छ ।

गोकर्णेश्वर नगरपालिकाका नौवटा वडामध्ये सम्भवतः सानो भूगोल र जनसंख्या पनि थोरै भएको वडा हो यो । २०६८ सालको जनगणनामा करिव तीन हजार जनसंख्या थियो, अहिले पाँच हजार होला । थप दुई हजार जति अस्थायी जनसंख्या होला । ६ वटा विद्यालय र केही उद्योग तथा ठूला



*साहित्यकार भैरव अर्याल स्मृति भवन*

पसलहरू पनि यो वडामा छन् । तत्कालीन जोरपाटी गाविसको वडा नम्बर ५ थियो यो क्षेत्र । संविधान निर्माणपछि स्थानीय तहको संरचना निर्माण गर्दा वडाहरूको संख्या घटाएर नौ बनाउने क्रममा यो वडा ७ नम्बर कायम भएको हो । एकदशक अघिसम्म स्थानीय बासिन्दाकै बाहुल्यता थियो । तिब्र शहरीकरणसँगै देशभरका मानिसहरूको स्थायी बसोबास शुरू भयो । खासगरी सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलान्चोकबाट बसाइँ सरी आउनेहरूको संख्या यो वडामा उल्लेख्य छ । स्वयं मेरो पुर्ख्यौली थलो पनि सिन्धुपाल्चोक हो । यो वडामा बाहुन, नेवार, क्षेत्री, गुरूङ, तामाङ लगायत विभिन्न जातजातिको बसोबास छ ।

पहिलो कुरा त, हाम्रो वडाको भूगोल नै सानो छ, दोस्रो कुरा प्रायः सबै जग्गामा घर बनिसकेका छन् । ठूला संरचना निर्माण गर्नका लागि जग्गाकै अभाव छ । यो साढे तीन वर्षको अवधिमा हामीले वडास्तरीय विकास निर्माणको काममा करिव ११ करोड रूपैयाँ खर्च गरिसक्यौं । आधारभूत विकास निर्माणका काम करिव करिव सम्पन्न हुन लागे । अब केही वर्षमा सम्पन्न हुनेछन् । त्यसपछि के गर्ने भन्ने सन्दर्भमा योजना बनाउँदैछौं, विज्ञहरूसँग सल्लाह गर्दैछौं । किनकि स्थानीय स्रोतबाट पनि उल्लेख्य राजस्व संकलन हुने गरेको छ । पहिलो वर्ष ५५ लाख रूपैयाँ संकलन भएको थियो । दोस्रो वर्ष ७२ लाख पुग्यो । कोरोनाको कहर नभएको भए यो वर्ष एक करोड नाघ्ने अवस्था थियो, तर गत वर्षकै हाराहारीमा संकलन हुने अनुमान गरेको छ ।

हाम्रो वडाले विकास निर्माणका लागि नगरपालिकाबाट पहिलो वर्ष तीन करोड रूपैयाँ पाएको थियो । दोस्रो वर्ष तीन करोड पायो, तेस्रो र चौथो वर्ष दुई करोड २५ लाख रूपैयाँको दरले पाएको छ । खानेपानी, सडक पिच तथा ढलानको काम करिव करिव सकिएको छ । पुरानो बस्ती अर्यालगाउँ र दक्षिणढोकामा वर्षायाममा ढलको समस्या हुने गर्छ । यो समस्या अलि जटिल नै छ । ऐतिहासिक तथा पुरातात्विक सम्पदा हाम्रो वडामा खासै छैन । दक्षिणढोकामा गणेश मन्दिर छ । अर्यालगाउँमा १० रोपनी क्षेत्रफलमा फैलिएको शिव पञ्चायन धार्मिक वनलाई थप संरक्षण तथा व्यवस्थित गरिएको छ । यसैगरी, प्रसिद्ध साहित्यकार भैरव अर्यालका दाजुभाइ खलकहरू यहीँको अर्यालगाउँमा बस्नुभएको छ । उहाँहरूको सक्रियतामा भैरव अर्यालको नाममा पुस्तकालय स्थापना भएको छ ।

# जनताबाट आएका मागलाई रित्तो हात फर्काउनु परेको छैन



***मनोजकुमार ढुंगाना***

*वडाध्यक्ष तथा नगर प्रवक्ता,*
*गोकर्णेश्वर नगरपालिका-८*

***वडाको कामबाट संघीय सरकारले सिक्नु पर्ने कुरा के हो भने हामीले वार्षिक ९४ प्रतिशत बजेट खर्च गर्न सकेका छौं, त्यसको एक मात्र कारण जनताको उत्साहजनक माग नै हो ।***

मैले प्रतिनिधित्व गरिरहेको वडा नम्बर ८ मा करिव २२ हजार १६९ (२०६८ को जनगणना) जनसंख्या छ । त्यो भन्दा कम जनसंख्या भएका नगरपालिकाहरू मुलुकमा उल्लेख्य छन्, गाउँपालिकाहरूको त कुरै छाडौं । जनसंख्या वृद्धिदर पनि हाम्रो वडामा निकै धेरै छ । २०६८ सालको जनगणनाअनुसार हाम्रो वडाको जनसंख्या १८ हजार हो, तर एक वर्षअघि हामी आफैले गणना गर्दा ३० हजार नाघेको पायौं । एक दशकको अवधिमा लगभग दोब्बर जनसंख्या वृद्धि मुलुकका अन्य वडामा शायदै भएको होला ।

स्थानीय तह संरचनाका क्रममा साविकको जोरपाटी गाविसको अत्तरखेल, बेशीगाँउ, आरूबारी र माकलबारी क्षेत्रमा पर्ने वडा नम्बर ६ र ७ लाई समेटेर गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ८ कायम गरिएको हो । यो क्षेत्र पहिलदेखि नै गलैंचा कारखानाहरूका कारण चर्चित थियो, बस्ती पनि घना हुँदै गएको थियो । पछि नेपाल मेडिकल कलेज पनि यहीँ स्थापना भयो । मुलुकमा १० वटा ठूला अस्पतालको सूचीमा पर्ने नेपाल मेडिकल कलेजको स्थापनापछि सातै प्रदेशका मान्छे बसोवासको क्षेत्र बन्न पुग्यो । तीव्र शहरीकरणसँगै बस्ती पनि निकै घना भयो । पहिले जस्तो घरघरै गलैंचा उद्योग त यहाँ छैन, तर अहिले पनि चार-पाँचवटा ठूला गलैंचा उद्योगहरू छन् । केही काष्ठ उद्योगहरू पनि छन् ।



मुलुककै ठूलो तथा आकर्षक मानिने शहीद पार्क पनि यसै वडामा जोडिएको छ । गोकर्णेश्वर मन्दिर तथा नेपाल ट्रस्टअन्तर्गत रहेको गोकर्ण उद्यान पनि यही वडासँग जोडिएको छ । सरकारी विद्यालय एउटा पनि छैन, तर निजी विद्यालय १९ वटा छन् । अरू वडाबाट समेत धेरै विद्यार्थीहरू पढ्न यही वडामा

आउँछन् । ८ नम्बर वडामा मात्र नौवटा मठ मन्दिर छन्, मान्छेहरूमा धर्मप्रति आस्था भएकै कारण मठ मन्दिर बनेका हुन् भन्ने लाग्छ । डाँडागाउँमा रहेको महाकाल भैरव, आरूबारीमा रहेको रामजानकी मन्दिर, छहारी क्लब नजिकै रहेको कृष्ण मन्दिर, कृष्णनगरमा रहेको राधाकृष्ण मन्दिर, मिजारटोलमा रहेको गणेश मन्दिर ढुंगासाँघुमा आनन्द गणेशको मन्दिर, माकलबारीमा रहेको सरस्वती मन्दिर, बाटुलेचौर,ढिक पीपलबस्तीमा रहेको सिद्धिदात्री भगवतीको मन्दिर, पीपलबस्तीमै रहेको ढुङ्भुङ स्तुप पनि यहाँका परम्परागत आस्थाको केन्द्र हुन् । लिच्छविकालमै स्थापना भएको भनिएको महाकाल भैरवमा बलि दिने चलन अहिले पनि छ । दुई रोपनीको कम्पाउन्डभित्र बनेको राधाकृष्ण मन्दिर, करिव एक रोपनीको कम्पाउन्डभित्र बनेको गणेश मन्दिर, डेढ रोपनीको कम्पाउन्डभित्र बनेको आनन्द गणेशमन्दिर र १० आना जग्गाभित्र बनेको ढुङ्भुङ स्तुप पनि यही वडामा छन् ।

चाबहिल-सुन्दरीजल सडकअन्तर्गतको नगरपालिका कार्यालय रहेको चोकदेखि शिवपुरी चोकसम्मको करिव डेढ किलोमिटर सडकखण्ड वडा नम्बर ८ भित्रै पर्छ । तर यो सडक संघीय सरकारको हो । पहिले नै बस्ती बसिसकेका कारण नयाँ सडक बनाउनेभन्दा पनि साविककै सडकको मर्मत तथा स्तरोन्नतिलाई वडाले प्राथमिकता दिएको छ । विकास निर्माणका लागि जनताबाट आएको मागलाई रित्तो हात फर्काउनु परेको छैन । तर बाहिरबाट घुम्न आउने मान्छेहरूले देख्ने तथा महसुस गर्ने गरी सुन्दरीजल जाने बाटो संघीय सरकारका मातहतका कारण विकास निर्माणको काम गर्न भने हामीले सकेनौं । हामीलाई यो कुरा धेरै नै खड्किएको छ ।

हाम्रो वडाबाट वर्षको दुई करोड ५० लाख रूपैयाँ राजस्व संकलन हुन्छ । यो रकम माथि बुझाउँछौ । वडा र नगरपरिषद् मार्फत यो वडालाई विकास निर्माणबापत वार्षिक साढे दुई करोड रूपैयाँ बजेट आउँछ । कोरोनाको यो कहरमा पनि हाम्रो वडाको राजस्व संकलन खासै घटेन । दैनिक सरदर २-३ सय सेवाग्राहीहरू वडा कार्यालय आउनु हुन्छ । उहाँहरूको कामको सिफारिस गर्दैमा समय बित्दो रहेछ । सिफारिसका लागि आउने कागजातको पनि सरकारी नियम तथा कानूनअनुसार रीत पुग्नुपर्छ । तर धेरैजसो सेवाग्राहीहरू रीत नपुऱ्याई आउनुहुन्छ । 'वडामा हामीले चुनेर पठाएको जनप्रतिनिधि छँदैछ, उसले यति सिफारिस त गरिदिइहाल्छन् नि' भन्ने भरोसा र विश्वासका साथ आउनु हुन्छ, तर हामीले सिफारिस गरिदिँदैमा रीत नपुगेको काजगात कर्मचारीहरूले अघि बढाउने कुरै भएन । सेवाग्रहीहरूलाई यो कागज पुगेन, ऊ कागज पुगेन भनेर फिर्ता गर्न मनले मान्दैन । तर के गर्नु ? यस्ता काम मिलाउँदैमा समय बित्दो रहेछ ।

वडाको कामबाट संघीय सरकारले सिक्नुपर्ने कुरा के हो भने हामीले वार्षिक ९४ प्रतिशत बजेट खर्च गर्न सकेका छौ, त्यसको एक मात्र कारण जनताको उत्साहजनक माग नै हो । जनताको आबश्यकताको आधारमै यो रकम खर्च हुन सम्भव भएको हो, त्यसैले म ती सम्मानित नागरिकहरूलाई हार्दिक बधाई दिन चाहन्छु ।

पालिकाको प्रवक्ता पनि भएकाले मैले भन्ने पर्छ-गोकर्णेश्वर नगरपालिकाले १५ शैयाको अस्पताल बनाउन शहीद पार्कको छेउमै आबश्यक जग्गा छुट्याएको छ । त्यस्तै वडा नम्बर ९ को ओख्रेनीमा अरूणोदय उच्च माविमा गत वर्षदेखि प्राविधिक (ईञ्जिनियरिङ) शिक्षा दिन थालिएको छ । अहिले लगानी भएको छ, पाँच वर्षपछि लगानीको प्रतिफल जनताले पाउन थाल्छन् ।



*अत्तरखेलमा रहेको नेपाल मेडिकल कलेज*

# माग र आवश्यकताका आधारमा प्राथमिकीकरण नै समाधान



*राजीव थापा*
*वडाध्यक्ष, गोकर्णेश्वर नगरपालिका-९*

***अव्यवस्थित शहरीकरण र पूर्वाधार विकासको चापले राष्ट्रका लागि आवश्यक विकास गर्न सकिएको छैन । हामीले फोहोरमैलाको व्यवस्थापन, खानेपानीको समानुपातिक वितरण र सडक सञ्जालको स्तरीकरणजस्ता समस्याको समाधानमा वडाको सम्पूर्ण शक्ति लगाएका छौं ।***

गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ९ जनसंख्या र भूगोलका हिसाबले सानो हो । नगरपालिकाको पूर्व र दक्षिणमा गोकर्णेश्वर नगरपालिकाकै वडा नम्बर ८ पर्छ भने पश्चिममा बुढानिलकण्ठ नगरपालिकाको सीमाक्षेत्रमा पर्दछ । दक्षिण-पश्चिमतर्फ काठमाडौं महानगरको वडा नम्बर ६ पर्छ भने उत्तरतर्फ गोकर्णेश्वर नगरपालिकाकै वडा नम्बर ४ पर्छ । वडा नम्बर ९ का प्रमुख स्थानहरूमा आरूबारी, सिमलटार, नागनाथ चोक, चालिसेगाउँ, शंखडोल, गौरीगाउँ, पानी खोल्सा, हातेमालो मार्ग रहेका छन् । २०६८ को जनगणनाअनुसार वडाको कुल जनसंख्या पाँच हजार ८०३ रहेको छ भने स्थायी जनसंख्या तीन हजार २९२ मात्र छ ।

अव्यवस्थित शहरीकरण र पूर्वाधार विकासको चापले राष्ट्रका लागि आवश्यक विकास गर्न सकिएको छैन । हामीले फोहोरमैलाको व्यवस्थापन, खानेपानीको समानुपातिक वितरण र सडक सञ्जालको स्तरीकरणजस्ता समस्याको समाधानमा वडाको सम्पूर्ण शक्ति लगाएका छौं । नगरपालिकाबाट आउने वार्षिक बजेटले जनताको आवश्यकता पूरा गर्नसकिने अवस्था छैन, तर क्रमशः माग र आवश्यकताका आधारमा प्राथमिकीकरण गरी समस्या समाधान गर्ने प्रयास गरिरहेका छौं । बढ्दो अव्यवस्थित औद्योगीकरण तथा अव्यवस्थित विकास कार्यको प्रयासका कारण सिर्जित वातावणीय प्रदूषणसँग जुध्दै वडा वा पालिकाको तर्फबाट राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउनु






*२००७ सालको क्रान्तिले नेपालमा राजनीतिक जागरण मात्र ल्याएन जनचेतनामा पनि ठूलै परिवर्तन ल्यायो । मुलुकमा धेरै शैक्षिक संस्था खुले । यसै क्रममा २००७ सालमै अरूणोदय माध्यमिक विद्यालय खुलेको हो । यो विद्यालय गोकर्णेश्वर नगरपालिका-९ अरूबारीमा छ । विद्यालयका संस्थापक शारदा विक्रम बस्न्यात हुन् भने अरूणोदय माध्यमिक विद्यालयका लागि कृष्णप्रसाद नेपाल, भवानीप्रसाद नेपाल र शारदाप्रसाद नेपालले जग्गा दान दिनु भएको थियो । यो स्कूल अफ सिभिल ईञ्जिनियरिङ पढाइ हुने गोकर्णेश्वर नगरपालिकाको एक मात्र विद्यालय हो*

कम चुनौतीपूर्ण छैन । बढ्दो ट्राफिक व्यवस्थापन गर्नु र एक घर दुई विरूवाजस्ता कार्यक्रम ल्याउन हतार भइसकेको छ । तर यसको विकास र विस्तारका लागि उपयुक्त नीति, बजार व्यवस्थापन, अध्ययन, अनुसन्धान र सरोकार एवं सहयोगी क्षेत्रहरूबीच समन्वय अपरिहार्य छ । हामीले प्रबुद्ध विज्ञ नागरिकहरूसँग बेलाबखत अन्तर्क्रिया, छलफल र संवाद गर्दै आएका पनि छौं, उहाँहरूको सल्लाह र सुझावले वडा कार्यालयलाई योजना निर्माण गर्न सहयोग नै पुगेको छ ।

ज्येष्ठ नागरिकको सम्मान, सीपमूलक तालिम सञ्चालन, महिला तथा बालबालिकाप्रति हुने हिंसा लगायतका विषयमा सचेतना कार्यक्रम चलाइरहेका छौं । यो कामका लागि वार्षिक रूपमा बजेट छुट् याउँदै आएका छौं । धार्मिक आस्था, साहित्यिक योगदानको हिसाबले पनि यो वडाको महत्वपूर्ण स्थान छ । वरिष्ठ साहित्यकार रमेश विकल यही वडामा जन्मनुभएको हो, उहाँका छोरा विजय चालिसे साहित्यमा अहिले पनि सक्रिय हुनुहुन्छ । रमेश विकल राष्ट्रिय प्रतिष्ठानको कार्यालय यही वडामा छ ।

२००७ सालमा स्थापना भएको आरूबारीस्थित सामुदायिक विद्यालय अरूणोदय माविमा अहिले पनि करिव नौ सयजना विद्यार्थी पढिरहेका छन् । चारवटा निजी विद्यालयले पनि शैक्षिक उन्नयनमा योगदान पुर्‍याइरहेका छन् । गणेश मार्गमा रहेको गणेश मन्दिर, हातेमालो मर्गमा रहेको पञ्चकन्या मन्दिर, पानी खोल्छामा रहेको राधाकृष्ण मन्दिर र आरूबारी चोकमा रहेको कृष्ण मन्दिर वडामा रहेका मठ मन्दिर हुन् । यी मठ मन्दिरको निर्माण र संरक्षणमा वडा नम्बर ९ को महत्वपूर्ण योगदान रहँदै आएको छ । गोकर्णेश्वर साइक्लिनिङ क्लब, भगवती युवा क्लब, आरूबारीमा रहेको रक्तकाली युवा क्लवजस्ता संघ सस्था वडामा क्रियाशील छन् । भगवती युवा क्लबले प्रदेश सरकारको आर्थिक सहयोगमा डोजो हल निर्माण गरेको छ । मेयर कप, वडाध्यक्ष कप सञ्चालन गर्ने गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिका : नामाकरण

राजधानी काठमाडौँको उत्तरपूर्वमा अवस्थित ५८.५० वर्गकिमि क्षेत्रफल ओगटेको गोकर्णेश्वर नगरपालिका नेपाल सरकारको २०७१ मंसिर १६ गतेको निर्णयबाट साबिक सुन्दरीजल, नयाँपाटी, बालुवा, गोकर्ण र जोरपाटी गाविसहरूलाई समेटी स्थापना भएको नगरपालिका हो । यस नगरपालिकाको नामाङ्कन हाल वडा नम्बर ४ मा रहेको श्री गोकर्णेश्वर महादेव मन्दिरको नामबाट भएको हो । नौवटा वडा रहेको गोकर्णेश्वर नगरपालिकको केन्द्र जोरपाटी तोकिएको छ ।

नगरपालिकाको पूर्वमा कागेश्वारी मनोहरा नगरपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा काठमाडौँ महानगरपालिका, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्ला तथा दक्षिणमा काठमाडौँ महानगरपालिका र कगेश्वरी मनोहरा नगरपालिका पर्दछन् । २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार नगरपालिकाको जनसंख्या १,०७,३५१ रहेकोमा हालको वृद्धिलाई दृष्टिगत गर्दा यहाँको जनसंख्या एक लाख पचास हजारभन्दा बढी भएको अनुमान गर्न सकिन्छ । भौगोलिक विविधता, आफ्नै छुट्टै मौलिकता, ऐतिहासिक धार्मिकस्थल, पवित्र वाग्मती नदीले सुशोभित यस नगरपालिकाको भूवनोटमा बेसी, भीरपाखा, फाँट र जंगल आदि छन् । उत्तरी सिमानामा रहेको शिवपुरीको चुचुरो काठमाडौँ जिल्लाकै अग्लो स्थान हो । जसको उचाइ २,७३२ मिटर अर्थात् ८,९६२ फिट छ भने सुन्दरीजलको उत्तरपूर्वमा रहेको बोर्लाङडाँडाको उचाइ २,४२८ मिटर छ ।

भौगोलिक क्षेत्रफल तथा जनसंख्याको हिसाबले काठमाडौँ जिल्लाकै दोस्रो ठूलो नगरपालिका भए पनि वडा संख्याको हिसाबले गोकर्णेश्वर नगरपालिका ठगिएको छ । जनसंख्याका आधारमा मुलुककै सबैभन्दा ठूलो साविकको जोरपाटी गाविस (८४ हजार) समेत सुन्दरीजल, नयाँपाटी, बालुवा र गोकर्णलाई मिसाएर २०७३ फागुन २६ गते नौवटा वडासहितको गोकर्णेश्वर नगरपालिका घोषणा गरिएको हो । साविकको जोरपाटी गाविसलाई पाँचवटा वडा र अरू चारवटा गाविसलाई एक-एक वडा कायम गरिएको छ । नगरपालिकाको दक्षिणतर्फ धेरै नै घनाबस्ती रहेको छ भने उत्तरतिर धेरै नै पातलो बस्ती रहेको छ । भौगोलिक अवस्था तथा सुविधाका हिसाबले यति विषम नगरपालिका मुलुकमा सायदै होलान् । उत्तरतिरको चिसापानी क्षेत्र अहिले पनि दुर्गमको अवस्थामै छ । दक्षिणतिरको जोरपाटी क्षेत्र सुविधासम्पन्न मानिन्छ । त्यसो त तारेभीर, मूलखर्क, चिसापानी गाउँहरू पनि दुर्गम तथा विकट छन् । यी गाउँहरू जति दुर्गम तथा विकट छन्, सम्भावना पनि त्यति नै धेरै देखिन्छन् ।

धेरै नै घना शहरी क्षेत्र जोरपाटीसमेत रहेको यस नगरपालिकामा जनसंख्या वृद्धि काठमाडौं उपत्यकाको औसतभन्दा माथि छैन । नगरपालिकाको २०७५ सालको एक वर्षको अभिलेख हेर्ने हो भने जन्मदर्ता ८२१ देखिन्छ । एक लाखभन्दा बढी जनसंख्या भएको नगरपालिकामा एक वर्षमा ८२१ जनाको जन्मदर्ता हुनु भनेको जनसंख्या वृद्धि नियन्त्रणका लागि सरकारले गरेको प्रयास सफल भएको हो । अर्थात् जन्मदर्ता ८२१ हुँदा मृत्युदर्ता २६७ वटा छ । जन्मदर्ताभन्दा बसाइँसराई गरेर आउनेहरूको संख्या धेरै देखिएको छ । यो एक वर्षमा बसाइँसराइ

गरी आउनेको दर्ता संख्या ११२ ९ देखिएको छ । यसैगरी, नगरपालिकाभित्र सामाजिक सुरक्षा भत्ता पाउनेहरूको संख्या २६४३ रहेको छ । गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्र शिवपुरी, सुन्दरीजल र गोकर्ण वनक्षेत्र पर्दछन् । राजनिकुञ्ज भनिने गोकर्ण वन शहरको उत्तर-पूर्वको रमणीय स्थान हो । यसको क्षेत्रफल २.९ वर्गकिलोमिटर र औसत उचाइ १,३०० मिटर अर्थात् ४,२९० फिट छ । यो वन जंगबहादुर राणाले वन्यजन्तु संरक्षणका लागि बनाएका हुन् । वनको पश्चिमी सीमा नजिकै गोकर्णेश्वर महादेवको मन्दिर छ ।

## योजना तर्जुमामा गोकर्णेश्वर नगरपालिका

स्थानीय तहअन्तर्गतका मुलुकका ७५३ पालिकामध्ये आधारभूत तहको शिक्षा (कक्षा-८) सम्म आफ्नै पाठ्यपुस्तक तयार गर्ने सबैभन्दा पहिलो पालिकाको रूपमा गोकर्णेश्वर नगरपालिकाले कीर्तिमान बनाएको छ । पालिकामा भएका १६ वटा सामुदायिक विद्यालयमा निःशुल्क वितरण गरिएका पुस्तक निजी विद्यालयमा पनि पढाइ हुन्छ । गोकर्णेश्वर नगरपालिकाको कीर्तिमान यतिमा मात्रै सीमित छैन । नेपालको संविधान (२०७२) ले दिएको अधिकार प्रयोग गरी आफ्नो सबैभन्दा धेरै कानून निर्माण गर्ने पालिका पनि गोकर्णेश्वर नै हो । २०७७ मा अर्थिक ऐन-२०७७ पास गरेको नगरपालिकाले २०७७-७८ मा स्वास्थ्य नीति, शिक्षा युवा तथा खेलकुद नीति, सामाजिक विकास नीति, भाषा, संस्कृति र पर्यटन नीति, आर्थिक तथा वित्त नीति, कृषि, पशुपालन तथा घरेलु उद्योग नीति, रोजगार नीति, सहकारी नीतिजस्ता धेरै नीति ल्याएर पास गरिएको छ । (नीति बजेट तथा कार्यक्र-आर्थिक वर्ष २०७७-७८ पुस्तकबाट)

संघीय राजधानी काठमाडौं जिल्लाको उत्तरपश्चिमका जोरपाटी सुन्दरीजल क्षेत्रका केही गाविसहरू समेटेर संरचना गरिएको जोरपाटी नगरपालिकाले साढे तीन वर्षको अवधिमा १० वटा ऐन तथा ६ वटा कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ । कार्यान्वयनमा ल्याइएका ऐनहरूमा १. नगर प्रहरी ऐन २०७६, २. आर्थिक कार्यविधि नियमित गर्ने ऐन २०७६ ३. स्वास्थ्य तथा सरसफाइ ऐन २०७६ ४. खानेपानी व्यवस्थापन तथा नियमनसम्बन्धी ऐन २०७६ ५. सार्वजनिक नियमावली ऐन २०७६ ६. पशु स्वास्थ्य तथा पशुसेवा ७. कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७६ ८. कर तथा गैर कर राजस्व उठाउनेसम्बन्धी व्यवस्था गर्ने ऐन-२०७६ ९.पूर्वाधार विकास तथा व्यवस्थापन ऐन-२०७६ १०. भवन तथा योजना मापदण्ड ऐन २०७६ रहेका छन् । त्यस्तै, ११. युवा तथा खेलकुद विकास ऐन-२०७७ र १२. स्वास्थ्य संस्था दर्ता, अनुमति र नविकरण तथा नियमनसम्बन्धी ऐन-२०७७ लगायत छन् ।

यसैगरी, कार्यान्वयनमा आएका कार्यविधिहरूमा १. अपांगता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी कार्यविधि २०७६ २. भवन निर्माण संहिता कार्यान्वयन तथा नक्सा पास कार्यविधि २०७६ ३. योजना तर्जुमा तथा सञ्चालन कार्यविधि २०७६ ४. खेलकुद निर्देशिका २०७६ ५. निर्णय प्रमाणीकरण कार्यविधि २०७६ ६. कृषि प्रवर्धन अनुदान कार्यविधि-२०७७, ७. कर्मचारी कल्याणकोष कार्यविधि २०७६ र भवन निर्माण मापदण्ड-२०७६ को प्रथम संशोधन-२०७७ लगायत रहेका छन् ।

गोकर्णेश्वर नगरपालिकाको सम्पन्न नगरसभाले आर्थिक वर्ष २०७६/७७ का लागि एक अर्ब ४४ करोड रूपैयाँ बजेट पारित गरेको थियो भने २०७७-०७८ का लागि एक अर्ब ८७ करोड ५० लाख ६ हजार रूपैयाँ पारित गरेको छ । २०७६-०७७ को नगरसभाको बैठकले पूर्वाधार विकास एवं पर्यटनलाई बजेटमा प्राथमिकता दिएको थियो । जसमध्ये विकास निर्माणको शीर्षकमा ९७ करोड ६० लाख ८० हजार रूपैयाँ रहेको थियो भने साधारण खर्चतर्फ ४७ करोड ११ लाख ४८ हजार रूपैयाँ रहेको छ । आफ्नो आम्दानीले साधारण खर्चसमेत धान्न नसक्ने पालिकाहरूको संख्या मुलुकमा उल्लेख्य छ । गोकर्णेश्वर नगरपालिका पनि त्यसको अपवाद छैन । नगरपालिकाले पारित गरेको आर्थिक वर्ष २०७६-७७ सालको बजेटमा करिव ४० करोड रूपैयाँ

आम्दानी हुने अनुमान गरिएको थियो । २०७७-७८ को आर्थिक वर्षमा गोकर्णेश्वर नगरपालिकाको गौरवका योजनाहरूका लागि १८ करोड ५० लाख र प्रशासनिक खर्चमा १७ करोड ५८ लाख रूपैयाँ छुट्याएको छ ।

## दुई महिना बराबरको तलब कर्मचारी सञ्चयकोषमा

चौथो नगरसभाको बैठकबाट पारित ३१ बुँदे निर्णयमध्ये केही बुँदाहरू ज्यादै महत्वपूर्ण छन् । उदाहरणका लागि, नगर तथा वडास्तरबाट सञ्चालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरूमा स्वीकृत बजेटको पुँजीगत बजेटबाट ३ प्रतिशतले हुन आउने रकम कन्टिन्जेन्सी रकमबापत कट्टा गर्ने र सो रकमको खर्च कन्टिन्जेन्सी योजनाबमोजिम खर्च गर्ने अधिकार नगरपालिकालाई दिने निर्णय गरिएको छ । यो निर्णयले विकास निर्माणको गति बढ्ने अनुमान गरिएको छ । नगरपालिकाका कर्मचारीहरूको सेवा तथा सुरक्षालाई ध्यान दिँदै घटीमा दुई महिना बराबरको तलब वार्षिक रूपमा कर्मचारी सञ्चयकोषमा जम्मा गर्ने निर्णय गरिएको छ । भूकम्पद्वारा भत्केका निजी घर निर्माणमा आर्थिक वर्ष २०७५-७६ सम्म नक्सा पास निःशुल्क गरिएकोमा आर्थिक वर्ष २०७६-७७ देखि नक्सा पास दस्तुरमा एक हजार वर्गफुटसम्म निःशुल्क र त्यसभन्दा बढीको भएमा ऐनबमोजिम लिने निर्णय गरिएको छ । प्रदेश ३ सभाले तोकेको नगर कार्यपालिका सदस्यहरूको तलबभत्ता वडा सदस्यहरूको जिम्मेवारी तथा कार्यबोझको तुलनामा असमान भएकाले नगरसभाका सदस्यहरूको पनि तलबभत्ता वृद्धिका लागि प्रदेश सभालाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

यसैगरी, नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर पुरूष गिरिजाप्रसाद कोइरालाको स्मृतिमा पूर्णकदको सालिकसहितको पार्क, जिपी स्मृति सामुदायिक अस्पताल, जिपी स्मृति व्यावसायिक सीप तालिम केन्द्र निर्माणका लागि नगरपालिकाको वडा नम्बर २ मा रहेको सार्वजनिक जग्गा हस्तान्तरणका लागि नेपाल सरकारको सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरिएको छ ।

नगर प्रमुख सन्तोष चालिसेले चौथो नगरसभा बैठकमा पेस गरेको आर्थिक वर्ष २०७६-७७ को नीति तथा कार्यक्रम विभिन्न १३ शीर्षकमा १५० बुँदा समेटिएको थियो । १. सुशासन नीति २. बस्ती तथा शहरी विकास नीति ३. स्थानीय पूर्वाधार तथा विकास नीति ४. कृषि पशुपालन तथा घरेलु उद्योग नीति ५. विपद्, वातावरण संरक्षण र सरसफाइ नीति ६. अन्तर्राष्ट्रिय सम्बन्ध नीति ७. आर्थिक तथा वित्त नीति ७. सहकारी नीति ८. सूचना तथा सञ्चार नीति ९. शिक्षा, युवा तथा खेलकुद नीति १०. स्वास्थ्य नीति ११. स्थानीय न्याय व्यवस्थापन नीति १२. सामाजिक विकास नीति १३. भाषा संस्कृति तथा पर्यटन नीति र रोजगार नीति रहेका छन् । राजधानी काठमाडौँ जिल्लाका ११ वटा पालिकामध्ये क्षेत्रफलको आधारमा दोस्रो र जनसंख्याका आधारमा तेस्रो ठूलो पालिका गोकर्णेश्वर सम्भावना नै सम्भावनाको खानी हो भन्दा अत्युक्ति हुँदैन । काठमाडौँ जिल्लाको उत्तरपूर्वमा रहेको गोकर्णेश्वर नगरपालिकाको क्षेत्रफल ५८ वर्गकिलोमिटर र जनसंख्या एक लाख सात हजार छ ।

# कोरोना नियन्त्रणमा स्थानीय तहको खर्च

पहिला मान्छेको स्वास्थ्य, त्यसपछि विकास निर्माणको काम आउँछ । कोरोनाले गोकर्णेश्वर नगरपालिकालाई यी कुरा सिकाइसकेको छ । विदेशतिर लाखौं, हजारौं व्यक्तिहरूको मृत्यु भएर मान्छेहरूले पैसा सडकमा फालेको पनि देखिएको छ । त्यसकारण मान्छेको स्वास्थ्य नै ठीक छैन भने किन चाहियो विकास निर्माण ? मान्छे रह्यो भने न विकास चाहिन्छ, मान्छे नै छैन भने किन चाहियो विकास ? नगपालिकाले यही कुरालाई अभियानको रूप दियो । त्यसै अनुसार हामीले शुरूमै कोभिड एम्बुलेन्सको व्यवस्था गर्‍यौं । नगरपालिकाले नेपाल मेडिकल कलेज अत्तरखेल, खाङजी अस्पताल जोरपाटी, शंकरापुर अस्पताल जोरपाटी र नेपाल अर्थोपेडिक अस्पताल नारायणटारमा उपचारको व्यवस्था मिलाएको थियो ।

अहिले ७५३ स्थानीय तहमा गाउँपालिका, नगरपालिका छन् । अहिले स्थानीय तहले यति धेरै काम गरेका छन्, अझ यो कोरोना रोकथाम र नियन्त्रणका लागि सबै स्थानीय तहलाई जिम्मा लगाइएको भए अझै राम्रो गर्न सकिन्थ्यो भन्ने नगरपालिकाले महसुस गरेको छ । स्थानीय सरकारले आफ्नै साधन, स्रोत र जनताबाट उठेको करकै माध्यमबाट काम गरिरहेका छन् ।

## विकास निर्माणका नयाँ योजनाहरू

गोकर्णेश्वर नगरपालिकाले असारमा बजेट विनियोजन गरिसकेपछि कोरोना नियन्त्रणका लागि हामीले पाँच करोड रूपैया बजेट छुट्याएका थियौं । स्वास्थ्य लगायत सबै क्षेत्रमा गरेर एक अर्ब ९७ करोड बजेट विनियोजन गरेका छौं । त्यसकारण विकास निर्माणका नियमित काम र लक्षित वर्ग जसमा आदिवासी, जनजाति, दलित उत्पीडित, महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिदेखि सबै परे । यी लगायत सम्पूर्ण कार्यक्रमका लागि हामीले न्यायोचित ढंगले बजेट छुट्याएका छौं । आठ महिना भइसक्यो यतिबेला टेन्डर भइसक्नुपर्थ्यो । अहिले धमाधम टेन्डर हाल्ने काम भइराखेको छ ।

## विश्व नै कोरोना प्रभावित

विश्व नै कोरोना भाइरसको संक्रमणबाट प्रभावित छ । नेपाल अति प्रभावितमध्येमै पर्छ । यतिबेला कोभिडसबै स्थानीय तहमा कोरोनाको कहर बढ्दै गएको छ । यसको रोकथाम र नियन्त्रणका लागि गोकर्णेश्वर नगरपालिकाले विभिन्न किसिमका काम गरिरहेको छ । कोरोना रोकथाम गर्न क्वारेन्टाइन, आइसोलेसनको व्यवस्था गरिएको छ । जनतामा सरसफाइसम्बन्धी जनचेतनामूलक काम पनि गरेको छ । त्यसैगरी, मेडिकल ट्रिटमेन्ट, कन्ट्याक्ट ट्रेसिङ पनि भइराखेको छ । यसबाट बच्न जनचेतनामूलक काम गर्नु नै ठूलो कुरा हो ।

## जनचेतनाको आवश्यकता

यसबाट बच्न जनतामा सतर्कता कार्यक्रमको ठूलो आवश्यकता छ । अझै केही मानिसले बुझेका छैनन्, जनचेतनामार्फत बुझाउन आवश्यक छ । नेपालको परिप्रेक्ष्यमा कोरोना केही होइन, तर सचेत हुनुपर्छ भन्ने खालको चेतनाको आवश्यकता छ । सरसफाइमा ध्यान दिनुपर्छ, मुखावरण (मास्क), स्यानिटाइजर अनिवार्य लगाउनुपर्छ भनेर अभियान चलाइएको छ । जस्तो, घरमा लामो समयसम्म बसेका व्यक्तिहरू जो डिप्रेसन (अवसाद) तिर गइराखेको अवस्थामा छन् । त्यस्ता व्यक्तिहरूको राहत होस् भनेर मात्रै नगरपालिकाले कार्यक्रम राखेको थियो । त्यो कार्यक्रम गरिरहँदा केही दिदीबहिनीहरू एकदमै हामीलाई लागि पो हाल्छ कि भनेर डराइरहेको पाइयो भने केहीले चाहिँ यो केही होइन, यसलाई जितेर काम गर्नुपर्छ भन्ने उच्च मनोबल भएको पनि पाइयो ।

रोग त छँदैछ । छैन भन्न मिल्दैन । यसले विश्वलाई नै प्रताडित बनाइरहेको छ । तर सर्वसाधारण यो

लागेपछि मरिहालिन्छ, लागिहाल्यो भने समाजबाट पनि अपहेलित भइन्छ भनेर बढी आतंक फैलाइएको छ । त्यसलाई सामान्यीकरण गर्न जनचेतनाको जरूरी छ । अरू देशमा भन्दा फरक खालको भाइरस छ भन्छन् प्राविधिकहरू । यसका कारण संक्रमित देखिए पनि मर्नेको संख्या कम भएको हो । किनभने अरू देशमा जस्तो खासै लक्षण पनि देखिएको छैन । संक्रमित भए पनि निको पनि छिटो भइराखेका छन् । निको हुनेको संख्या ठूलो हुनुनै राम्रो हो ।

धेरैमा लक्षण नदेखिइकन पोजेटिभ देखिएको छ । त्यसकारण ठूलो संख्यामा निको भइराखेका छन् । अहिलेसम्म मृत्यु हुनेमा धेरैजसो पाका उमेरका, दीर्घरोगीहरू, मृगौला, मुटु, सुगर, उच्च रक्तचापका रोगीहरू र विशेष गरेर फोक्सोसम्बन्धी रोगीहरूको संख्या धेरै देखिएको छ ।

यसर्थ, अनुशासन र सरसफाइमा ध्यान दिनुपर्छ । मास्क, स्यानिटाइजर अनिवार्य प्रयोग गर्नुपर्‍यो । भौतिक दूरी कायम राख्नुपर्‍यो । केही होइन भनेर हेलचेक्र्याइँ गर्नुभएन । सबैले सचेत हुनुपर्‍यो ।

हामीले स्थानीय तहबाट हेर्दा जनजीवन एकदमै अप्ठ्यारो अबस्थामा छ । काम गरेर खाने मजदुरहरू बेरोजगार भएका थिए । अब त खोप अभियान पनि चलिरहेको छ, अब यो महामारी नियन्त्रणमा आउने पालिकाले विश्वास लिएको छ । व्यापार, व्यवसायदेखि सबै क्षेत्र ठप्प थियो, अब विस्तारै व्युँतन खोज्दैछ । त्यसकारण सचेत हुँदै यो रोगलाई सामान्य रूपमा लिएर व्यवसाय सञ्चालनलाई निरन्तरता दिनुपर्छ भन्ने नगरपालिकाको धारणा छ ।

## संक्षिप्तमा गोकर्णेश्वर नगरपालिका

नगरपालिकाको केन्द्र : **जोरपाटी**
क्षेत्रफल : **५८.५० वर्गकिलोमिटर**
जनसंख्या : **एक लाख सात हजार**
वडा : **९ वटा**

### गोकर्णेश्वर नगरपालिकाको कार्यपालिकाका सदस्यहरू

**नगर प्रमुख : सन्तोष चालिसे**
उप-प्रमुख : शान्ति नेपाल
वडाध्यक्ष १ नम्बर : राम मानन्धर
सदस्य - राजेन्द्रकुमार रोक्का
सदस्य - आइतमान तामाङ
सदस्य - विष्णुमाया गुरुङ
सदस्य - दीपा दर्नाल

वडा नम्बर २
**अध्यक्ष - कृष्णबहादुर पण्डित क्षेत्री**
सदस्य - कृष्णहरि श्रेष्ठ
सदस्य - माया तामाङ
सदस्य - सरस्वती सुनार

वडा नम्बर ३
**अध्यक्ष - राजेन्द्रकुमार भण्डारी**
सदस्य - शम्भुबहादुर विष्ट
सदस्य - लक्ष्मणकुमार लामा गोले
सदस्य - सुश्री लक्ष्मी भण्डारी
सदस्य - निर्मला कामी

वडा नम्बर ४
**अध्यक्ष - श्रीकुमार श्रेष्ठ**
सदस्य - बालकृष्ण श्रेष्ठ
सदस्य - जयराम महत
सदस्य - उमा थापा
सदस्य - विष्णु सुनार

वडा नम्बर ५
**अध्यक्ष - नारायणबहादुर सुवेदी**
सदस्य - मुकुन्द फुयाँल
सदस्य - लीलामणि खतिवडा
सदस्य - दुर्गा फुयाँल
सदस्य - कृष्णकुमारी बिक

वडा नम्बर ६
**अध्यक्ष - रमेश अर्याल**
सदस्य - नवराज लामा
सदस्य - जगन्नाथ ढकाल
सदस्य - तुलसा तिमल्सिना
सदस्य - रमिला बिक

वडा नम्बर ७
**अध्यक्ष - केशव गुरूङ**
सदस्य - अरूण नेपाल
सदस्य - राजु राना मगर
सदस्य - बिन्दा सापकोटा
सदस्य - कमला दर्जी

वडा नम्बर ८
**अध्यक्ष - मनोजकुमार ढुंगाना**
सदस्य- नन्दलाल श्रेष्ठ
सदस्य- डम्बर श्रेष्ठ
सदस्य- सोविता मिजार

वडा नम्बर ९
**अध्यक्ष - राजीव थापा**
सदस्य- हरिकृष्ण काररञ्जित
सदस्य- पुरूषोत्तम थापा
सदस्य- सत्यभामा श्रेष्ठ
सदस्य- गमलाकुमारी परियार

**नगर कार्यसमिति सदस्यहरू**
दीपा दर्नाल
विष्णुमाया गुरूङ
निर्मला कामी
उमा थापा
सत्यभामा श्रेष्ठ
दिलीप सुनार
रञ्जित बस्याल
राजकुमार सुनार
प्रमुख प्रशासकीय अधिकृत
रामप्रसाद आचार्य (सदस्य सचिव)

# स्थानीय पाठ्यक्रम 'मेरो गोकर्णेश्वर'

गोकर्णेश्वर नगरपालिकाले २०७६ सालको शैक्षिक सत्रदेखि स्थानीय पाठ्यक्रम 'मेरो गोकर्णेश्वर' लागू गरेको छ । गोकर्णेश्वर नगरपालिकाले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को स्थानीय पाठ्यक्रम २०७६ सालको नयाँ शैक्षिक सत्रदेखि कार्यान्वयनमा ल्याएको हो । कृष्णप्रसाद नेपालको संयोजकत्वमा पाठ्यक्रम गोकर्णेश्वर नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य रूपमा लागू गरिएको छ ।

गोकर्णेश्वर नगरपालिकाले प्रकाशित गरेको पाठ्यपुस्तकमा कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि बनाइएको पाठ्यक्रममा स्थानीय सम्पदा, धर्म, सञ्चालन हुने भएकाले स्थानीय पाठ्यक्रम पनि स्तरीय, समसामयिक र परिवेश अनुकूल निर्माण गरिनुपर्छ । वर्तमान लोकतान्त्रिक परिवेशमा यसै मान्यताअनुसार कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा पाठ्यक्रममा रहेको स्थानीय अंशलाई व्यवहारोपयोगी बनाउन यो पाठ्यक्रम विकास गरिएको हो ।




***गोकर्णेश्वर नगरपालिकाले प्रकाशित गरेको कक्षा-१ देखि कक्षा-८ सम्मको स्थानिय पाठ्यक्रम,*** *स्थानिय तहमा पाठ्यक्रम प्रकाशित गर्ने गोकर्णेश्वर नगरपालिका मुलुककै पहिलो स्थानिय तह हो*

निर्माण गरिएको पाठ्यक्रममा नगरको भौगोलिक, सांस्कृतिक, भाषिक, जातीय विविधताका साथै विभिन्न धार्मिक, ऐतिहासिक, पुरातात्विक विषयवस्तु समेटिएको छ । यो संस्कृति, भाषा, सभ्यता, कला, चाडपर्व र स्थानीय पहिचानका विषयहरू राखिएको छ । कुनै पनि पाठ्यक्रम शिक्षण प्रक्रियाको मूलआधार हो र यसकै आधारमा शैक्षिक क्रियाकलाप यो पाठ्यक्रम लागू गर्दा सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणलाई समायोजन गरी यसलाई अझ बढी व्यापक र प्रभावकारी बनाउँदै लगिने नगरपालिकाको योजना छ ।

**गोकर्णेश्वर नगरपालिकाले पाठ्यक्रम प्रकाशनका लागि नगर प्रमुख सन्तोष चालिसेको संयोजकत्वमा सल्लाहकार समिति, लेखन तथा सम्पादन समिति, विषय तथा भाषा सम्पादन समिति प्रकाशन तथा व्यवस्थापन समिति गठन गरेको थियो । समितिमा संलग्न पदाधिकारीहरू निम्न अनुसार छन् ।**

### सल्लाहकार समिति

**सन्तोष चालिसे**
संयोजक एवं मेयर, गोकर्णेश्वर न.पा.

**कृष्ण राई**
सदस्य, माननीय प्रतिनिधिसभा सदस्य क्षेत्र नं ३, काठमाडौँ

**शान्ति नेपाल**
सदस्य, नगरपालिका उपमेयर

**अग्निप्रसाद अधिकारी**
सदस्य तत्कालिन प्रमुख प्रशासकीय अधिकृत

**विजयप्रसाद आचार्य** - सदस्य
**दिपक रिसाल** - सदस्य
**टेकेन्द्रप्रसाद ढकाल** - सदस्य

### लेखन तथा सम्पादन

**कृष्णप्रसाद नेपाल** - संयोजक
**रामनारायण साह** - सदस्य-सचिव

### विषय तथा भाषा सम्पादन

**कृष्णप्रसाद नेपाल**
**विष्णुप्रसाद अधिकारी**

### प्रकाशन तथा व्यवस्थापन समिती

**दिपककुमार भण्डारी** - संयोजक
**गीता सिंखडा** - सदस्य
**चन्द्रप्रसाद पौडेल** - सदस्य
**रामनारायण साह** - सदस्य-सचिव

### पाठ्यपुस्तकका लेखकहरू

**श्री कृष्णप्रसाल नेपाल** - संयोजक
**श्री विजय चालिसे**
**श्री गोविन्दप्रसाद घिमिरे** (वेदमणी)
**श्री भवानीप्रसाद पौडेल**
**श्री रामनारायण शाह**
**श्री यमनाथ चौलागाईं**
**श्री दिवाकरप्रसाद भण्डारी**
**श्री विन्दुराज खनाल**
**श्री खगेन्द्र खरेल**
**श्री रामप्रसाद बडाल**
**श्री बालमुकुन्द कार्की**
**श्री निमर्ल अर्याल**
**श्री सुभाषचन्द्र खरेल**
**श्री पुष्पराज भण्डारी**

पाठ्यक्रममा बालबालिकाले जान्नुपर्ने र सिक्नुपर्ने विषयहरूका सन्दर्भमा विभिन्न व्यक्तिका सुझाव, नगरस्तरीय गोष्ठी तथा शिक्षा समिति तथा पाठ्यक्रम विशेषज्ञ आदिबाट प्राप्त पृष्ठपोषणसमेतका आधारमा विषयगत क्रमबद्धतासमेतलाई विशेष ध्यान पुऱ्याइएको छ ।

पाठ्यक्रम निर्माण गर्न गठित शिक्षक, विशेषज्ञहरूको कार्यदल, शिक्षकको कार्यशाला तथा शिक्षा समितिका अतिरिक्त नगर कार्यपालिकाका सदस्यहरूको सुझावसमेतलाई समावेश गरिएको छ । पाठ्यक्रममा नगरपालिकाको सबै पक्षलाई चिनाउने विषयवस्तु छन् । विद्यालयका लागि छापिएका २४ हजार थान पुस्तकमा स्वास्थ्य, योग, वातावरण, उत्प्रेरणामूलक पाठ पनि समावेश छन् । वैदिक सनातन धर्म, बुद्ध जयन्ती, रक्षाबन्धन जस्ता धार्मिक, सांस्कृतिक विषय पनि पाठ्यक्रममा समेटिएका छन् । साथै, गोकर्णेश्वर नगरपालिका व्यवस्थापनको संरचनाबारे पनि पुस्तकमा सामग्री समावेश गरिएको छ । शिक्षाविद्, प्राध्यापक, स्थानीय शिक्षक, संस्कृतिविद्, स्थानीय बुद्धिजीवीको सहभागितामा निर्माण गरिएको पाठ्यक्रम कक्षा १ देखि ८ सम्म एकैपल्ट लागू गरिएको हो ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५), आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम २०६९ तथा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ स्थानीय पाठ्यक्रम प्रारूप २०७१ मा रहेको प्रावधानअनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले मूलभूत रूपमा गोकर्णेश्वर नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ । स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकालाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान, सीप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक,.सामाजिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक पक्षलाई समेटेको छ र यहाँको प्राकृतिक, सांस्कृतिक तथा सम्पदाको संरक्षण र सम्बर्द्धनलाई महत्व दिएको छ ।

साधारण अर्थमा स्थानीयस्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको स्थानीय शैक्षिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुलाई समेटी तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षा-कोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीयस्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवं ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ । जसलाई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका, २०६४ ले निर्दिष्ट गरेको छ ।

विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखापरेका विकास, विश्वव्यापीकरण तथा स्थानीयकरणलाई विद्यालय तहको शिक्षामा समाहित गरी सामाजिक मूल्य मान्यता, ज्ञान-विज्ञानका विविध पक्षहरू एवं विषयगत ज्ञानयुक्त शिक्षाको आवश्यकतालाई दृष्टिगत गरी यो पाठ्यक्रम तयार पारिएको छ । पाठ्यक्रममा आधारभूत तहको ढाँचा, विषयको परिचय, शिक्षण विधि र मूल्यांकन प्रक्रिया समावेश गरिएको छ । बालबालिकामा देखापर्ने गुणात्मक परिवर्तनको मूल्य निर्धारणका लागि आधारभूत तहमा कक्षा १ देखि ८ सम्म शिक्षण सिकाइमा आधारित प्रयोगात्मक मूल्यांकन प्रणालीलाई विशेष महत्व दिइएको छ । यसैगरी, बालबालिकामा देखापर्ने परिमाणात्मक परिवर्तनहरूको लेखाजोखा गर्न उपलब्धि परीक्षाहरू पनि कक्षागत रूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । आवश्यकताअनुसार विद्यालयहरूले मूल्यांकनका विविध साधनहरू प्रयोग गर्नसक्ने छन् । हाम्रो देशमा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३), २०६५ (कक्षा ४-५) का अनुसार कक्षा १-५ मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८०% पाठ्यक्रम केन्दले र २०% पाठयक्रम स्थानीय तहबाट निर्माण गर्ने प्रावधान छ र सोहीअनुरूप धेरैजसो विद्यालयमा कार्यान्वयन हुँदै आएको छ ।

त्यसैगरी, साप्ताहिक ४ पाठ्यभारको स्थानीय विषय मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने दायित्व स्थानीय तह (विद्यालय, स्रोतकेन्द र जिल्ला) लाई दिइएको छ । यसरी हाम्रो देशको स्थानीय तहबाट निर्माण भई कार्यान्वयन हुने उल्लेखित तीन विषयको २०% अंशको पाठयक्रम साप्ताहिक चार पाठ्यभार (वार्षिक १२८ घन्टी) रहेको १०० पूर्णांकको स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भन्ने गरिएको छ । आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ का अनुसार कक्षा ६-८ मा समेत जम्मा ८०० पूर्णांकमध्ये स्थानीय विषय वा संस्कृत वा अन्य विषयको ५ पाठ्यभार र १०० पूर्णांक कायम गरी १७५ वार्षिक घन्टी दिइएको छ । यस आधारमा पनि कक्षा (६-८) को पनि स्थानीय आवश्यकताअनुसार स्थानीय पाठ्यक्रम बनाउने प्रावधान छ । नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द सानोठिमी भक्तपुरद्वारा तयार भई २०६३ सालदेखि देशभरका विद्यालयहरूमा कार्यान्वयन हुँदै आएको प्राथमिक तहको पाठ्यक्रममा व्यवस्था भएअनुरूप कक्षा १ देखि ५ सम्मको कुल ६०० पूर्णांकमध्ये १०० पूर्णांक एवं १२८ घन्टी वार्षिक पाठ्यभार रहेको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्दछ । आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ मा समेत जम्मा ८०० पूर्णांकमध्ये स्थानीय विषय वा संस्कृत वा अन्य विषयको ५ पाठ्यभार र १०० पूर्णांक एकाइ कायम गरी १७५ घन्टी वार्षिक पाठ्यभारको पाठ्यक्रम निर्माण गरी अध्यापन गर्न सकिन्छ । यसै आधारमा स्थानीय विद्यालय वा स्रोत केन्द्रद्वारा सोसम्बन्धी पाठयक्रम् निर्माण गर्नुपर्ने साथै स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ र वर्तमान स्थानीय पाठ्यक्रम प्रारूप २०७१ ले समेत यसलाई थप अनिवार्य गरेको छ ।



*गोकर्णेश्वर नगरपालिकाको प्रस्तावित बहुउद्देश्यीय भवन*


विस्तृत जानकारीका लागि :

**गोकर्णेश्वर नगरपालिका कार्यालय**
गोकर्णेश्वर, वाग्मती, नेपाल
फोन नं.: +९७७-१-४९१४११४, ४९१४११५, फ्याक्सः +९७७-१-४९१४११६
इमेल : gokarneshwormun@gmail.com | Web : **www.gokarneshwormun.gov.np/en**
टोल फ्री नं.: १६६००१३७८८८



संयोजन : **वृतान्त मिडिया प्रा. लि.** काठमाडौं - **९८५१०३७९५७**

तस्बीरः संजिव अधिकारी